


• वर्ष १४ • अंक ३ • काठमाडौं, ... ०६५ • SAPTAHIK • Nepali National Weekly • Friday, May 30, 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-



# रियल हिरो

राजु घिसिङ

मेहबुब आलम थोरै सुनिएको, धेरै चर्चामा नआएको एउटा नेपालीको नाम हो, जसले अहिले विश्व क्रिकेटमा नेपाललाई थप परिचय मात्र दिएको छैन नेपालका लागि क्रिकेटमा सम्भावनाका नयाँ ढोकाहरूसमेत खोलिदिएको छ। अहिले आलम यसकारण चर्चामा छन् कि उनले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले सन् २०११ मा गर्ने दसौं विश्वकप क्रिकेटका लागि आयोजित पाँचौं डिभिजनको छनौट खेलमा मोजाम्बिकविरुद्ध दसै विकेट आफ्नो नाममा लेखाएका छन्।

धेरै नियम र विधि भएकाले क्रिकेटमा धेरै कीर्तिमान बनेका छन्। एउटै इनिङमा सबै दस विकेट लिनुलाई क्रिकेटमा दुर्लभ कीर्तिमान मानिन्छ। यही अविश्वसनीय कीर्तिमान मेहबुब आलमले गत आइतबार जर्सीको ग्रेन्भिल मैदानमा मोजाम्बिकविरुद्ध कायम गरे।

क्रिकेटमा विकेट ढल्नु, रन बन्नु, क्याच गरिनु सामान्य कुरा हुन् तर आईसीसीले आफ्नो रेकर्ड बुकमा समावेश गर्ने स्तरको खेलमा अहिले मेहबुब आलमले जुन उपलब्धि प्राप्त गरेका छन् त्यस्तो उपलब्धि यसअघि दुई जनाले मात्र प्राप्त गरेका छन्।

यो कीर्तिमान हासिल गर्ने २६ वर्षीय मेहबुब सप्तरी जिल्लाका बासिन्दा हुन्। पहिलोपल्ट एउटै इनिङमा दस विकेट इङ्ल्यान्डका अफ स्पिनर जिम लेकरले लिएका थिए। लेकरले सन् १९५६ मा ओल्ड ट्राफोर्डमा सम्पन्न टेस्टमा अस्ट्रेलियाका सबै ब्याट्सम्यानलाई पवेलियन फर्काएका थिए। यसैगरी नौ वर्षअघि पाकिस्तानविरुद्ध खेल्दै नयाँदिल्लीको फिरोज शाह कोटला रंगशालामा भारतीय लेग स्पिनर अनिल कुम्बलेले पनि १० विकेट लिने जिम लेकरको दुर्लभ कीर्तिमानलाई पछ्याएका थिए।

यस्तो उपलब्धि प्राप्त गर्ने मेहबुब पहिलो तीव्र गतिका बलर हुन् भने लेकर र कुम्बले दुवै स्पिनर थिए। यसैगरी लेकर र कुम्बले दुवैले त्यस्तो उपलब्धि ५ दिने टेस्ट क्रिकेटमा प्राप्त गरेका थिए भने मेहबुबले यस्तो उपलब्धि ५० ओभरको एकदिवसीय क्रिकेटमा प्राप्त गरेका छन्। जून यो प्रकृतिको क्रिकेटका लागि पहिलो उपलब्धि हो।

दस विकेट लिने क्रममा लेकर र कुम्बलेले भन्दा मेहबुबले थोरै बल फ्याकेर थोरै रन खर्च गरेका छन्। १० विकेट लिने क्रममा लेकरले ५३ र कुम्बलेले ७४ रन दिएका थिए भने मेहबुबले ७ दशमलव ५ ओभरमा १ मेडन राख्दै मात्र १२ रनमात्र दिएका थिए। मोजाम्बिकका ५ ब्याट्सम्यानलाई बोल्ड गरेका मेहबुबले ४ जनालाई एलबीडब्लुको धरापमा पारेका थिए। त्यसैगरी १ ब्याट्सम्यान विकेटकिपर महेश क्षेत्रीमार्फत क्याच आउट गरेका थिए। मेहबुबको यो कीर्तिमानलाई अहिले क्रिकेट विश्लेषकहरू 'दुर्लभ कीर्तिमान' को संज्ञा दिन रुचाउँछन्। यो कीर्तिमानलाई चाहेर पनि कसैले तोड्न सक्नेछैन। दस जना आउट हुँदा खेल सकिने भएकाले यस्तो कीर्तिमानको बराबरी मात्र गर्न सक्नेछन्।

यो उपलब्धिको लेखाजोखा नेपाल क्रिकेट संघ (क्यान) तथा नेपालका खेलविज्ञहरूले आ-आफ्नै किसिमले गरिरहँदा अहिले मेहबुबको राजविराज नगरपालिका वडा नम्बर ३, गोर्खाली टोलस्थित घरमा उनको परिवारलाई बधाई दिनेहरूको ओइरो लागेको छ। आफ्ना छोराको यस्तो उपलब्धिका

बाँकी पृष्ठ २३ मा



## क्यासेट

### झल्को निकै छ



गायक हीरा गौतमको प्रस्तुतिमा लोकदोहोरी गीतिसंग्रह 'झल्को निकै छ' श्रोतामाझ आएको छ। महाबौद्ध रेकर्ड्सले बजारमा ल्याएको यो संग्रहको भाग-१ मा झल्को निकै छ र भाग-२ मा काँडा भयौ फूलको साटोमा गीत समावेश छन्। संग्रहमा राजु परियार, हीरा गौतम, विष्णु माझी, जुना श्रीस तथा राजन कार्कीको स्वर सुन्न पाइन्छ। संग्रहमा शब्द संकलन तथा लय संकलन हीरा गौतम र राजन कार्कीको छ।

### अनुमान



गायक अविश गुरुङको पहिलो गीतिसंग्रह 'अनुमान' श्रोतामाझ आएको छ। इन्द्रेणी अडियो क्यासेटको प्रस्तुतिमा बजारमा आएको यो संग्रहमा नेपाली लोक, पप तथा आधुनिक गीत समावेश छन्। संग्रहमा शब्द रचना अविश गुरुङ, स्वर्गीय रिमा गुरुङ, शम्भु राई, हर्षु राईको छ, त्यस्तै संगीत अविश गुरुङ र शम्भु राईको छ।

### क्रेजी हयाट

गायक सुनिल सिंह ठकुरीको पहिलो गीतिसंग्रह 'क्रेजी हयाट' बजारमा उपलब्ध छ। इन्द्रेणी अडियो क्यासेटले बजारमा ल्याएको यो संग्रहमा सातवटा गीत समावेश छन्। संग्रहमा शब्द तथा संगीत सुनीलसिंह ठकुरी, किरण घिमिरे, नीराजन उप्रेती, सुमन श्रेष्ठ तथा राजन थापाको छ।

## रंगमञ्च

-शिल्पी नाट्यसमूहले गत आइतबार होटल ऱ्याडिसनमा 'रक्षा' शीर्षकको नाटक मञ्चन गऱ्यो। 'स्कुल बुलिङ' को कथाबेसमा तयार भएको यो नाटकमा विद्यालय जीवनमा विद्यार्थीबाट विद्यार्थी नै पीडित बन्नुपरेको यथार्थलाई नाटकीय स्वरूप दिइएको थियो। नाट्यकर्मी गंगाप्रसाद तिवारीले निर्देशन गरेको यो नाटकमा युगेश र अनुजा नामका साना बालबालिकालाई ठूला विद्यार्थीहरू गंगा, प्रल्हाद र ओजश्वीले सधैं दुःख दिइरहेका हुन्छन्। युगेश र अनुजामाथि शारिरिक आक्रमण गर्ने, खाजा खान ल्याएको पैसा खोसिदिने, टिफिन खोस्नेजस्ता कार्य गर्ने उनीहरू शिक्षकको अगाडि माया गरेजस्तो स्वाङ पनि पार्छन्। स्कुले विद्यार्थीहरूले भोगिरहेको समस्यामा आधारित यो नाटक मञ्चनको तारतम्य रक्षा नेपालले मिलाएको थियो। नाटकमा शिल्पीका महेश श्रेष्ठ, राजन खतिवडा, घिमिरे युवराज, प्रल्हाद खरेल, रोशन बस्नेत र पाठशाला स्कुलका ओजश्वी भट्टराई, सुवहानी उप्रेती, अनुजा न्यौपाने, युगेश दुलाल तथा सफल श्रेष्ठले अभिनय गरेका थिए।

-पुरानो बानेश्वरस्थित आरोहण-गुरुकुलमा आज र भोलि वन्यजन्तु संरक्षणको विषयलाई लिएर तयार गरिएको नाटक मञ्चन हुने भएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोषको आयोजनामा हुने यो नाटकलाई दक्षिणी अफ्रिकी निर्देशक निकोलसले निर्देशन गरेका हुन्। वन्यजन्तु सिकार नियन्त्रण गर्नुपर्ने सन्देश दिने यो नाटक गत साता मंगलबार, बुधबार र बिहीबार बर्दियामा तथा गत आइतबार र सोमबार चितवनमा मञ्चन भएको थियो। उक्त नाटकलाई आगामी अक्टुबरमा स्पेनको बार्सिलोनमा पनि मञ्चन गरिनेछ। नाटकमा सुनील पोखरेल, सलिल सुवेदी, निशा शर्मा, अनिल पोखरेल, रंजिता शर्मा आदिले अभिनय गरेका छन्।

## ग्यालरी

-कलाकार एरिना ताम्रकारको आठौं एकल चित्रकला प्रदर्शनी आज सम्पन्न हुँदैछ। एक वर्षभित्र नेपालका विभिन्न स्थानको यात्राका क्रममा देखेका तथा भोगेका अनुभूतिलाई क्यानभासमा उतारेर कलाकार ताम्रकारले यो प्रदर्शनीको आयोजना गरेकी हुन्। सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालन भैरहेको प्रदर्शनीमा शान्तिका प्रतिक बुद्ध, मुस्ताङको प्रस्तरकला तथा वस्त्रहीन महिलालाई प्रतीक बनाएर कोरिएका चित्र पनि राखिएका छन्।

-कलाकारद्वय सम्झना राजभण्डारी र विधाता केसीको संयुक्त चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ। नक्साल वारियो फिस्टास्थित क्यू आर्ट एन्ड डिजाइन स्टुडियोमा सञ्चालन भैरहेको उक्त प्रदर्शनी जेठ ३१ गतेसम्म चल्नेछ। प्रदर्शनीको शीर्षक 'रूख र पातहरू' राखिएको छ।

## पुस्तक

### उसको मुटुभित्र देशको नक्सा नै थिएन

कवि चन्द्र गुरुङका ३३ वटा कविताको संग्रह 'उसको मुटुभित्र देशको नक्सा नै थिएन' लाई आदिवासी गीतकार समाज नेपालका लागि लक्ष्मी राईले प्रकाशन गरेका हुन। गद्यकवितामा आधारित रुचि राख्ने पाठकहरूका लागि यो कृति पठनीय छ। पुस्तकको मूल्य नेपालमा १ सय रुपैयाँ, विशेष मूल्य २ सय रुपैयाँ तथा विदेशमा ५ अमेरिकी डलर छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

काम गर्दा अवरोधको सामना गर्नुपर्नेछ। दुविधा एवं खर्च बढ्ने देखिन्छ। घरेलु समस्याले सताउनेछ भने कुरा काट्नेहरू सक्रिय रहनेछन्। धनमाल हराउन सक्छ। आइतबार, सोमबार तथा बिहीबार मानसम्मान मिल्ने, काममा सफलता पाइने एवं प्रसन्नता बढ्ने योग छ। यात्रा अनि धन आर्जन हुनसक्छ।

### वृष

धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान पनि पाउनुहोला। भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। व्यवसायमा सफलता पाइनेछ। यात्रा पनि हुनसक्छ। सभा-सम्मेलनमा तपाईंको प्रशंसा हुनेछ। अध्ययनमा सफलता हात लाग्नेछ। भेटघाटमा रमाउने अवसर प्राप्त होला। आइतबार, सोमबार तथा बिहीबार विवाद एवं चिन्ता बढ्न सक्छ।

### मिथुन

केही सुधारका लक्षण देखिए पनि समस्या निमिट्यान्न भएका छैनन्। केही काममा सफलता हात लाग्नेछ।साताभरि नै गोपनीयता अपनाउनुहोला। विवाददेखि टाढै रहनुपर्ने बेला छ। व्यवसायमा केही सुधार आउनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्य गडबड रहन सक्छ। खानपानमा विचार पुऱ्याउनुहोला।

### कर्कट

धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान पाइनेछ भने सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय एवं अध्ययनमा सफलता मिल्नेछ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग पनि छ। बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### सिंह

स्वास्थ्य गडबड रहनेछ। मन पनि विचलित हुन सक्छ। कामको बीचमा अवरोध आउन सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। नैराश्यता एवं उदासीनताले सताउनेछ। झूटा आरोप लाग्न सक्छ। मंगलबारदेखि मानसम्मान मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता पाइनेछ। बोलीको प्रभाव बढ्नेछ भने काममा सफलता हात लाग्नेछ।

### कन्या

रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ। धन आर्जन पनि हुनसक्छ। पराक्रम बढ्नेछ भने धेरै अधुरा काम पूरा हुनेछन्। आइतबारदेखि स्वास्थ्य गडबड रहनेछ। काम एवं अध्ययनमा अवरोध आउनेछ। गलत विचारले सताउन सक्छ। बिहीबार प्रसन्नता बढ्नेछ।

### तुला

धन आर्जन हुने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पनि प्राप्त होला। मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### वृश्चिक

गलत विचार एवं चिन्ता बढ्नेछन्। काममा अवरोध आउनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। स्वास्थ्य कमजोर रहला। आइतबारदेखि बुधबारसम्म परिश्रम गर्दा काममा सफलता मिल्ने, धन आर्जन एवं यात्रा हुने तथा व्यवसाय बढ्ने योग छ। अरूको विश्वास जित्न सकिनेछ।

### धनु

घरेलु समस्याले सताउनेछ। काममा अवरोध आउन सक्छ। चिन्ता एवं गलत विचार बढ्नेछ भने स्वास्थ्य गडबड हुनसक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। अध्ययनमा अवरोध आउनेछ। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ। मंगलबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन हुने योग छ।

### मकर

पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। आइतबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ। स्वास्थ्य गडबड हुनसक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्।

### कुम्भ

विवादबाट टाढै रहनुहोला। काम गर्दा सजग रहनुपर्नेछ। घरेलु समस्याले सताउनेछ भने दुविधा बढ्नेछ। अध्ययनमा अवरोध आउनेछ। धनमाल हराउन सक्छ। स्वास्थ्य गडबड हुनसक्छ। शनिबार, आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। धन आर्जन गर्न सकिनेछ।

### मीन

धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान पनि पाउनुहोला। व्यवसायबाट हुने फाइदा यथावत् रहनेछ। अध्ययनमा सफलता मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबार, सोमबार तथा बिहीबार विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

## यो साताको पञ्चाङ्ग

जेठ १८ गते : विश्व धूम्रपानरहित दिवस, अपरा एकादशी, १९ गते : अन्तर्राष्ट्रिय बालदिवस, २१ गते : औंसी, बटसावित्री व्रत, २२ गते : गंगा दशहरा स्नान प्रारम्भ, संयुक्त राष्ट्रसंघीय निर्दोष तर पीडित बालबालिका दिवस, २३ गते : विश्व वातावरण दिवस,

## साता संक्षेप

### जेठ १० गते शुक्रबार

• एकै दिनमा सगरमाथामा ७७ व्यक्ति पुगे, पहिलोपल्ट ब्राह्मण परिवारकी पूजन आचार्य सगरमाथामा ।

• आप्पा शेर्पाले १८ पटक सगरमाथा चढेर विश्व कीर्तिमान कायम गरे ।

• इराकमा मारिएका नेपाली परिवारलाई मासिक १५ हजार दिने अमेरिकी श्रम मन्त्रालयको निर्णय ।

• माओवादीद्वारा मारिएका व्यवसायी रामहरि श्रेष्ठको हत्याको सम्बन्धमा छानबिन गर्न पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा तीन सदस्यीय आयोगको गठन ।

• व्यवसायी रामहरि श्रेष्ठको शव खोज्न प्रहरीसहितको गोताखोर टोली त्रिशूली नदीमा सक्रिय ।

• संविधानसभाको पहिलो बैठकपछि संवैधानिक राष्ट्रपतिको व्यवस्था गर्न माओवादीबोहकका मुख्य चार दल सहमत ।

### जेठ ११ गते शनिबार

• संविधानसभाको पहिलो बैठक नजिकिने क्रममा कूटनीतिक नियोगबीच भेटघाट तीव्र, अमेरिका तथा भारतका राजदूतबीच निरन्तर छलफल।

• अमेरिकी पत्रकार इयान बेकरद्वारा काठमाडौंमा अर्बौं रुपैयाँको पुरातात्त्विक सामग्री लुकाएर राखेको खुलासा ।

• पेट्रोलियम पदार्थको अभाव भएपछि आयल निगमलाई १ अर्ब निकासा गर्ने सरकारको निर्णय ।

### जेठ १२ गते आइतबार

• राष्ट्रप्रमुख गिरिजाप्रसाद कोइरालाद्वारा सरकार गठन गर्न माओवादीलाई आह्वान, माओवादीद्वारा सरकार गठनको तयारी ।

• जेठ १४ गते गणतन्त्र दिवस बनाउने मनाउने प्रमुख ४ दलको निर्णय ।

• अमेरिकी उपसहायक विदेशमन्त्री इभान ए फेइगनबउम नेपाल भ्रमणमा, मुख्य चार दलका नेताहरूसँग भेट ।

• कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्यामा संलग्न भएको आशंकामा तेस्रो डिभिजन कमान्डर 'विविध' लाई माओवादीद्वारा निष्कासन ।

### जेठ १३ गते सोमबार

• माओवादी सेनाद्वारा हत्या गरी फालिएका व्यवसायी रामहरि श्रेष्ठको शव त्रिशूलीमा भेटियो, माओवादीद्वारा माग पूरा नभएको भन्दै श्रेष्ठ पत्नीसहित दर्जनौं अनसनमा ।

• हिमाल चढ्ने सबैभन्दा वृद्ध व्यक्तिको विश्व कीर्तिमान कायम राख्दै ७७ वर्षीय मीनबहादुर शेरचनद्वारा हिमाल आरोहण ।

• राजदरबार तथा निर्मल निवास तथा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र वरपर सभा जुलुस गर्न निषेध ।

• बेमौसममा खोला बढ्यो, फिदिमको नाम्दु खोलामा आएको बाढीले बगाएर एक बालिकाको मृत्यु ।

• जनआन्दोलनका दोषी भनेर आरोपित दुई प्रहरी अधिकृत कृष्ण बस्नेत तथा रूपसागर मोक्तानलाई सफाइ, नागरिक समाजको विरोध ।

• सरकारको गठनपछि स्थानीय निकाय गठन गर्ने मुख्य तीन दलबीच सहमति, आफ्नो अनुपस्थितिमा निर्णय भएको भन्दै अन्य दलहरूद्वारा विरोध ।

### जेठ १४ गते मंगलबार

• देशभर पाठ्यपुस्तक अभाव भएपछि दुई साता सार्वजनिक विद्यालय बन्द, पाठ्यपुस्तक छापिएपछि विद्यालय खोल्ने सहमति ।

• प्रमुख तीन दलबीच शक्ति बाँडफाँडमा मतभेद, गणतन्त्र कार्यान्वयनमा सहमति ।

• लोडसेडिङको समय अझै घट्यो, अब साताको नौ घन्टा मात्र बिजुली जाने, बिहानको लोडसेडिङ पूर्ण रूपमा हट्यो ।

• वाईसीएलको अर्धसैनिक संरचना खारेज गर्ने माओवादीको संकेत, वाईसीएललाई युवा संगठनका रूपमा मात्र विकास गरिने प्रचण्डको भनाइ ।

• अमेरिकी सहायक उपविदेशमन्त्री इभान ए फैगनबउमद्वारा माओवादी अध्यक्ष प्रचण्डसँग भेट, माओवादीको सरकारलाई सहयोगको आश्वासन ।

• प्रमुख तीन दलद्वारा संविधानसभामा सहभागी हुन नसकेका आठ जातिलाई मनोनयन गरिने, मनोनीत हुने २६ सभासद्लाई दलहरूबीच भागबन्डा गरेकोमा नागरिक समाजद्वारा विरोध ।

### जेठ १५ गते बुधबार

• प्रमुख तीन दलबीच राजाका स्थानमा राष्ट्रपति तथा उपराष्ट्रपति राख्ने सहमति, गणतन्त्र कार्यान्वयन गर्न निर्देशन ।

• २ सय ४० वर्ष पुरानो राजतन्त्रको खारेजी, राजालाई दरबार छाड्न एक महिनाको म्याद ।

• संविधान सभाका ५ सय ७६ जनाले सभासद्को शपथ लिए, नेपालीबाहेक २५ भाषामा शपथग्रहण ।

• नेकपा (एकता केन्द्र मसाल) का महासचिव नारायणकाजी श्रेष्ठ (प्रकाश) १८ वर्ष लामो भूमिगत जीवनपछि सार्वजनिक, माओवादीका तर्फबाट संविधानसभामा मनोनीत ।

## कान्तिपुर समाचार डायरी

### महिलाको मृत्युदर्ता कम

पुरुषको तुलनामा महिलाको मृत्युदर्ता कम हुने गरेको छ। स्थानीय विकास मन्त्रालयअन्तर्गत जनसंख्या तथा पञ्जीकरण व्यवस्थापन शाखाका अनुसार ०६१ सालमा ६४ जिल्लामा दर्ता गरिएका कुल ७१ हजार ३ सय ७८ मृत्युदर्तामध्ये महिलाको संख्या २३ हजार ८ सय १० तथा पुरुषको ४७ हजार ५ सय ६८ थियो। जुन कुल मृत्युसंख्याको ३३ दशमलव ३ प्रतिशत महिलाको हुन आउँछ। मन्त्रालयले पछिल्लो पटक तयार पारेको व्यक्तिगत घटना दर्ता विवरण विषयक प्रतिवेदनले भौगोलिक क्षेत्रमा पनि महिलाको मृत्युदर्ता हुने अवस्था फरक-फरक रहेको देखाएको छ। विवरणमा महिलाको मृत्युदर्ता हिमाली क्षेत्रमा २८ दशमलव ७ प्रतिशत, पहाडी क्षेत्रमा ३५ दशमलव २ प्रतिशत तथा तराईमा ३२ दशमलव ३ प्रतिशत रहेको उल्लेख छ। व्यक्तिगत घटना दर्ता कार्यक्रमअन्तर्गत विस्तृत विवरण तयार पार्दै आएको मन्त्रालयले ०६१ सालयताको व्यक्तिगत घटना विवरण भने सार्वजनिक गरेको छैन।

### गर्भपतन मुद्दा पर्न छाडे

गर्भपतनले पाँच वर्षअघि कानुनी अधिकार पाएपछि मातृ मृत्युदरमा कमी आउनुका साथै अदालतमा यससम्बन्धी मुद्दा पर्न छाडेका छन्। विभिन्न स्वास्थ्य संस्थाले सुरक्षित गर्भपतन गराउन थालेकाले दुई वर्षदेखि गर्भपतनका मुद्दा नपरेका ललितपुर जिल्ला अदालतले जनाएको छ। अन्तरिम संविधान जारी भएपछि संविधानसभाको निर्वाचनअघि गर्भपतन मुद्दामा कैदको सजाय भोगिरहेका महिलाको बाँकी कैद माफी दिने भनिएको थियो। मुलुकका कुनै कारागारमा त्यस्ता कैदी नभएको प्रतिवेदन प्राप्त भएको कारागार व्यवस्थापन विभागले जनाएको छ। जन्मिनासाथ शिशुको हत्या गरी फालेका कारण जिल्ला अदालतको आदेशबमोजिम ज्यानसम्बन्धी अपराधमा मुछिएका केही महिला कैदी भने बाँकी छन्। बलात्कार, हाडनाता करणी, परिवार नियोजनको साधन अभाव, त्यस्ता साधनको गलत प्रयोग वा प्रयोग गर्न वञ्चित गराएर अनिश्चित गर्भधारण गर्न पुगेका महिलाले सुरक्षित गर्भपतन गर्न पाएको हुँदा मातृ मृत्युदरमा कमी आउनुका साथै अदालतमा पनि यस्ता मुद्दाको चाप घटेको हो। गर्भपतनले कानुनी मान्यता पाएयता १ सय ७९ स्वास्थ्य संस्थाबाट १ लाख ५८हजार महिलाले यस्तो सेवा लिएको परिवार स्वास्थ्य महाशाखाले जनाएको छ।

### बर्सेनि साढे दुई करोड क्षति

नेपालमा हुने विभिन्न प्राकृतिक प्रकोपबाट प्रत्येक वर्ष करिब २ करोड ५० लाख रुपैयाँ बराबरको धनसम्पत्तिको क्षति हुने गरेको छ। नेपालमा प्रत्येक वर्ष बाढीपहिरो र भूक्षय हुने गरेको र त्यसबाट २ सय ३२ जनाले ज्यान गुमाउनुपरेको छ। नेपाल प्रकोप व्यवस्थापन केन्द्रका अनुसार प्रकोपमा परेका विश्वका १ सय ९६ देशमध्ये बाढीपहिरोको प्रकोप बेहोर्ने मुलुकहरूमध्ये नेपाल ३१ औं स्थानमा छ।

# आजदेखि इक्यान शैक्षिक मेला

**साप्ताहिक समाचार**

काठमाडौं– उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीहरूलाई शैक्षिक परामर्श दिने उद्देश्यले एजुकेसन कन्सल्टेन्सी एसोसिएसन अफ नेपाल (इक्यान) ले आजदेखि भृकुटीमण्डपमा दोस्रो इक्यान शैक्षिक मेला-२००८ आयोजित गर्दैछ। उक्त मेला आगामी आइतबारसम्म सञ्चालन हुने बताइएको छ। उच्च शिक्षा अध्ययनका लागि पाठ्यक्रमको जानकारी, अध्ययनको विषय, शैक्षिक संस्था एवं अध्ययनपश्चात् रोजगारीका सम्भावना आदि विविध विषयमा जानकारी गराउने उद्देश्यले मेला आयोजना गरिएको आयोजक इक्यानले जनाएको छ।

इक्यानका उपाध्यक्ष प्रेम पाण्डेका अनुसार राम्रो विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिएका विद्यार्थीहरूका निम्ति मेला प्रभावकारी सिद्ध हुनेछ। उच्च शिक्षाका लागि स्वदेश तथा विदेशका कलेज-विश्वविद्यालयका बारेमा जानकारी लिन विभिन्न परामर्शदाता संस्थाका कार्यालय धाइरहेका विद्यार्थीहरूले मेलामा आएर एकै थलोमा सबै संस्थाका सेवा हासिल गर्न सक्छन्। उपाध्यक्ष पाण्डे भन्छन- 'शैक्षिक परामर्श सेवा उपलब्ध गराइरहेका व्यवसायीहरूले नै आयोजना गरेको मेला भएकाले विद्यार्थीका निम्ति यो भरपर्दो मेला हो, जहाँ विद्यार्थीले सही कलेज-विश्वविद्यालय छनौट गर्न सही परामर्शदाता संस्था पनि रोज्न सक्छन्।' इक्यान मेलामा १ सय ३२ वटा स्टल रहनेछन्। विदेशी कूटनैतिक नियोगले पनि आफ्ना शैक्षिक कार्यक्रमका सम्बन्धमा जानकारी गराउन स्टल राख्नेछन्। जर्मनीको गोथे, एलाइन्स फ्रान्सेली, एम्बेसी अफ मलेसिया, ब्रिटिस काउन्सिलका स्टलले मेलामा आकर्षण थप्नेछन्।

ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्टको व्यवस्थापन रहने यो मेलामा वैदेशिक अध्ययनका लागि तयारी गरिरहेका विद्यार्थीहरूले अध्ययन गर्नुपर्ने आईईएलटीएस, टोफेल, जीआरईजस्ता कोर्सका बारेमा जानकारी पाउनेछन्। उपाध्यक्ष पाण्डेका अनुसार मेला मूल रूपमा अमेरिका, युरोप र विकसित एसियाली मुलुकका विदेशी शिक्षण संस्था तथा त्यहाँको शैक्षिक वातावरण परामर्शदाता संस्थासँग विद्यार्थीले बृहत् अन्तर्क्रिया गर्ने अवसर हो। मेलामा योग्यताअनुसारको भविष्यको लक्ष्य निर्धारण गर्ने विषयमा निःशुल्क शैक्षिक परामर्श, सेमिनार र गोष्ठी सञ्चालन हुने बताइएको छ। शैक्षिक मेलामा कूटनैतिक नियोगको उपस्थितिले उत्कृष्ट विद्यार्थीले उत्कृष्ट विश्वविद्यालय-कलेजमा उच्च शिक्षा हासिल गर्न पाउने सुविधा थपिएको पाण्डेले बताए। त्यस्तै विदेशी सरकारको शैक्षिक नीति, विदेशी विद्यार्थीहरूलाई उपलब्ध गराइने सुविधाबारेमा कूटनैतिक नियोगका अधिकारीहरूले स्पष्ट पार्नेछन्।

प्लस टु उत्तीर्णदेखि स्नातकोत्तर तह उत्तीर्ण विद्यार्थीले मेलालाई अवसरका रूपमा प्रयोग गर्न सक्नेछन्। शैक्षिक संस्थाका स्टलमा उच्च शिक्षाका शैक्षिक कार्यक्रम र त्यसअन्तर्गतको पाठ्यक्रमका सम्बन्धमा सबै जानकारी पाइने भएकाले विद्यार्थीका निम्ति मेला अवसर बन्न सक्ने देखिएको हो। त्यसबाहेक विश्वविद्यालय-कलेजको शैक्षिक शुल्क र छात्रवृत्ति कार्यक्रमका बारेमा पनि जानकारी हासिल गर्न सकिनेछ। शैक्षिक मेलामा विद्यार्थीहरूलाई आकर्षित गर्न विभिन्न आकर्षक प्याकेज पनि सार्वजनिक गरिने आयोजकहरूले बताएका छन्, जसले प्रत्यक्ष रूपमा विद्यार्थीलाई फाइदा पुऱ्याउनेछ।

# कलेज छनौटका दस आधार

**एकराज सुवेदी**

एसएलसी परीक्षा परिणामको प्रतीक्षा गरिरहेका विद्यार्थीहरूमा एक प्रकारको चिन्ता र कौतूहलता छ । परीक्षा परिणाम राम्रो हुन्छ-हुँदैन भन्ने चिन्ता एकातिर छ भने परिणाम राम्रो भए कस्तो कलेज र विषय छनौट गर्ने भन्ने समस्या अर्कातर्फ छ । विषयको टुंगो लागे पनि कुन कलेज छनौट गर्ने भन्ने समस्या पनि हुन्छ, तर पनि भविष्यको मार्गका बारेमा अहिलेदेखि नै मानसिक रूपमा तयार भएर बस्नु फाइदाजनक हुन्छ ।


राम्रा कलेजहरूमा राम्रो अंक प्राप्त गरी धेरै विद्यार्थी उत्तीर्ण गराउने क्षमता हुन्छ भन्ने खालका विज्ञापन पढ्न पाइन्छ । कतिपय कलेजको नाम र चर्चा सुन्दा मात्र पनि त्यहाँ पढ्ने रहर जाग्छ, तर पनि नेपालमा कुन कलेज किन राम्रो छ भन्ने कुराको निश्चित मापदण्ड छैन । अधिकांश कलेजले परीक्षाको परिणामलाई मात्र यसका आधार मानेका हुन्छन्, तर वास्तविकता त्यतिमै सीमित छैन । यसका पछाडि अन्य धेरै तथ्य जिम्मेवार हुन्छन् । एउटा बुझ्नुपर्ने कुरा के छ भने कलेज र त्यहाँका शिक्षकहरूले बाटो देखाइदिने मात्र हो । अरू सबै कुरा त आफ्नो मेहनतमा भर पर्छ । चर्चा र हल्लाका भरमा मात्र दौडँदा पछि कलेज तहको अध्ययनमा आशातीत प्रतिफल प्राप्त नहुन सक्छ । यो अवस्थामा आफ्नो मेहनत र लगानी पनि खेर जान सक्छ । त्यसैले अहिलेदेखि नै कलेज र आफ्नो बारेमा समेत केही महत्त्वपुर्ण कुरा मनन गरी कस्ता कलेज छनौट गर्ने भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ ।

**मुख्य विषय र भविष्य–** आफूले कुन विषय पढ्ने र त्यो विषयमा आफ्नो क्यारियर कस्तो हुन्छ भन्ने कुरा अहिलेदेखि नै थाहा पाउनु राम्रो हुन्छ । त्यसपछि उक्त विषय अध्यापन हुने कलेजहरूका बारेमा खोजी गर्नुपर्छ । कुन कलेजमा पढ्दा ठीक हुन्छ, अहिलेदेखि नै जानकारी बटुल्नु राम्रो हुन्छ । आफ्नो आर्थिक अवस्था र उक्त विषय पढ्नका लागि आफ्नो मानसिक क्षमताले सम्भव छ-छैन भन्ने कुरा पनि विचार गर्नुपर्छ ।

**आकार–** कलेजमा विद्यार्थीको संख्या जति पनि हुन सक्छ । एउटा कक्षँमा २० देखि ३० जनासम्म मात्र पनि विद्यार्थी हुन सक्छन् भने कुनैमा १ सयभन्दा बढी पनि हुन सक्छन् । थोरै विद्यार्थी भएको कक्षा राम्रो लाग्छ वा धेरै भए पनि फरक पर्दैन भन्ने लाग्छ ? यसैअनुसार आफ्नो रुचि र प्रकृतिअनुरूपको कलेज छनौट गर्न सकिन्छ ।

**प्रकार–** सबै कलेज एकै प्रकारका हुँदैनन् । नेपालमा प्लस टु प्रचलित भए पनि सबै प्लस टु एकै प्रकारका छैनन् । धेरैजसो निजी प्लस टु छन् भने केही सामुदायिक पनि छन् । निजी र सामुदायिक दुवै प्रकारका कलेजमा राम्रै पढाइ हुन्छ । त्यसैगरी छात्राहरूले मात्र पढ्ने कलेज पनि छन् । छात्राहरूले यस्ता कलेज रोज्न सक्छन् । यसमा पनि आफ्नो रुचि र प्रकृतिले भूमिका खेल्छ ।

**स्थान–** सहरतिर प्रायः कलेज सहरको बीच भागमा हुन्छन् । हल्ला, प्रदूषण एवं मानिसको घुइँचोले अध्ययनमा पनि असर पुऱ्याउँछ । धेरै विद्यार्थी र अभिभावक कलेजको



नामका पछाडि दौडेर यस्ता कुरालाई वास्ता गर्दैनन् । कतिपय राम्रा भनिएका कलेज पनि यी समस्याबाट पीडित हुन्छन् । त्यसैले कलेजबाहिरको वातावरण कस्तो छ, त्यो कुरामा पनि ध्यान पुऱ्याउनु आवश्यक छ ।

**घरबाट दूरी–** नेपालमा धेरैजसो विद्यार्थी एसएलसीसम्म परिवारसँगै बसेर पढ्छन् । कलेज अध्ययनलाई घरबाहिर बस्ने अवसरका रूपमा लिने चलन पनि छ । यो अवस्थामा धेरैले राजधानी र अन्य सहरका कलेज छनौट गर्छन्, तर विद्यार्थीले परिवारसँग छुट्टिने र सहरको रमझममा रमाउने उद्देश्य मात्र राख्नु हुँदैन । उचित मार्गनिर्देशनको अभावमा कतिपय राम्रा विद्यार्थीको पढाइ पनि यसपछि समाप्त भएका उदाहरण पाइन्छन् । कतिपय विद्यार्थी होमसिकका कारण फेरि घरनजिकको कलेजमा फर्किएको पनि पाइन्छ । यसरी बस्दा आफैं खाना पकाउने, खाने, भाँडा सफा गर्ने, कपडा धुने बानी बसाल्न सकिन्छ । यद्यपि यसमा अभ्यस्त हुन नसकेर पढाइ नै बिगार्नु भने हुँदैन । त्यसैले कति दूरीमा रहेको कलेज आफ्ना लागि उपयुक्त हुन्छ भन्ने कुरा अहिलेदेखि नै मनन गर्नुपर्छ । घरनजिकका कलेज पनि उत्तिकै राम्रा हुन सक्छन् ।

**मूल्य र आर्थिक अवस्था–** पढाइको कुरा गर्दा सधैं याद राख्नुपर्ने महत्त्वपूर्ण कुरा हो– शिक्षाको मूल्य । नेपालका सबै कलेजमा बराबर शुल्क छैन । थोरैदेखि लिएर उच्च मूल्यसम्मका शुल्क तिर्नुपर्ने कलेजहरू छन् । त्यसैले अभिभावकको आर्थिक अवस्थाअनुसारको कलेज छनौट गर्नुपर्छ । धेरैजसो कलेजमा विभिन्न शीर्षकमा छात्रवृत्ति पनि उपलब्ध हुन्छन् । ती छात्रवृत्ति प्राप्त गर्न आफू कति सक्षम छु भन्ने कुरामा पनि विचार पुऱ्याउनुपर्छ । छात्रवृत्ति प्राप्त गर्न सम्भव छ र आफूलाई त्यही कलेजमा पढ्ने इच्छा छ भने रोजेकै कलेजमा पढ्न सकिन्छ ।

**खेलकुद र योग–** विद्यार्थीको जीवनमा शारीरिक स्फूर्तिको अत्यन्तै महत्त्वपूर्ण भूमिका हुन्छ । शारीरिक एवं मानसिक रूपमा स्वस्थ रहन खेलकुद र योगले निकै सहयोग पुऱ्याउँछ । अध्ययन अवधिको निश्चित समयमा खेलकुद गर्नु फाइदाजनक हुन्छ । अहिले कलेजहरूले खेलकुदको महत्त्वलाई घटाउदै लगेको गुनासो पनि सुन्न पाइन्छ । त्यसैले उपयुक्त खेलकुद मैदानसहित यसलाई महत्त्व दिने कलेज छनौट गर्नु वाञ्छनीय हुन्छ ।

**अन्य क्रियाकलाप र विशेष कार्यक्रम**

नेपालमा त्यस्तो चलन सम्भव नभए पनि विदेशतिर कतिपय कलेजले शैक्षिक भ्रमणलाई पाठ्यक्रमको अभिन्न अंगका रूपमा विकास गरेका हुन्छन् । समय-समयमा शैक्षिक भ्रमण गराउने, प्रश्नोत्तर, हिज्जे, हाजिरीजवाफजस्ता अतिरिक्त क्रियाकलाप गराउने खालका कलेजले नै विद्यार्थीको समग्र पक्षमा ध्यान दिएको मान्न सकिन्छ ।

**इतिहास र जनगुनासो–** नेपालका कलेजहरूको शैक्षिक उपलब्धिको कसी नाप्ने एउटा आधार यसको पहिलेको शैक्षिक इतिहास र कलेजप्रतिको जनगुनासो नै हो । त्यसैले कुन कलेजको पहिलेको शैक्षिक उपलब्धि कस्तो छ र त्यसका बारेमा जनसाधारणको कस्तो धारणा छ, त्यो कुरा थाहा पाइराख्नुपर्छ । सबैको मुखबाट कलेजका राम्रो कुरा सुनियो भने पनि कलेज राम्रो रहेछ भनेर बुझ्न सकिन्छ ।

**आत्मसन्तुष्टि–** उही कलेज कसैलाई राम्रो लाग्छ भने कसैलाई नराम्रो लाग्न सक्छ । मुख्य कुरा आत्मसन्तुष्टि हो । यो कलेजमा पढ्दा आफू सन्तुष्ट हुन सकिन्छ कि सकिँदैन भन्ने कुरा थाहा पाउन आफूले पढ्न खोजेको कलेजका बारेमा बाहिरबाटै सामान्य जानकारी लिन सकिन्छ । आफूभन्दा अघि उक्त कलेज पढिरहेका अग्रजहरूबाट पनि केही जानकारी प्राप्त गर्न सकिन्छ । फुर्सदको समयमा कुनै दिन कलेजमै गएर पनि अनौपचारिक रूपमा जानकारी प्राप्त गर्न सकिन्छ । यो फुर्सदको समयमा विद्यार्थीको समूह नै बनाएर कलेज भ्रमण गर्ने चलनसमेत छ । त्यसैले जे गर्दा आफूलाई सन्तुष्टि मिल्छ र राम्रो अंक प्राप्त गर्न सम्भव हुन्छ, त्यो गर्नु राम्रो हुन्छ । विज्ञापन र अनावश्यक चर्चाका पछाडि लाग्नुभन्दा अहिलेदेखि नै बाटो पहिल्याउनु बुद्धिमानी हुन्छ ।

# एसएलसीपछिको अध्ययन र क्यारियर

एसएलसी परीक्षा दिइसकेपछि सबैलाई एउटै चिन्ता हुन्छ पास भएपछि के पढ्ने ? कहाँ पढ्न जाने ? एसएलसी परीक्षा दिएदेखि नै प्रत्येक परीक्षार्थीको मनमस्तिष्कमा भविष्यको खुल्दुली र अन्यौलले घेरिसकेको हुन्छ। १० वर्ष लामो स्कुले शिक्षापछि उच्च शिक्षाका लागि के पढ्ने वा के गर्ने सोच र चिन्ता लाग्नु स्वाभाविक हो। सहरी क्षेत्रमा बसेर अध्ययन गर्ने केहीले त आफ्नो उच्च शिक्षा अध्ययनको क्षेत्र, विषय र रुचिको क्षेत्र पहिले नै तय गरी ब्रिजकोर्सको तयारीमा समेत लागेको पाइन्छ तर ग्रामीण क्षेत्रमा अध्ययन गर्नेहरूको परीक्षा र परिणामबीचको एक-डेढ महिना त्यसै त बित्छ नै उनीहरूमा भविष्यप्रति अन्यौल र अनिश्चिततासमेत देखिन्छ।

एसएलसीको नतिजासँगै उच्च शिक्षाको ढोका खुल्छ भन्ने कुरा सबैलाई थाहा छ। यसको अर्थ आफ्नो जीवनको सपना साकार पार्न एउटा विद्यार्थीका लागि भविष्यको आफ्नो लक्ष्यअनुरूप र आफ्नो आर्थिक हैसियतले भ्याउने विषय छनौटको सुविधा प्राप्त हुन्छ तर यो त्यति सहज हुँदैन। विद्यालयको शिक्षा तथा पाठ्यक्रम र उच्च तहको शिक्षा तथा पाठयक्रमबीच आकाश-जमिनको अन्तर हुने हुँदा सबै विद्यार्थी कुनै न कुनै रूपमा अन्यौलमा पर्छन्।

सफल क्यारियरसहितको सुन्दर जीवन र रोजगारमूलक उच्च शिक्षाका लागि कुन फ्याकल्टी वा कुन विषय रोज्ने दुविधा हुनु स्वाभाविक हो। यसै सन्दर्भमा आफूलाई पढाएका शिक्षकको एउटा सुझाव हुन्छ भने घरपरिवारको प्रस्ताव बेग्लै। अर्कातिर साथीभाइको अर्कै प्रस्ताव, अनि आफ्नो रुचि अलग्गै। त्यसबाहेक सामाजिक क्षेत्रमा अघि बढेका उत्कृष्ट व्यक्तित्वहरूको बाटो र जीवनशैलीलाई अनुसरण गर्ने भावनात्मक कुरा पनि सँगै आउँछ। त्यसमाथि अहिले त दसजोड दुईका आकर्षक विज्ञापनले विद्यार्थीहरूलाई अझ दोधारमा परेका छन्।

त्यसो त अभिभावकहरू आफ्ना सन्तानलाई सकेसम्म डाक्टर वा इन्जिनियर नै बनाउन लालायित हुन्छन् भने हरेक विद्यार्थीको चाहना डाक्टर, इन्जिनियर वा पाइलट बन्ने नै हुन्छ। अन्य विषयमा भविष्य नै नदेख्ने सोचले ग्रस्त अभिभावक तथा विद्यार्थीहरूले बोली फुटेदेखि नै कुनै शिशुसँग उसको भविष्यको लक्ष्य सोध्यो भने उसको मुखबाट आनायासै डाक्टर, इन्जिनियर, पाइलट जस्ता शब्द निस्कन्छ। त्यति बेला उनलाई पेसागत हैसियत त परै जाओस् त्यो पेसा के हो भन्नेसम्म जानकारी हुँदैन। यो उसले दिएको उत्तर उसको कोमल मस्तिष्कमा खन्याएको मन्दविष नै हो भन्दा फरक नपर्ला। अध्ययन र भविष्य निर्माणका अन्य क्षेत्रहरू पनि छन् जुन क्षेत्रमा प्रवेश गरेर अर्थात् विषयगत विशेषज्ञता अध्ययन गरेर कुशल प्रशासक, सफल राजनीतिज्ञ, गैरसरकारी संस्थाका प्रतिनिधि तथा अन्य व्यावसायिक क्षेत्रको विशेषज्ञ पनि बन्न सकिन्छ।

आन्तरिक खुबी र रुचि नभए पनि अभिभावको दबाब तथा आर्थिक सम्पन्नताको माध्यमबाट चिकित्सा, इन्जिनियरिङ, विज्ञानजस्ता विषय लिएर अध्ययनमा लागेका कतिपय विद्यार्थी



अध्ययन पूरा नगर्दै असफल र मानसिक रूपमा विचलित भएका उदाहरण पनि पाइन्छन्, तसर्थ समाजका अरू विविध पक्षको अध्ययनमा पनि सहभागिता बढाउन सर्वप्रथम आफ्नो रुचि र क्षमता पहिचान गर्नुपर्छ। त्यसपश्चात् त्यहीअनुरूपको फ्याकल्टी र विषय छनौट गर्नु बुद्धिमत्ता ठहर्छ। कुनै पनि विषय आफैंमा न प्रभावशाली हुन्छ, न त प्रभावहीन। दृढ इच्छाशक्ति र आफ्नो सम्पूर्ण मिहिनेत लगानी गर्न सके जुनसुकै विषयको अध्ययनबाट सफल उच्च व्यक्तित्व बन्न तथा आफ्नो व्यक्तिगत उन्नति-प्रगतिका साथै समाज र राष्ट्रको समृद्धिमा योगदान पुऱ्याउन सकिन्छ।

आफ्नो वास्तविक रुचिलाई अध्ययनको विषय बनाउन सकियो भने मात्र अध्ययन र मिहिनेत सार्थक हुन सक्छ होइन भने हतारको निर्णयले फुर्सदमा पछुताउनुबाहेक अरू विकल्प रहँदैन। सामान्यतया माध्यमिक तहसम्म हरेक विद्यार्थीले अभिभावकको निर्णय र निर्देशन मान्छ। त्यसभन्दा माथिको जीवन र भविष्यको मार्गचित्र आफूले नै कोर्ने हो। त्यसैले कसैको उक्साहट, दबाब र क्षणिक मोहमा होइन कि आफ्नो आर्थिक हैसियत, रुचि, योग्यता, क्षमता एवं खुबीअनुरूप उपयुक्त फ्याकल्टी, विषय छनौट आदि गरी अध्ययन गर्नुपर्छ र पछि सोही अनुरूपको नोकरी वा क्यारियर विकसित गर्नुपर्छ।

आफ्नो भविष्य निर्माण र त्यसअनुरूपको उच्च शिक्षाको अध्ययनका लागि कुन फ्याकल्टी वा विषय उपयुक्त हुनसक्छ ? आफ्ना स्कुलका शिक्षक, अभिभावक, साथीभाइको सुझाव र सल्लाहपछि उपयुक्त निर्णय आफैंले गर्नुपर्छ।

प्रायः सबै विद्यार्थीको रोजाइ र छनौटको विषय इन्जिनियरिङ, विज्ञान र चिकित्सा भए पनि अहिले आएर प्रतिस्पर्धात्मक बजार, विश्वव्यापी आधुनिकीकरणको प्रभावले गर्दा अन्य विषयमा पनि आकर्षण बढ्न थालेको पाइन्छ। व्यापार व्यवस्थापन, कम्प्युटर विज्ञान, होटल व्यवस्थापन, पर्यटन विकास र पर्वतारोहण, फेसन टेक्नोलोजी, गीतसंगीत तथा नृत्य, आमसञ्चार, फेसन, कार्यक्रम व्यवस्थापन, फोटोग्राफी, वातावरण व्यवस्थापन, ग्राफिक्स डिजाइनजस्ता नयाँ विषय अध्ययनमा विद्यार्थीहरूको रुचि बढेको पाइन्छ।

यसैगरी नेपाली, अंग्रेजी तथा विश्वसाहित्य, राजनीतिशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र, मानव तथा समाजशास्त्र, मनोविज्ञान, भाषा विज्ञान, कानुन, चित्रकला, कृषिलगायत सामाजिक विज्ञानका विविध विषयहरू पनि अध्ययन-अध्ययापन भै रहेका छन्। यी विधाहरू जहिले पनि जहाँ पनि आवश्यक पर्ने हुनाले यी क्षेत्रको महत्त्व र आवश्यकता पनि उत्तिकै छ।

विज्ञान तथा प्रविधि अध्ययनअन्तर्गत भौतिक शास्त्र, रसायन शास्त्र, भूर्गभ शास्त्र, वनस्पति शास्त्र, मौसम तथा जलवायु विज्ञान, वातावरण विज्ञान-विभिन्न नदीहरूको प्रदूषण र वातावरणीय अध्ययन, जीव विज्ञान आदि विषयमा अध्ययन-अध्यापन, अनुसन्धान आदि पर्छन्।

इन्जिनियरिङअन्तर्गत सिभिल इन्जिनियरिङ जस्तै- सिंचाइ, बाटोघाटो, पुलपुलेसाहरूको निर्माण र सर्वेक्षण, नापनक्सा बनाउने तथा विस्तृत इन्जिनियरिङ डिजाइसम्बन्धी अध्ययन गराइन्छ। आर्किटेक्टचर अध्ययन गराई भवनहरूको नापनक्सासम्बन्धी विशेषज्ञता उपलब्ध गराइन्छ। मेकानिकल इन्जिनिरिङ-हवाइजहाजलगायत विभिन्न खालका सवारीसाधनहरूको इन्जन, उद्योगमा जडान भएका मेसिन र इन्जनहरूको निर्माण मर्मत सम्भारसम्बन्धी अध्यापन गराइन्छ। इलेक्ट्रोनिक इन्जिनियरिङअन्तर्गत कम्प्युटर, रेडियो, टेलिभिजन, रोबोटजस्ता इलेक्ट्रोनिक वस्तुहरूको निर्माण, मर्मत सम्भारलगायत सम्पूर्ण सैद्धान्तिक एवं प्राविधिक पक्षको अध्ययन-अध्ययापन गराइन्छ।

चिकित्साशास्त्रअन्तर्गत देशभरिरहेका विभिन्न नर्सिङ तथा चिकित्सा क्याम्पसहरूमार्फत् विभिन्न रोगको अध्ययन, अनुसन्धान, औषधीहरूको खोज, रोगहरूको उपचार गर्ने, असाध्य रोगहरूको उपचार पत्ता लगाउने, सर्जरी (चिरफार) गर्ने हेतुले अस्पताल सञ्चालन गर्ने र विभिन्न विषयका डाक्टर तथा नर्सहरू उत्पादन गर्ने हेतुले चिकित्साशास्त्रको अध्ययन-अध्ययपन हुने गरेको पाइन्छ। यसैगरी कृषि तथा पशुविज्ञानअन्तर्गत बालीबिरुवाहरूको अध्ययन, नयाँ बालीबिरुवाको विकास, फलफूल, कृषि विकास तथा अनुसन्धान, पशुपन्छी विकास तथा चिकित्सा जस्ता विषयमा अध्ययनअध्ययापन गराइन्छ। अर्कातिर वन विज्ञान अध्ययन अन्तर्गत वन व्यवस्थापन, विभिन्न जातका बोटबिरुवा र वनस्पतिहरूका बारेमा अध्ययन-अध्ययापन हुन्छ। यसैगरी मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत अंग्रेजी भाषा र साहित्य, अर्थशास्त्र, समाजशास्त्र, पत्रकारिता, जनसंख्या अध्ययनजस्ता महत्त्वपूर्ण विषयहरू हुन्। व्यवस्थापन संकायअन्तर्गत आर्थिक कारोबार, वाणिज्यशास्त्र, व्यापार-व्यवसाय, वित्तक्षेत्र समेट्ने विभिन्न विषयहरू अध्ययन-अध्ययापन गराइन्छ। शिक्षाशास्त्र संकायअन्तर्गत स्कुलतहदेखि विश्वविद्यालयतहसम्म विभिन्न विषयलाई पठनपाठन, कानुन संकायअन्तर्गत ब्याचलर लेवलदेखि मात्र देशविदेश र विविधि क्षेत्रसँग सम्बन्धित नियम, कानुन, संविधान, विधेयक, न्याय प्रणाली आदि विषय अध्ययन-अध्ययापन हुने गरेको छ।

यसरी हरेक फ्याकल्टी र विषयका बारेमा जानकारी हासिल गरेपछि प्रत्येक विद्यार्थीले आफ्नो खास खुबी एवं रुचिअनुसारको फ्याकल्टी र विषय रोज्नुपर्छ। यद्यपि त्यसभन्दा पहिले आफूमा रहेको रुचि र खुबीको पहिचान गर्नु आवश्यक छ। एसएलसी उत्तीर्ण भैसकेपछि आफ्नो क्षमता र रुचि पहिचान गर्ने काम विद्यार्थी स्ययंकै हुन्छ। विद्यार्थीले आफ्नो खुबी र रुचि पहिचान गरिसकेपछि अध्ययनका फ्याकल्टी र विषय छनौट गर्नुपर्छ। अर्काको दबाब, उक्साहट, क्षणिक मोह तथा आफ्नो खुबी र रुचि विपरीत फ्याकल्टी वा विषय छनौट गरियो भने सफल क्यारियर निर्माणको आशा व्यर्थ हुनसक्छ। यस्तो अवस्थामा न कोही विज्ञ हुन्छ, न त उसले न्यूनतम पेसाकर्मीको हैसियत नै उनले राख्छ। सामान्यतयाः रुचि, अर्थिक तथा बौद्धिक क्षमता र उद्देश्यको तादात्म्यता नै जुनसुकै छनौटको अधार हुनुपर्छ।

जुनसुकै शैक्षिक पद्धतिभित्र पनि शिक्षण, पाठ्यक्रम र परीक्षाको राम्रो समन्वय हुनु आवश्यक छ। यसरी सबै कुराबीच तादात्म्य नभै हतारमा फ्याकल्टी र विषय रोज्नु हुँदैन होइन भने आफूलाई मात्र होइन, यसले सम्पूर्ण शिक्षा क्षेत्रलाई तहसनहस पारिदिन्छ। तसर्थ एसएलसी दिएर बसेका सबै भाइबहिनीले आफ्नो इच्छा र रुचिअनुरूप विषय छनौट विषय छनौट गर्नु उत्तम हुन्छ, अभिभावक वा साथीभाइको दबाबमा होइन।

**–भोला**

## नयाँ प्रविधि

### वायरलेस चार्जर



वायरलेस प्रविधिका क्षेत्रमा काम गरिरहेका प्राविधिज्ञहरूले वायरलेसको सहयोगबाट मोवाइल चार्ज गर्ने प्रविधि विकसित गरेका छन्। सामान्यतया तारको सहयोगमा विद्युत् तरङ्ग पठाएर मात्र चार्ज गर्न सकिने यो प्रविधिमा वैज्ञानिकहरूले वायरलेसबाट विद्युत् पठाएर सफलता हात पारेका छन्। मोटोरोलाको रेजर भी थ्री मोबाइलमा रहेको यो प्रविधिमा एउटा सानो प्याड हुन्छ जसमाथि मोबाइल राखिन्छ र मोबाइलमा एउटा एड्याप्टर राखिएको हुन्छ। त्यो प्याडमाथि मोबाइल राखेपछि मोबाइल चार्ज हुन थाल्छ। मोटोरोलाले पाएको यो सफलताबाट अहिले यसका प्रविधिज्ञहरूलाई हौसिएका छन्, जसका कारण उनीहरू आगामी दिनमा अन्य विद्युतीय उपकरणहरूमा पनि यस्तो किसिमको प्रविधि जडान गर्ने तयार गरेका छन्। अन्तर्राष्ट्रिय बजारमा आइसकेको यो प्याडको मूल्य ६० तथा एडेप्टरको मूल्य ३५ अमेरीकी डलर छ।

### अब आइस्टिकको पालो



आईफोनले विश्वव्यापी लोकप्रियता पाएपछि उपकरण निर्माताहरू टच स्क्रिन उपकरणहरू निर्माण गर्न प्रेरित भएका छन्। यसैक्रममा एलेक्सी मिखाइलोभले टच स्क्रिन भएको आईस्टिक निर्माण गरेका छन्। लिपिस्टिकको आकारमा रहेको आईस्टिकमा आईफोनमा जस्तो भिडियो र फोटोको सुविधा प्रयोग गर्न सकिँदैन, तर म्युजिकलाई औंलाको आधारमा सञ्चालन गर्न सकिन्छ। चार स्थानमा टच स्क्रिनको सुविधा भए पनि यसको आकार निकै सानो छ। यसमा उपलब्ध अधिकांश सुविधा आईफोनको जस्तो छ।


## तनाव र मुटुरोग महिलामा बढी

दैनिक जीवनमा बढी मात्रामा सामाजिक विधि-व्यवहारको तनाव झेल्ने व्यक्तिमा मुटु रोगको जोखिम बढी हुने र यस्तो तनाबबाट प्रताडित हुनेमा अधिकांश महिला हुने एक अध्ययनले देखाएको छ। पिट्सवर्ग विश्वविद्यालयको औषधी विज्ञान संकायका डा.रेबेका सी थस्टोर्न र बोस्टनको जनस्वास्थ्य हावर्ड कलेजका डा.लाउरा डी कुब्जानस्कीले यस्ता मानसिक तनाव झेल्नेहरूमा महिलाहरूको संख्या बढी हुने सम्भावना रहेको बताएका छन्।

दुवै अनुसन्धाताले अर्को के तथ्य पनि फेला पारेका छन् भने, तनाव र स्वास्थ्यबीचको अन्तरसम्बन्धमा लैंगिक भिन्नता देखिनुमा महिलाहरू बढी मोटी हुनु पनि हो। थस्टोर्न भन्छिन्, 'महिलाको जीवनमा जति बढी मात्रामा मनोसामाजिक जोखिम आइपर्छ, त्यति नै हदसम्म उनीहरू मोटा हुन्छन्। फलतः यसले मुटु रोगको जोखिम बढाउँछ। पुरुषमा भने मोटोपनसँग यस्तो जोखिमको तादात्म्यता नभेटिएको अध्ययनले देखाएको छ।

अध्ययनहरूले गरिबी, मानसिक तनाव, एक्लो अभिभावकजस्तो मनोसामाजिक समस्याबाट स्वास्थ्यमा पर्ने दुष्प्रभावहरूलाई केलाएको अनुसन्धानकर्ताद्वयले उल्लेख गरेका छन्। हरेक व्यक्ति एक वा एकभन्दा बढी तनावबाट गुज्रनुपर्ने भएकाले दुवै अनुसन्धानकर्ताले बेरोजगार, पारपाचुके, आफ्नो पति वा पत्नीको मृत्यु र धेरै चिन्ता आदि प्रभावका सम्बन्धमा विवेचना गरेका छन्। बाइस वर्षभन्दा बढी समयसम्म ६ हजार ९ सय १३ पुरुष र महिलाको जीवनलाई नियालेर उनीहरूले यी मनोसामाजिक अप्ठ्याराहरूको सूचकांकको तुलनात्मक अध्ययन गरेका छन्।

## इनबक्सको विकसित रूप




इमेल तथा इन्टरनेटको संसार मा अहिले सोसियल नेटवर्किङ वेबसाइटहरू प्रचलित छन्। म्यासेन्जरको सहायताबाट इन्स्ट्यान्ट म्यासेजिङ गर्दै आएका व्यक्तिहरू अहिले त्योभन्दा अघि बढेर यी सोसियल नेटवर्किङ वेबसाइटहरू प्रयोग गर्न थालेका छन्। फेसबुक, माइस्पेसजस्ता वेबसाइटहरू यसका लागि प्रचलित छन्। इमेल पहिलेदेखि प्रचलित सुविधा हो। यसको प्रयोग गर्ने व्यक्तिहरू पनि छँदैछन्। यद्यपि धेरै इमेल प्रयोगकर्ताहरूमा एउटा समस्या के पाइन्छ भने जुनसुकै बेहोराका इमेल पनि एउटै इनबक्समा आएर बसिदिन्छन्।

यही समस्या समाधानका लागि जोब्नी डटकम आएको छ। यो एक प्रकारको वेबसाइट हो। इमेलको इनबक्सलाई सुधार गर्ने भएका कारण यसको नाम जोब्नी राखिएको हो। इनबक्सको आइएनबीओ एक्सलाई उल्टोबाट लेख्दा एक्सओबीएनआई हुन्छ। त्यही एक्सओबीएनआईबाट यो वेबसाइटको नाम राखिएको हो।

जोब्नीले अहिले माइक्रोसफ्टको आउटलुक एक्सप्रेससँग मिलेर काम गरिरहेको छ। आगामी दिनमा अन्य इमेल ग्राहक, इन्स्ट्यान्ट म्यासेजिङ एप्लिकेसन तथा सोसियल नेटवर्किङ वेबसाइटसँग पनि सहकार्य गर्ने योजना छ। अहिले प्रयोगका लागि तयारी अवस्थामा रहेको जोब्नी इनसाइटले हामीले प्रयोग गर्ने इमेललाई पढ्न सजिलो बनाउँछ। कुनै इमेल प्रयोगकर्ताले सम्पर्क गर्ने व्यक्तिका बारेमा यसले प्रोफाइल बनाउँछ। त्यसैगरी आफूले जुन कामका लागि उक्त व्यक्तिसँग सम्पर्क गरिन्छ, त्यसका बारेमा पनि सामान्य प्रोफाइल निर्माण हुन्छ।

वेबकै सहायताबाट जोब्नीले उसका बारेमा सम्पर्क सूचना, ऊसँग भएका कुराकानी, अन्य संलग्न कागजातहरू, यो कामसँग सम्बन्धित अन्य व्यक्ति, इमेल गरिएको तथ्यांक तथा वेबमा उसका बारेमा भएका अन्य जानकारीसमेत उपलब्ध गराउँछ। यसबाहेक धेरै पटक प्रयोगमा आइरहने र महत्त्वपूर्ण व्यक्तिहरूको इमेललाई यसले प्राथमिकताअनुसार पेजको माथितिर राखिदिन्छ। यसरी जोब्नी एउटा इमेल एकाउन्टका साथै सोसियल नेटवर्किङ वेबसाइटका रूपमा समेत विकास हुने क्रममा छ।

जोब्नीका अन्य योजना पनि छन्। विकासको क्रममा रहेको एउटा प्रोजेक्ट स्टे इन टच हो। कुनै व्यक्तिलाई एक पटक मात्र इमेल पठाइएको छ, तर केही दिनअघिसम्म पनि उसलाई फेरि कहिल्यै पनि इमेल गरिएको छैन भने त्यस्ता लिस्टलाई यसले एक स्थानमा राख्छ।

अन्य कम्पनीहरू पनि इमेलको इनबक्सलाई नयाँ रूपमा विकास गर्ने योजनामा लागेका छन्। गत जनवरीमा लास भेगासमा भएको कन्जुमर इलेक्ट्रोनिक्स शोमा याहुले आफ्नो नयाँ मेल सफ्टवेयरको नमुना प्रदर्शन गरेको थियो। यो पनि जोब्नीजस्तै ढाँचामा निर्माण गरिएको छ। याहुले यो वर्षको अन्त्यसम्ममा यस प्रकारको सफ्टवेयरलाई बजारमा ल्याउने आशा गरेको छ। अमेरिकाको सान्फ्रान्सिस्कोस्थित अर्को राडार नेटवर्क नामक कम्पनी ट्वीन नामक सफ्टवेयर बजारमा ल्याउने प्रक्रियामा छ। यसले इमेललाई भण्डारण गर्नुका साथै साथीका फोन नम्बर, उसका फेभ्राइट लिंक तथा अन्य सामान्य सूचनाहरूलाई एक-अर्कामा सेयरिङ गर्ने कामसमेत गर्छ।

इमेल उपलब्ध गराउने चार ठूला कम्पनी याहु, गुगल, हटमेल र एओएलका मात्रै ७० करोडभन्दा बढी प्रयोगकर्ता छन्, तर ती प्रयोगकर्ताका बीचमा नेटवर्किङ हुन सकेको छैन। यदि जोब्नी र अन्य कम्पनीहरूले इमेलका साथै सोसियल नेटवर्किङको समेत काम गरे भने यी सबैका बीचमा सूचना आदान-प्रदान गर्न सम्भव हुनेछ। यही कुरालाई दृष्टिगत गरी माइक्रोसफ्ट कर्पोरेसनका मालिक बिल गेट्सले जोब्नीलाई सोसियल नेटवर्किङको नेक्स्ट जेनेरेसन भनेका छन्।

## हट्दैछन् मोबाइल ग्राहकका बाधा

अहिले मोबाइल फोनको बजार तीव्र रूपमा विस्तार भैरहेको छ। मोबाइल फोनका प्रयोगकर्ताका लागि अनेकौं विकल्प छन्, तर अमेरिकामा भने फरक व्यवस्था छ। अमेरिकीहरूले सबैभन्दा पहिले सेवा प्रदायक छान्नुपर्छ। त्यसपछि मात्रै उनीहरूले मोबाइल सेट छान्न सक्छन्। त्यसमा पनि सेवाप्रदायक कम्पनीहरूको सिफारिस आवश्यक हुन्छ। सेवाप्रदायक कम्पनीहरूले पनि सीमित मोबाइल कम्पनीलाई सिफारिस गर्छन्। केही कम्पनीले त मोबाइलको सफ्टवेयर कमजोर बनाउनसमेत निर्देशन दिन्छन्। यसको उद्देश्य हो, ग्राहकलाई नियन्त्रणमा लिएर बढी नाफा कमाउन सकियोस् तर अहिले केही कम्पनीले ग्राहकलाई यस्तो नियन्त्रणबाट मुक्त गर्ने घोषणा गरेका छन्।

अमेरिकाको दोस्रो ठूलो मोबाइल नेटवर्क कम्पनी भेरिजोनले यस्ता अवरोध हटाउन घोषणा गरेको छ। कम्पनीले आफ्नो नेटवर्कका ग्राहकलाई जुनसुकै कम्पनीको मोबाइल सेट तथा सफ्टवयर प्रयोग गर्ने अनुमति दिने भएको छ। अमेरिकी कम्पनीहरूले विद्यमान अवरोध कम गर्न अरू नेटवर्कमा आबद्ध हुन दिने कार्य सुरु गरेका छन्। गुगलले कुनै पनि मोबाइल सेट र नेटवर्कमा प्रयोग हुने सफ्टवेयर विकसित गर्दैछ।

भेरिजोनले बाहिरी बजारमा यस्तो मोबाइल, डिभाइस र सफ्टवेयर उपलब्ध गराउनेछ। ग्राहकले यसबापत अतिरिक्त शुल्क तिर्नुपर्नेछ।

यदि अन्य सेवा प्रदायकले भेरिजोनको नेतृत्व स्वीकार गरेको खण्डमा अमेरिकाको मोबाइल बजार सबैका लागि खुला हुनेछ। एप्पलजस्ता कम्पनीहरूले यसै कुरालाई ध्यानमा राखेर सबै प्रणालीमा उपयोग हुने फोनसेट निर्माण गर्ने तयारी गरिरहेका छन्।

## इन्फोट्रेड २००८ हुने

सूचना तथा सञ्चार प्रविधि (आईसीटी) क्षेत्रका बारेमा भएका नयाँ विकासक्रमका बारेमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले इन्फोट्रेड-२००८ को आयोजना हुने भएको छ। आगामी जेठ ३१ गतेदेखि असार ३ गतेसम्म ५ दिन भृकुटीमण्डपस्थित प्रदर्शनीकक्षमा हुने यो मेलामा स्वदेशी तथा विदेशी सूचना तथा सञ्चार प्रविधि व्यवसायीहरूको स्टल रहनेछ।

भेनस इभेन्ट म्यानेजमेन्ट प्रा.लि.ले आयोजना गर्न लागेको इन्फोट्रेडमा कम्प्युटर, कम्प्युटरका विभिन्न पार्ट्स, युपीएस, इन्भर्टर, इन्टरनेट, मोबाइल फोन तथा सञ्चार उपकरण एवं सेवाका बारेमा नयाँ जानकारी पाउन सकिने बताइएको छ। 'सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका नयाँ प्रविधि तथा उपकरणका बारेमा जानकारी गराउन इन्फोट्रेड आयोजना गर्न लागेका हौं,' -आयोजक भेनस इभेन्ट म्यानेजमेन्टका सीएन उपाध्यायले भने। उपाध्यायका अनुसार सूचना प्रविधिको क्षेत्रको उच्चतम् प्रयोगले विभिन्न मुलुकले पाइरहेको व्यावसायिक सफलतालाई मध्यनजर गर्दा मुलुक विकासका निम्ति अब यो बाटोमा जानैपर्ने भएको छ। विशेष गरी अहिलेको युवापुस्ताका निम्ति इन्फोट्रेड लक्षित भएको उनले बताए।

'द कम्प्लिट आइस टेक्नोलोजी एक्स्पो' शीर्षक राखिएको इन्फोट्रेडमा इन्फरमेसन, कम्युनिकेसन, इन्टरटेनमेन्ट (मल्टीमिडिया) टेक्नोलोजी (आइस) मा विकास भएका उपकरणहरू आकर्षणमा रहनेछन्। आयोजकहरूका अनुसार इन्फोट्रेडमा कम्प्युटर हार्डवेयर तथा सफ्टवेयरका बारेमा व्यवसायी तथा उपभोक्ताले एकै थलोमा अन्तर्क्रिया गर्न पाउनेछन्। प्रदर्शनीमा सामसुङ, फिलिप्स, एमएसआई, एलजी, रिको आदि कम्पनीले सहभागिता जनाउने बताइन्छ। १ लाख ५० हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने विश्वास लिइएको यो प्रदर्शनीमा १ सय १५ वटा स्टल रहनेछन्।

## विज्ञान समाचार

### कामुक बाबुको छोरा

कामुक पुरुषले सन्तान पनि कामुक जन्माउने एक अध्ययनले देखाएको छ। झिँगामा गरिएको परीक्षणले कामुक पुरुषले आफूजस्तै कामुक छोरा जन्माउने पुष्टि गरेको छ। युनिर्भसिटी अफ एक्सटरले गरेको एक अनुसन्धानले उक्त कुरा पुष्टि गरेको हो। डेभिड होमकिन र उनको समूहले झिँगाको प्रजाति (ड्रोसोफिलिया सिमुलस) को यौनजीवनबारे अध्ययन गरेका थिए। झिँगालाई यौनसम्पर्क गर्न कति समय लाग्छ भन्ने विषयमा पनि अध्ययन गरिएको थियो। अनुसन्धानमा भाले झिँगाले पोथी झिँगालाई राजीखुसी बनाई सम्भोगमा उद्यत् गराएकाले भाले झिँगालाई कामुक मानिएको थियो। दोस्रो पुस्ताका झिँगामा पनि त्यही प्रक्रिया सुरु गरिएको थियो। छिटो यौनसम्पर्क गर्न पोथी मनाउन सक्ने झिँगाको छोरा बाबुजस्तै छिट्टै पोथी झिँगालाई सम्भोगका लागि मनाएको अनुसन्धानमा पाइयो।



## गिगोलो नायकहरू

हालै चलचित्र 'पलपलमा'का निर्देशक उकेश दाहाल नयाँ बानेश्वरको एउटा कफी सपमा भेटिए । केही समय रोकिएको उक्त चलचित्रको छायांकनकार्य फेरि सुरु हुने भएकोमा खुसी भएका दाहाल भन्दै थिए- 'मेरो चलचित्रमा नायकहरू गिगोलोको भूमिकामा छन् ।' गिगोलो अर्थात् पुरुष वेश्या । चलचित्रमा तीन जना नायक छन्- दिलीप रायमाझी, रमित ढुंगाना र विक्रान्त बस्नेत । तीन जनामध्ये दुई जना दिलीप र रमितले त्यस्तो भूमिका निर्वाह गरेका छन् । उत्साहित निर्देशक दाहाल भन्दै थिए-'मेरो चलचित्रका खलनायक पनि यी दुई नायक नै हुन् ।' आफ्नो चलचित्रलाई फरकधारको चलचित्र नभने पनि फरक विषयको चलचित्र भन्न उनी पनि पछि परेनन् । यो चलचित्र अवसरको खोजीमा रहेका दुई बेरोजगार युवा पैसाको प्रलोभनमा पुरुष वेश्या हुन पुगेको कथामा आधारित छ ।

## पालो जेनिषाको

अचेल युवाहरूको पहिलो रोजाइ बनेकी छिन्– मोडल जेनिषा मोक्तान । उनले 'मै ठूली भै छु रे'को म्युजिक भिडियोमा देखाएको चञ्चलताबाट अनेकौं युवा प्रशंसक कमाएकी छिन् । उनलाई कतिले 'पल्सर बाइक हाँक्ने केटी' का रूपमा चिन्छन् । राजधानीका व्यस्त सडकमा सरर पल्सर हाँक्ने उनको शैलीबाट धेरै युवक मात्र होइन, युवतीहरू पनि प्रभावित भएको पाइन्छ । म्युजिक भिडियो, विज्ञापन अनि टेलिचलचित्र घरबेटी बा मात्र होइन, अनुभव बटुल्न उनले हालै एउटा चलचित्रमा पनि अभिनय गरिन् ।

सुदर्शन थापाले निर्देशन गरिरहेको चलचित्र 'मेरो एउटा साथी छ'मा जेनिषा एउटा विशेष भूमिकामा देखिदैछिन् । यो चलचित्रमा नायिका हुने क्रमको सुरुवात पनि हुनसक्छ । हामी त के भन्छौं भने जेनिषाजस्ता युवतीहरू चलचित्रमा



आउन थाले भने मात्र नेपाली चलचित्रले शहरिया दर्शक भेट्थ्यो होला । नम्रता श्रेष्ठ, निशा अधिकारीहरूले त बाटो खोलिसके, अब पालो जेनिषाको ।

## जेनीलाई ताली

चलचित्र हेरिरहेका दर्शकलाई आफूले हेरेको चलचित्रको कुनै दृश्य मनपर्‍यो भने सिट्ठी फुक्छन्, ताली बजाउँछन् र मन परेको कलाकारको स्वागत गर्छन् । त्यसपछि कलाकारले थाहा पाउँछन्, दर्शक आफूप्रति कति क्रेजी रहेछन् । दर्शकले बजाएको ताली र सिठ्ठीकै आधारमा भन्दा अहिले सबैभन्दा धेरै चर्चामा रहेका कलाकार हुन्– नायक राजेश हमाल ।

राजेश हमाल अभिनीत पछिल्लो चलचित्र 'घायल' हेर्न विश्वज्योति हल पुगेका दर्शकले राजेशको पहिलो दृश्यपछि खुसी हुँदै ताली बजाए । राजेशको यो क्रेज देख्दा निर्माण पक्ष खुसी भए पनि अरू कलाकार त्यति खुसी थिएनन्, कारण राजेशलाई देख्दा दर्शकहरू जसरी सिठ्ठी फुक्थे अरू कलाकारलाई त्यति वास्ता गर्दैनथे । तर, सोही चलचित्रकी पात्र निर्मात्री जेनी कुँवरले अभिनय गरेको एउटा दृशयमा भने दर्शकले उसै गरी ताली बजाए, जसरी राजेश हमालको उपस्थितीमा ताली बजाउँथे । नेपाली कलाकार न हुन्, कुरा नकाटी बस्न कहाँ सक्छन् र ? दर्शकले 'के देखेर जेनीका लागी ताली बजाए ?' सबैको निष्कर्ष आ-आफ्नै थियो । कसैले भने– उनका आफ्नै मानिसले बजाए । अरूले त दर्शक झुक्किए पनि भने ।



टिप्पणी जे-सुकै होस्, एउटै दृश्यमा भए पनि जेनीले राम्रो गरेकी छिन् । एक घण्टाभन्दा बढी फाइट भएको उक्त चलचित्रमा निर्देशकको काम भने पटक्कै देखिँदैन । सँगै बसेर 'घायल' हेरिरहेका एक जना कलाकारले टिप्पणी गरे– 'निर्देशकको काम नदेखेपछि निर्मात्रीको काम राम्रो भनेर ताली बजाइदिए ।' यी सबै विषयमा जेनी भने अनभिज्ञ थिइन् ।

## चलचित्र

### देशदेखि विदेश



युवाहरू केका लागि बिदेसिन्छन् र विदेशमा उनीहरूले भेल्नुपर्ने कठिनाइको ज्वलन्त प्रस्तुति चलचित्र 'देशदेखि विदेश' मा हेर्न पाइन्छ । एउटै ढर्रामा बनेका नेपाली चलचित्रभन्दा पृथक् कथा र प्रस्तुति रहेको चलचित्र यतिबेला मोफसलका सहरहरू पोखरा, दाङ, नारायणगढ, दमक आदि ठाउँमा एकसाथ प्रदर्शन भैरहेको छ । पाँच वर्ष बेल्जियममा बसेर नेपाल फर्किएका कलाकार नरेन्द्र थापाले पहिलो पटक कथालेखनसँगै यो चलचित्र निर्देशन गरेका हुन् । अभिनयमा खारिएका थापाले पहिलो निर्देशनमै आफ्नो क्षमता प्रदर्शन गरेका छन् । आफूले विदेशमा भोगेको यथार्थलाई चलचित्रमा ढाल्ने प्रयास गरेको भए पनि उनले भने आफूले हरेक नेपालीको साझा समस्या उठाएको बताए । बिदेसिएका युवाहरूको पीडा त भयौ नै, यता घरपरिवारमा श्रीमतीले विदेशबाट आएको पैसा मोजमस्तीमा खर्चिएको तीतो वास्तविकताप्रति पनि चलचित्रले व्यङ्ग्य कसेको छ । पैसा कमाउन विदेश पुगेका नायक निखिल र विदेशबाट आएको पैसामा मोज गर्ने नायिका ऋचा घिमिरेको चरित्रले यो कुरालाई पुष्टि गरेको छ । मध्यान्तरअघि चलचित्र कथाविहीन बगे पनि मध्यान्तरपछि भने कथाले नयाँ मोड लिन्छ । यो चलचित्रमा नायक दिलीप रायमाझी खलपात्रका रूपमा देखिएका छन् । मध्यान्तरपछि दिलीपसँगै नायिका घिमिरेको प्रवेशपछि चलचित्रले गति लिन्छ । ऋचाको अभिनयमा खोट लाग्ने ठाउँ देखिँदैन । प्रेरणा शर्माको अभिनयमा वास्तविकता झल्कन सकेको छैन । समग्रमा चलचित्रको कथा र प्रस्तुति प्रशंसायोग्य छ । तीस प्रतिशत छायांकन थाइल्यान्डमा गरिएको भनिएको यो चलचित्रको छायांकन पक्ष भने फितलो देखिन्छ ।

### हँसते-हँसते



बलिउड चलचित्र उद्योगमा आज चलचित्र 'हँसते-हँसते' सार्वजनिक हुँदैछ । रोमान्टिक लभ सिक्वेन्सको यो चलचित्रमा न्युयोर्कमा बस्दै आएका युवायुवतीको प्रेमकथा प्रस्तुत गरिएको छ । चलचित्रमा जिमी शेरगील कोलम्बिया युनिभर्सिटीका जेहेन्दार छात्रका रूपमा देखिन्छन् । त्यस्तै जिमीकी प्रेमिकाका रूपमा नायिका निशा रावल देखिन्छिन् । लिभिङ टुगेदरको कन्सेप्टमा जिमी र निशाले नयाँ जीवन प्रारम्भ गर्छन् । चलचित्रमा अर्को मुख्य भूमिकामा राजपाल यादवले अभिनय गरेका छन् । राजपाल जिमीका रूममेट तथा टिममेट हुन्छन् । फ्लर्ट चरित्रका राजपालको अमेरिकन टिनासँगको प्रेम हास्यास्पद लाग्छ । अध्ययन सकिएपछि जिमी कल सेन्टरको विजनेशका लागि राजपालसँगै भारत फर्कने निर्णय गर्छन, जसको निशाले विरोध गर्छिन् । भारतमा आकर्षक तथा आक्रामक स्वाभाविक मोनिक्षाले जिमी तथा उनको टिमका निम्ति सहयोगीको भूमिका निर्वाह गरेकी हुन्छिन्, तर साथसाथै मोनिक्षा जिमीको मन जितेर प्रेम गर्ने स्वार्थमा पनि हुन्छिन् । निशालाई असाध्यै माया गर्ने जिमीले उनको प्रेम अस्वीकार गरेपछि मोनिक्षाले अनेक षड्यन्त्र गरेर जिमीलाई डुबाउने खेल खेल्छिन् । यो चलचित्रमा शक्ति कपुर, जावेद शेख, आशुतोष बाजपेयी आदिले अभिनय गरेका छन् ।

## बालबालिकाले दिलाए मनोरञ्जन



बुटवल– दर्शकलाई मनोरन्जन प्रदान गर्न नाम चलेको ठूलै कलाकार हुनुपर्छ भन्ने छैन, कला र प्रतिभा भए सानै उमेरकाले पनि दर्शकको मन जित्न सक्छन् । शनिबार बुटवलको कान्ति सभागृहमा आयोजित एक कार्यक्रममा चार वर्षदेखि १४ वर्ष उमेरका स्थानीय बालप्रतिभाहरूले हलभरि खचाखच दर्शकलाई पर्याप्त मनोरन्जन दिएको दृश्य निकै रोमाञ्चक थियो । बुद्धजयन्तीको अवसर पारेर साधना सांस्कृतिक समूह, बुटवलले हरेक वर्षजस्तै यसपटक पनि आयोजना गरेको 'विविध सांस्कृतिक कार्यक्रम'मा ती बालबालिकाले प्रस्तुत गरेको गीत र नृत्य कुनै ख्यातिप्राप्त कलाकारको भन्दा कम थिएन ।

दिउसो ४ बजेदेखि साझ ७ बजेसम्म चलेको कार्यक्रममा ३० जनाभन्दा बढी प्रतिभाले नेपाली लोकसंस्कृति र राष्ट्रियता झल्कने नृत्य एवं गीत प्रस्तुत गरेर दर्शकलाई निकै उत्साहित बनाएका थिए । कार्यक्रममा घिन्ताङ डान्सिङ आइडलको टप टेनमा पुगेकी सोनु घिमिरे तथा सन्जिता श्रेष्ठ, कुसुम थापा, मुकेश गुरुङ आदिको नृत्यले सबैको मन जितेको थियो भने कृति पाण्डेको गायनले पनि दर्शकहरूको वाहवाही बटुलेको थियो ।

– टोपराज शर्मा





## अब मसाज मात्रै


अधिकांश मसाज केन्द्रमा यौन क्रियाकलाप हुन्छ भन्ने धारणाले विश्वव्यापी मान्यता पाएको छ । हुन पनि अधिकांश मसाज केन्द्रले ग्राहकहरूलाई यौन क्रियाकलापतर्फ आकर्षित गरी कारोबार बढाइरहेका छन् । महिलाहरू बढी काम गर्ने मसाज केन्द्रमा उनीहरूले आफ्नो पेसालाई मसाजमा मात्र केन्द्रित गरे पनि ग्राहकहरूले उनीहरूप्रति लोभ देखाइरहेका हुन्छन् । यो कुरालाई मसाज केन्द्रमा काम गर्ने महिलाले मौखिक रूपमा पुष्टि गर्न सक्दैनन् । मसाज केन्द्रमा काम गर्ने महिलाहरूले आफू यौन व्यवसायी होइन भन्ने कुरालाई प्रमाणित गर्न नसकेपछि इन्डोनेसियाको जाभा द्वीपस्थित मसाज पार्लरका महिला कर्मचारीलाई उनीहरूले लगाउने स्कर्ट वा पाइन्टको जिपरमा ताल्चा मार्न लगाइएको छ । जसले आफू मसाज मात्र गर्ने र आफूबाट यौनसम्पर्कको आशा नराख्न ग्राहकलाई संकेत गर्छ । महिलालाई स्कर्ट र पाइन्टमा ताल्चा मार्न लगाउँदा केही महिलाले अधिकारको हनन गरेको बताए पनि त्यसले महिलालाई सम्मानित गर्दै पर्यटन व्यवसायमा समेत सकारात्मक प्रभाव पार्ने बताइएको छ । स्थानीय प्रशासनको उक्त निर्णयले इन्डोनेसियाको अन्य पर्यटन क्षेत्रमा खोलिएका मसाज केन्द्रमा पनि सकारात्मक प्रभाव परेको छ । उनीहरू पनि महिला कर्मचारीलाई स्कर्ट र पाइन्टको जिपरमा ताल्चा मार्न प्रोत्साहित गर्न थालेका छन् ।

## निर्वस्त्र टेलिभिजन आउँदै





क्यानाडाबाट प्रारम्भ भएको 'नेकेड न्यूज' ले आफ्नो क्षेत्र विस्तार गर्दै गएपछि टेलिभिजन समाचारको क्षेत्रमा नयाँ सोचको विकास भैरहेको छ । अहिले यो न्यूज च्यानलले विभिन्न देशमा टेलिभिजन स्टेसन स्थापना गर्नुका साथै सेवा नपुगेका क्षेत्रमा इन्टरनेटमार्फत समाचार बिक्री गरिरहेको छ । नेकेड न्यूजतर्फ आममानिसको रुचि बढ्दै गएपछि न्यूजिल्यान्डको इन्डिपेन्डेन्ट टेलिभिजनले निर्वस्त्र समाचार प्रसारण गर्न 'अल्टर टेलिभिजन' स्थापना गरेको छ । न्यूजिल्यान्डमा नेकेड न्यूजप्रति दर्शकको आकर्षण बढ्दै गएपछि उक्त च्यानल प्रसारण गर्न लागिएको हो । अप्रिल महिनाको अन्तातिर प्रसारणमा आइसक्ने यो टेलिभिजन च्यानलले समाचारवाचिकाहरूको छनौटसमेत गरिसकेको छ । २० नाघेका तर ३० वर्ष नकाटेका युवतीहरूलाई समाचारवाचिका बन्न आफ्नो निर्वस्त्र शरीरको तस्बिरसहित आवेदन दिन यो टेलिभिजनले आह्वान गरेको छ ।



## आकर्षण कसिलो

वाकोल्स कम्पनीले तयार पारेको भित्री पोसाकप्रति मोटो शरीर भएका महिलाहरूको आकर्षण अत्यधिक छ । मोटो शरीरलाई कसिलो पार्ने उक्त पोसाक जापानको बजारमा आएको तीन वर्षमै ७२ लाख थान बिक्री भएको थियो । अहिले उक्त कम्पनीले भद्दा पुरुषहरूको शरीरलाई आकर्षित गर्न 'क्रस वाल्कर' बजारमा ल्याएको छ ।

**तस्बिर : योसिकाजु सुनो/एपी**



## अन्त्यमा...

यौनसम्पर्क गर्ने चाहनालाई स्थानले पनि फरक पार्छ भन्ने कुरा हालै बेलायतबाट प्रकाशित हुने डिजायर म्यागजिनले गरेको एक सर्वेक्षणले पुष्टि गरेको छ । सर्वेक्षणमा ब्रिटिसहरूलाई यौनसम्पर्क राख्न कुन स्थान मन पर्छ भनेर सोधिएको प्रश्नमा अधिकांश सहभागीले विश्वकै चर्चित फुटबल स्टेडियम वेम्बलीमा यौनसर्म्पक राख्ने इच्छा भएको बताएका छन् । म्यागजिनले गरेको उक्त सर्वेक्षणमा ब्रिटिसहरूले दोस्रो स्थानमा स्टोनहेन्गी, विल्ट्स, लन्डन थर्ड आईको पनि छनौट गरेका छन् । यसैगरी ब्रिटिसहरूले ह्याम्पटनको कोर्ट मेज, सुरे, क्रेन अब्बास एल्टोन टावरको रोलर कोस्टर र स्टाफ्सजस्ता स्थानमा यौनसम्पर्क राख्ने चाहना व्यक्त गरेका छन् ।

## सानो पर्दा

सेलिब्रेटीहरू पनि स्वादका पारखी हुन्छन् । उनीहरूमध्ये कतिपय कुनै परिकार बनाउन पोख्त हुनसक्छन् । यसैलाई मध्यनजर राख्दै सो टाइम इन्टरटेनमेन्टले नेपाल टेलिभिजन-२ मा हरेक बुधबार राति सवा नौ बजे कार्यक्रम 'कुकिङ्ग विथ द स्टार' प्रसारण गर्न थालेको छ । कार्यक्रमको हरेक अंकमा फरक-फरक सेलिब्रेटी आउँछन् । कार्यक्रममा एकजना सेफ पनि हुन्छन्, जसले सेलिब्रेटीलाई उनले इच्छा गरेको परिकार बनाउन सिकाउँछन् । कार्यक्रममा मनोरञ्जनका लागि म्युजिक भिडियोहरू पनि बजाइन्छ । कार्यक्रमको सञ्चालन भिजे सुषमाले गरिरहेकी छिन् ।

कान्तिपुर टेलिभिजनको युवापुस्ताबीच लोकप्रिय कार्यक्रम 'कल कान्तिपुर-रिलोडेड'को सञ्चालन अचेल सुरजसिंह ठकुरीले एक्लै गरिरहेका छन् । विगत केही महिनाअघि उक्त कार्यक्रमकी सञ्चालिका माल्भिका सुब्बाले कान्तिपुर टेलिभिजन छाडेपछि ठकुरी एक्लिएका हुन् । हरेक साँझ पाँच बजेदेखि साढे छ बजेसम्म दर्शकसँग प्रत्यक्ष कुराकानी गर्दै म्युजिक भिडियो बजाइने उक्त कार्यक्रमका निर्माता पनि ठकुरी नै हुन् । भनिन्छ, अहिले ठकुरी एउटी महिला भिजेको खोजीमा छन् ।

इमेज च्यानलमा हरेक शुक्रबारदेखि आइतबारसम्म राति आठ बजे एकघण्टा प्रसारण भैरहेको गायन प्रतिस्पर्धात्मक कार्यक्रम 'साउथ एसियन स्टार नेपाल'का लागि उत्कृष्ट दुईको छनौट भैसकेको छ । दक्षिण एसियाली मुलुकहरू नेपाललगायत भारत, बंगलादेश, श्रीलंका र पाकिस्तानका निजी च्यानलहरूको समूह 'साउथ एशिया'ले संयुक्त रूपमा आयोजना गरेको गायन प्रतिस्पर्धात्मक कार्यक्रम 'साउथ एसियन स्टार'का लागि यसरी छनौटमा परेकाहरूमध्येबाट हरेक देशका सर्वोत्कृष्ट दुई-दुई जनालाई भारतको कोलकातामा हुने फाइनल प्रतिस्पर्धामा भिडन्त गर्न पठाउने व्यवस्था गरिएको छ । 'साउथ एसियन स्टार नेपाल'को छनौट गर्ने जिम्मा दर्शक एसएमएस मत भए पनि कार्यक्रमका निर्णायकत्रय संगीतकार राजु सिंह, संगीतकार विजयसिंह मुनाल र गायिका रीमा गुरुङ होडा थिए । उक्त कार्यक्रमको सञ्चालन पल्लवी ढकालले गरेकी थिइन् ।



आउँदो असार महिनामा इमेज च्यानलले दसौं टुबोर्ग इमेज एवार्ड वितरण कार्यक्रम आयोजना गर्ने घोषणा गरेको छ । इमेज च्यानलका अध्यक्ष आरके मानन्धरले यो वर्ष दुई जना पुराना संगीतकर्मीलाई लाइफ टाइम एचिभमेन्ट एवार्ड वितरण गरिने जानकारी दिए । उक्त एवार्ड यस पटक गीतकार किरण खरेल तथा गायक योगेश वैद्यलाई प्रदान गरेको जानकारी मानन्धरले दिए । विगतमा झैं यस पटक पनि विभिन्न चार समूहअन्तर्गत २५ वटा विधामा एवार्ड वितरण गरिने इमेज एफएमका स्टेसन म्यानेजर भरत शाक्यले बताए ।

## लभ गुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्ने छैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



**म २५ वर्षीया डिप्लोमा अध्ययनरत छात्रा हुँ। २०५७ सालमा एसएलसी दिने क्रममा मैले उसलाई भेटेकी थिएँ। त्यसपछि अध्ययनका लागि मैले भारत जानुपर्‍यो। आठ वर्षपछि उसलाई भेट्ने चाहले डोर्‍याएर म काठमाडौं फर्किएँ। मैले उसलाई भेटेँ, तर पूरै अपरिचितजस्तो। मैले उसलाई पहिलेका कुरा गरे पनि उसले साथीजस्तो व्यवहार गर्‍यो। यति धेरै समयपछि मात्र मैले उसलाई एकतर्फी माया गरेकी रहेछु भन्ने थाहा पाएँ। उसले त मलाई साथी मात्र मान्दो रहेछ। अब त म उसलाई आफ्नो मनको कुरा भनिदिउँ कि जस्तो लाग्छ, तर डर पनि लाग्छ, कहीं यति लामो समयको मित्रता टुट्ने त होइन ? म के गरूँ ?**

**–अञ्जान**

भनिन्छ, प्रेम अभिव्यक्त गर्न ढिलाइ गर्नु हुँदैन। तपाईं त धेरै पछाडि परिसक्नुभयो। आठ वर्ष भनेको लामो समय हो, प्रेम अभिव्यक्त गर्न। अझै पनि तपाईं आफूलाई एकतर्फी प्रेमी मान्दै हुनुहुन्छ। यसलाई दुईतर्फी बनाउने समय कहिले आउँछ ? प्रेमको आरम्भ मित्रताबाटै हुन्छ। ऊ तपाईंको मित्र त हुँदै हो। प्रेमी बनाउन कत्ति बेर लाग्दैन। तपाईंले सुन्नुभएको छैन- 'छोराले आँटे वर्ष दिन, छोरीले आँटे एकैछिन।' आफ्नो मनमा रहेका सबै आशंका वा धक फुकाउनुहोस् र तुरुन्त उसलाई भेट्नुहोस्। एउटा राम्रो ग्रिटिङ्ग कार्ड र रातो गुलाफ उसलाई दिँदै भन्नुहोस्- 'म तिमीलाई चाहन्छु, के तिमी पनि मलाई चाहन्छौ ?' अनि हेर्नुहोस्, के हुन्छ ?

## फिल्मी खबर

• निर्माता तथा निर्देशक नरेश पौड्याल आगामी केही सातापछि आफ्नो पूर्वघोषित चलचित्र 'दीपशिखा'को निर्देशन गर्दैछन्। झन्डै डेढ वर्षअघि चलचित्र 'धड्कन'ले पाएको व्यावसायिक सफलतासँगै घोषणा गरिएको यो चलचित्रमा त्यतिबेला नायकको भूमिकामा दिलीप रायमाझी र विराज भट्ट रहने बताइए पनि अब उक्त चलचित्रमा राजबल्लभ कोइराला र नीरज बरालले अभिनय गर्नेछन्। अरुणिमा लम्साल नायिका रहने यो चलचित्रमा चेतन सापकोटाको संगीत सुन्न पाइनेछ। चलचित्रका गीतहरू इन्डियन आइडलका फस्ट रनरअप अमित पौलले गाएका छन्।

• हालसम्म मगर चलचित्रको संख्या मुस्किलले एक दर्जन पुगेको छ। मेजन पुनको ऐजु, सन्तोष पिठाकोटीको चिनारी र सालीज्यू, बलिसरा थापाको यानीमाया, नरजंग रानाको अधुरो प्रेम, थमनसिंह रानाको मेरो सम्झना, मौसम पुनको बाध्यता, भीम पुनको हाम्रो सानो गाउँ, सञ्जय काउछाको सूर्योदय र तोरण पुनको आत्मीय अहिले सम्म बनेका मगर चलचित्र छन्। छिट्टै निर्माण हुने घोषणा गरिएका अन्य मगर चलचित्रमा खिमन पुनको 'कर्पाके बाबा', इन्द्र रानाको पछ्यौरी, पूर्ण थापाको 'लाहुरे', थमानसिंह रानाको सहिद, तोरण पुनको पुनहिल छन् भने मिलन पुनको गोठालो दाइको सुटिङ धमाधम भैरहेको छ।

• निर्देशक नारायण पुरीको निर्देशनमा दुबईमा छायांकन गरी फर्किएको चलचित्र 'मातृभूमि'को अन्तिम चरणको छायांकन हाल राजधानीका विभिन्न स्थानमा भैरहेको छ। चलचित्रमा सुशील क्षेत्री, सौजन्य सुब्बा आदि कलाकारले अभिनय गर्दैछन्।

• सुदर्शन थापाको निर्देशनमा हाल छायांकन भैरहेको चलचित्र 'मेरो एउटा साथी छ'को छायांकन टोली इलामबाट काठमाडौं फर्किएको छ। चलचित्रका कार्यकारी निर्माता करणवीर मालाकारले जनाएअनुसार मौसम अनुकूल नभएकाले आवश्यक केही दृश्य छायांकन गरी चलचित्र युनिट काठमाडौं फर्किएको हो। चलचित्रमा आर्यन सिग्देल, जीवन लुइँटेल, नम्रता श्रेष्ठ आदिको मुख्य भूमिका छ।

• नायक दिलीप रायमाझीको दुईमहिने लन्डनयात्राका कारण छायांकन रोकिएको चलचित्र 'पल-पलमा'को बाँकी छायांकन आरम्भ भएको चलचित्रका निर्देशक उकेश दाहालले बताएका छन्। जिगलो अर्थात् पुरुष वेश्यालाई चलचित्रको मूल कथा बनाइएको छ। चलचित्रमा दिलीपका साथै रमित ढुंगाना पनि नायक छन्। यो चलचित्रमा विक्रान्त बस्नेत र उषा पौडेलले विशेष भूमिका निर्वाह गरेका छन्।

• चलचित्र 'हामी तीन भाइ' र 'भरोसा' निर्माण गरिसकेका सञ्चारकर्मी एवं चलचित्र निर्माता जयप्रकाश रिजालले आफ्नो तेस्रो चलचित्र 'अर्जुनदेव'को छायांकन आरम्भ गर्दैछन्। यो चलचित्रका निर्देशक शिव रेग्मी हुन्। आफूले निर्देशन गर्ने चलचित्र आफैं लेख्ने निर्देशक रेग्मी सम्भवतः पहिलो पटक अरू कुनै लेखकले लेखेको चलचित्र निर्देशन गर्दैछन्। सुरेश अधिकारीको संगीत रहने यो चलचित्रमा विराज भट्ट दोहोरो भूमिकामा देखा पर्दैछन् भने नायिका तथा अन्य कलाकारको चयन हुन बाँकी छ।

• कुनै बेला निर्देशक नारायण पुरीको सहायक रहेका नवल नेपालको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'तस्बिर' छायांकनको अन्तिम चरणमा



पुगेको छ। दिलीप रायमाझी र सुशील क्षेत्री नायक रहेको यो चलचित्रमा रिमेश अधिकारी तथा पुष्पराज पुरुष पनि मुख्य भूमिकामा देखा पर्नेछन्।

• मिराज फिल्म्सका लागि मिलन सुवेदीले निर्माण गरेको चलचित्र 'इतिहास'को प्रदर्शन केही साताभित्रै थालिने भएको छ। उद्धव अभिजितले निर्देशन गरेको यो चलचित्रलाई 'जित्नेहरूको इतिहास' भन्ने उक्तिमा आधार बनाई निर्माण गरिएको हो। चलचित्रमा विराज भट्ट, दिलीप रायमाझी, रेखा थापा, सञ्चिता लुइँटेल, रेजिना उप्रेती, मिथिला शर्मा, मुकुन्द थापा, इशान राउत, परशुराम चौधरी, संघरत्न महर्जनका साथ नयाँ अनुहारका रूपमा विरुभाइ बज्राचार्यले अभिनय गरेका छन्। चलचित्रमा सुरेश अधिकारीको संगीत सुन्न पाइनेछ।


## बद्रीले तताए दोहोरी साँझ



बुटवल– चर्चित लोकदोहोरी गायक बद्री पंगेनीले शुक्रबार बुटवलको निरमाया दोहोरी साँझ तताए। स्थानीय कलाकारहरूको प्रस्तुतिमा चित्त बुझाउँदै आएका दोहोरी साँझका ग्राहकहरूले बद्रीका गीतमा रम्ने अवसर पाए, यद्यपि बद्रीले त्यहाँ दोहोरी गीत भने गाएनन्। दोहोरी साँझमा जुरेको त्यो अवसरमा उनले श्रोताका लागि बिल्कुलै नयाँ लाग्ने आफ्नो नवौं एल्बम 'समयको स्वर' पहिलो पटक सार्वजनिक गर्दै उक्त एल्बमका सबै गीत गाए।

'मुस्ताङको स्याउ कुहियो' बाट गाउन सुरु गरेका बद्रीले एल्बमका पाँचवटै गीत गाएर दोहोरी साँझमा उपस्थित श्रोतालाई मज्जाले नचाए। देशको समसामयिक राजनीतिमा केन्द्रित उक्त एल्बमका गीतमा गणतन्त्र, राष्ट्रियता, नयाँ संविधान, नयाँ नेपाल ,जनजीविका, न्याय, समानता र सहिदका सपनाजस्ता विषय समेटिएका छन्। कार्यक्रममा स्थानीय कलाकार वैकुण्ठ महत, प्रचण्ड जीसी, लक्ष्मण खड्का, संगम महत, सीता ज्ञवाली, सीता राना, सोम थापा आदिले पनि आ-आफ्नो प्रस्तुति दिए।

**– टोपराज शर्मा**



# संविधानसभामा विधायक हुन पाए सबैभन्दा पहिले के गर्नुहुन्थ्यो ?

## केवल एक प्रश्न

सबैभन्दा पहिले ? शपथग्रहण गर्थें, ५० प्रतिशत महिला आएका छन् भन्ने सुनेको छु, कस्ता आएछन्, खोज्थें । ६ सय १ जनामा म कहाँ हराइरहेको छु भनेर आत्तिन्थें पनि होला, म बस्ने ठाउँबाट अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र टाढा भएकाले बिहान सबेरै उठेर हिंड्थे । संविधान बनाउनुभन्दा पहिले मन्त्री कसरी हुने भनेर पनि सोच्थें होला ।

**दीपकराज गिरी, हास्यकलाकार**

के गर्नु र ? हाहाहा...सबैभन्दा पहिले शपथ लिनैपर्‍यो । म त रंगीन पहिरन लगाएर बैठकमा जान्थें, जसले गर्दा ६ सय १ जनाको भीडमा सबैले सजिलै चिन्न सकून् । अनि उपस्थित सबैलाई हास्य कार्यक्रम देखाएर हँसाउँथे । स्टेज शोका लागि ६ सय जना दर्शक पाउनु राम्रो कुरा हो, संविधानसभाको पहिलो बैठकमा सबैलाई हँसाएपछि सायद रुने दिन नआउला कि ?

**जितु नेपाल, हास्यकलाकार**

बैठकमा गएर बस्छु, अहिलेसम्म हामीले संविधान बनाउन पाएकै छैन । ०४६ साल र त्योभन्दा अघि पनि अरूले नै बनाए । अहिले त संविधान बनाउनकै लागि ६ सय १ जना भेला हुँदैछन् । अचम्म त वाल्मीकीले रामायण, देवकोटाले मुनामदन कसरी एक्लै लेखे होलान् ? आफूसँग संविधान लेख्ने अनुभव नभएकाले ६ सय जनाले कसरी संविधान लेख्छन् भनेर हेर्ने काम गर्छु तर मजस्तै सबैले हेर्ने काम मात्र गर्छन् जस्तो छ.... ।

**शिवहरि पौडेल, हास्यकलाकार**

एकछिन ल ? भीडबाट साइड लाग्छु है ? पहिलो कुरा प्रत्यक्ष वा समानुपातिक कताबाट विधायक हुने प्रस्ट भएन । प्रत्यक्षबाट आएको भए श्रीमतीलाई समानुपातिकबाट कन्फर्म लैजान्थें । पीएकी श्रीमती तथा ससुरालीतर्फका सालीहरूलाई विधायक बनाउन पहल गर्थें । संसद् सुरु भएपछि सुत्केरी भत्ता पचाउन भुडी ठूलो पार्थें, जसले गर्दा समाजले म नै सुत्केरी हुन लागेको हो कि भनेर अनुमान गरोस् । हङकङ-बैंकक, प्राडो-पजेरोको सपना त छँदै थियो तर खोइ दुई वर्षभित्र के पो गर्न भ्याइन्छ र ?

**नारद खतिवडा, हास्यकलाकार**

यसअघि जस-जसले देश डुबाए ती सबैसँग भेटेर कसरी हत्याहिंसालाई बढावा दिने, अराजकता बढाउने, जनतालाई आतंकित बनाउने भनेर बृहत् गोलमेच सम्मेलन आयोजित गर्थें । त्यसपछि पत्रपत्रिकामा हत्या-हिंसा रोकिएको मुलुकमा शान्ति-सुरक्षा कायम रहेको प्रवचन दिने अभ्यास गर्थें । भ्रष्टाचारीहरूलाई कसरी सम्मान गर्ने भनेर छलफल पनि चलाउँथें ।

**सीताराम कट्टेल, हास्यकलाकार**



# सबै वर्गका लागि हो दृष्टि

## सरिता लामिछाने

## जम्का भेट

तुलसी घिमिरेद्वारा निर्देशित टेलिश्रृंखला मुक्तिबाट अभिनय यात्रा प्रारम्भ गरेकी अभिनेत्री सरिता लामिछाने दृष्टि नामक टेलिसिरियल निर्माण गर्दैछिन् । यसअघि एक सय एकाउन्न भाग लामो टेलिसिरियल परिचय निर्माण गरिसकेकी सरिता मूलत: अभिनेत्री हुन् । नयाँ सिरियल दृष्टिबाट उनी निकै आशावादी छिन् ।

**दृष्टि कस्तो टेलिचलचित्र हो ?**

सबैले हेर्दा हुने र हेर्नेलाई मनपर्ने ।

**सबैलाई मनपर्ने भनेको के हो ?**

सबै वर्ग, समुदाय तथा पुस्ताले मन पराउने भन्न खोजेकी हुँ ।

**इन्डियन सिरियलको कपी गरेर सबैको माया पाइएला र ?**

मैले निर्माण गरेको परिचय कपी थिएन । त्यहाँ कोमलीका, प्रेरणा वा पार्वती कोही थिएनन् । त्यसैले त्यो सिरियल सर्वग्राह्य भयो । एक भागदेखि अन्तिम भाग (एक सय एकचालीस) सम्म (टीआरपीमा) सबैभन्दा बढी हेरिने सिरियल भयो । सर्वेक्षण अनुसार आजसम्मकै सबैभन्दा बढी बयालीस प्रतिशत दर्शकले हेरेको सिरियललाई सबैले माया गरेको भन्न मिल्छ ।

**परिचय र दृष्टि कुनको पल्ला भारी होला बजारमा ?**

हामीलाई धेरैले परिचयको जस्तो दर्शक पाउनु भूतो न भविष्य भनेका छन् । दृष्टि निर्माणको तयारीमा रहेकाले हामी यो कुरामा बढी सचेत छौं ।

**दृष्टि हेर्नेले के पाउलान् र नहेर्नेले के गुमाउलान् ?**

दृष्टि जीवनको हेराइ हो । सबैले आफ्नो जीवनलाई हेर्ने, सुन्ने तथा भेट्नेछन् दृष्टिमा । गुमाउने नगुमाउने भन्ने कुराचाहिँ समयले बताउनेछ ।

# नेपालगन्ज अझ बढी तात्यो

नेपालगन्ज– कुनै बेलाको मध्य तथा सुदूर पश्चिमाञ्चलको व्यापारिक केन्द्र नेपालगन्जको मंगलप्रसाद मा.वि.मा हूलका हूल भिड जम्मा हुँदै थियो । अघिपछि घाम नअस्ताएसम्म मानिसको भीड नदेखिने ठाउँमा त्यत्रो भीड किन ? त्यसको कारण थियो– अपरान्ह चार बजेदेखि हुने लाइभ कन्सर्ट । चर्को गर्मीमा कलाकारले दर्शकहरूलाई अझ तताउँदाको रौनक नै बेग्लै देखिन्थ्यो ।

लगभग ४५ मिनेट ढिलो प्रारम्भ भएको कार्यक्रमको सुरुवात 'ब्याक अप ब्यान्ड दि लिजेन्ड' ले स्वागत धुनबाट गर्‍यो । ठूलो स्टेज र ४० हजार वाटको साउन्ड सिस्टमबाट घन्किएका आवाजमा हराएको थियो– नेपालगन्ज । त्यसमा पनि आफ्ना मनपर्ने 'आर्टिस्ट' अनि रेडियो कान्तिपुरका दुई प्रख्यात प्रस्तोता आशिष र प्रसन स्याङ्देनलाई सुन्न मात्र होइन, देख्न पाएकोमा उपस्थित सबै दङ्ग थिए ।

धेरैको मन जितेकी कुन्ति मोक्तानलाई नलिना चित्रकारले साथ दिइन्, माथि-माथि सैलुङ्गेमा....... गीत गाएर । त्यसपछि गायक अनिल सिंह इन्जिन गाडीमा चढेर स्टेजमा आए । अनिलका लागि नेपालगन्जमा यो दोस्रो कार्यक्रम थियो । लगभग तीन वर्षपछि उनी फेरि भन्दै थिए म माया गर्छु ....... त्यसैले उनले गाएको 'रिसाए नि ठीकै' गीतमा दर्शकहरू निकै उत्साहित देखिन्थे ।

साथीहरूका लागि कुनै गीत गाउनुपर्‍यो भने सबैभन्दा पहिले सुगम पोखरेलको याद आउँछ अनि उनले गाएको गीत मेरो एउटा साथी छ .......। जसका लागि साँचेको माया थोरै हुन्छ र मेरो संसार तिमी नै हौ भन्न पनि गाह्रो लाग्दैन । यस्तै महसुस भयो सबैलाई, जब सुगमको आवाज घन्कियो । नलिनाले तिम्रो अधर, जिन्दगी, चाहिँदैन हीरा र मोती अनि मेहन्दी लगाऊ.... गाएर अर्को स्वाद थपिन् ।

निमाले स्टेजमा आएर दर्शकहरूको आकांक्षा पूरा गर्न कुनै कसर बाँकी राखेनन् । निमाले गाएको 'आफ्नै देश प्यारो ......' गीत धेरैले मन पराए । त्यसपछि भने भीड अनियन्त्रित हुँदा कार्यक्रममा तनाव सृजना भयो । भीडलाई रोक्न प्रहरी बलको दौडादौड देखिन्थ्यो । बिस्तारै साम्य भएको भीडसँगै मौसम पनि शीतल हुँदै गएको थियो । अन्तमा सबिन राईको पालो आयो । पुर्वेली युवक राईले थारू भाषाको गीत गाउँदा सबैले चाख मानेर सुनेका थिए । नेपालगन्जमा यो कार्यक्रमका लागि धेरै प्रचार-प्रसार नभए पनि दर्शकहरूको संख्याले आयोजकहरूलाई अचम्भित तुल्याएको थियो । साँझ सात बजेपछि सकिएको कार्यक्रमको आनन्द कलाकारदेखि लिएर सम्पूर्ण दर्शकको अनुहारमा प्रस्ट देखिन्थ्यो ।

**–शिला पाण्डे**

### बिर्तामोडमा पनि

मध्यजेठको उखरमाउलो गर्मीको परवाह कसैलाई थिएन । बरु कनकाई क्याम्पसको मैदानमा गायक-गायिकासँगै मच्चिईमच्चिई नाचिरहेका देखिन्थे सहरिया तन्नेरीहरू । सोमबार यहाँ सम्पन्न लाइभ कन्सर्टमा यस्तै दृश्य देखियो । कुन्ती मोक्तानले कन्सर्टको उद्घाटन गीत गाएकी थिइन् । नलिनाले गीतसँगै मोटो ज्यान उफार्दा उनी थाकेको प्रस्ट हुन्थ्यो तर दर्शकहरू ननस्टप उफ्रिरहेका थिए । बिर्तामोडमा निकै लामो समयपछि



आयोजित कन्सर्टमा हजारौं सहभागी थिए । कन्सर्ट हेर्न आएकी दमककी प्रसिद्धिका सुब्बाले चिच्याउँदै भनिन्- फुल्ली इन्जोय भैरहेको छ । उनीसँगै नाचिरहेकी रमिला शाक्य पनि लामो समयपछि कन्सर्टमा सहभागी हुन पाएको बताउँदै थिइन् ।

लामो केश पछाडि बाँधेका सुगम 'फेरि त्यो दिन' भन्दै स्टेजमा उक्लँदा ताली गडगडाहट र तन्नेरीहरूको चिच्याहट एकसाथ सुनियो । सुगमले 'मेरो एउटा साथी छ' गाउँदा धेरै दर्शकले वान्स मोर भन्दै चिच्याए, तर गायकले सायद सुनेनन् होला र अर्को गीत गाउन थाले । सुगम जानेबित्तिकै अनिलसिंह बुझ्नदेऊ मलाई तिम्रो नयनमा माया भन्दै चिच्याउन थाले । प्रचण्ड गर्मीका कारण युवाहरू एकसरो टि-सर्टमा थिए भने युवतीहरू स्लिभ भेस्टमा सजिएका थिए । अनिलपछि उखरमाउलो गर्मीलाई अझ गर्मागरम बनाउन गायक सबिन राई स्टेजमा आए । अन्तिममा आएका गायक निमा रुम्बा स्टेजमा चढेपछि निकै हर्षित देखिन्थे । कारण उनको जन्मदिन रहेछ । कन्सर्टका सहभागी र दर्शकहरूले निमालाई ह्याप्पी बर्थ डे भन्दै बधाई दिँदा उनी भावविह्वल भए ।

## साताको स्वर



### सुमित खड्का

**हिमाल पहाड तराई कोही छैन यहाँ पराई....कस्तो खाले गीत हो ?**
सांगीतिक समानुपातिक गीत हो।

**गीतले के भन्न खोजेको हो ?**
देशभरि रहेका सम्पूर्ण जातजाति, भाषाभाषी हामी सबै नेपाली हौं भन्न खोजिएको हो।

**गीत सफल हुनुको कारण ?**
समय सान्दर्भिक र देशको अवस्थालाई गीतले समेट्न सकेकाले।

**गीतमा तीन जना गायक राख्नुको कारण ?**
हिमालका फुर्वा शेर्पा, पहाडको म र तराईका प्रवलदीप विश्वास (राजवंशी) तीनै क्षेत्रलाई प्रतिनिधित्व गर्न।

**गीतले व्यावसायिक सफलता हासिल गरेको छ ?**
सोचेभन्दा धेरै राम्रो। पूर्वाञ्चलमा अत्यधिक सफलता मिलेको छ।

**डिजेइङ** गर्नमा सबैभन्दा चर्चा पाएका डिजे राजु, पुरुष पप गायनमा चर्चित निमा रुम्बा, महिला गायिकामा सबैभन्दा व्यस्त एवं चर्चित मौसमी गुरुङ। यी तीन जना गत साता स्वदेश फर्किए। चालीस दिन युरोप यात्रा गरी फर्किएका यी तीनमध्ये डिजे राजुले आफ्नो यात्रा अनुभव साप्ताहिकलाई सुनाए। बेलायतबाहेक युरोपका अन्य देश नेदरल्यान्ड, बेल्जियम, जर्मनी, फ्रान्स, लक्जम्बर्ग र स्पेनमा रहेका नेपालीहरूसामुन्ने यी तीन जनाले आ-आफ्नो कला प्रस्तुत गरे। निमा र मौसमीले आफ्ना चर्चित गीत गाएर दर्शक नचाएपछि पालो आउँथ्यो डिजे राजुको। डिजे राजुले भने- 'दर्शकको चाप बढेर बेल्जियममा त दोहोर्‍याएर कार्यक्रम गर्नुपर्‍यो।'

**गायक** राजेशपायल राई केही सातादेखि गम्भीर बिरामी भए पनि यसै साता निको भएका छन्। 'डिपभेन थम्बोसिस' नाम गरेको रोग लागेपछि उनी थला परेका थिए। रगत बाक्लो भै मुटुसम्म रगत नपुग्ने खतरनाक रोगबाट ग्रसित भए पनि गायक राईले नियमित रूपमा रगत पातलो बनाउने औषधी सेवन गरेर रोग निको पारेका छन्। केही साताको आरामपछि यसै सातादेखि उनी नियमित काममा लागेका छन्।

**मैत्री**, करुणा र शान्तिको सन्देश प्रवाह गर्ने उद्देश्यले एक वर्षअघि बुद्धपूर्णिमाका दिन आरम्भ भएको मैत्री एफएम ९९ दशमलव ४ ले गत साता पहिलो वार्षिकोत्सव मनायो। बुद्धपूर्णिमाको दिन बुद्धपूजा गरेर मनाइएको वार्षिकोत्सवमा एफएम परिसरमा भेला भएका कलाकारहरू आगन्तुक खरेल, मिग्मा शेर्पा, बद्री पंगेनी, रेश्मा सुनुवार, सुजिल कर्माचार्य, भरत सिटौला, सुमन श्रेष्ठ आदि कलाकारले आफ्ना विभिन्न चर्चित गीत सुनाउनुका साथै रक्तदान पनि गरेका थिए। एफएमका प्रबन्ध निर्देशक तथा संगीतकार अजय क्रान्तिको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा किड सोल, म्याडजोन, नेप्साइडेजजस्ता समूहले पनि गीत-संगीत प्रस्तुत गरेका थिए।

**गायक** दावा गुरुङको पहिलो एल्बमको दोस्रो म्युजिक भिडियो यसै साता सार्वजनिक भएको छ। झन्डै डेढ महिनाअघि उनले आफ्नो एल्बम 'एप्लाई' बजारमा ल्याउँदा आलोक नेम्वाङको निर्देशन रहेको म्युजिक भिडियो 'भन्दिनँ म' पनि सार्वजनिक गरेका थिए। यसपटक भने उनले प्रसन्न पौडेलको निर्देशनमा एल्बमकै अर्को गीत 'देखेको माया'को म्युजिक भिडियो तयार गरी सार्वजनिक गरेका छन्, जसमा कान्तिपुर टेलिभिजनको हास्यश्रृंखला 'घरभेटी बा'मा शम्भुको भूमिका निर्वाह गरिरहेका सविन श्रेष्ठ तथा मोडल सिम्पल खनालले अभिनय गरेका छन्।

**गायक** तथा गायिकाहरूको एउटा टोली यतिखेर नाम्चेबजारमा छन्। यस वर्षको एभरेस्ट म्याराथुनको अवसरमा स्थानीय नाम्चे युवा ग्रुपले आयोजना गरेको संगीतमय कार्यक्रममा सहभागी हुन उनीहरू त्यहाँ पुगेका हुन्। हिजो बिहीबार गायक-गायिकाहरू धीरज राई, मिग्मा शेर्पा, अविनाश घिसिङ, भगवान भण्डारी, रेश्मा सुनुवार, प्राश्ना शाक्य, सत्यकला राई तथा हास्यकलाकार मनोज गजुरेलले कार्यक्रममा आ-आफ्नो प्रतिभा प्रस्तुत गरे।

**शास्त्रीय** संगीत समूह 'सुकर्म'का सदस्यहरू दुईमहिने युरोप यात्राका लागि त्यसतर्फ प्रस्थान गरेका छन्। सारंगीवादक श्याम नेपाली, सितारबादक डा. ध्रुवेशचन्द्र रेग्मी तथा तबलाबादक प्रमोद उपाध्यायसहित तीन जनाको उक्त समूहले दुई महिनाको दौरानमा बेलायत, जर्मनी, नेदरल्यान्ड्स, फ्रान्स, इटाली, बेल्जियम र स्वीजरल्यान्डमा आयोजना गरिने सांगीतिक कार्यक्रमहरूमा नेपाली धुनमिश्रित शास्त्रीय संगीत प्रस्तुत गर्नेछन्।

**झट्ट** हेर्दा फुकेको बेलुनजस्तै देखिने झन्डै एक क्विन्टल (एक सय किलो) तौलका हास्यकलाकार आरपी भट्टराई पनि गायक भएका छन्। उनलाई गायक बन्न दुब्ला हास्य गायक प्रकाश ओझाले सहयोग गरेका हुन्। हालै भट्टराईले गाएका रमाइला गीतहरूको संग्रह 'याया थुक्क' सार्वजनिक भएको छ। एल्बममा समावेश सबै गीतमा प्रकाश ओझाकै संगीत छ। एल्बमसँगै शीर्ष गीत 'याया थुक्क'को म्युजिक भिडियो पनि सार्वजनिक भएको छ। म्युजिक भिडियोमा हास्यटेलिश्रृंखला 'मेरी बास्सै'का इक्कु अर्थात् सुलेमान शंकर र बान्द्रे अर्थात् सुरज चापागाईंले पनि अभिनय गरेका छन्। जसको निर्देशन पनि गायक तथा संगीतकार ओझाले नै गरेका हुन्।

**विदेशका** कार्यक्रमहरूमा कलाकारहरूको मोह बढिरहेकै बेला गायक हेमन्त शर्मा अहिले स्वीजरल्यान्ड पुगेका छन्। स्वीस-नेपलिज सोसाइटीको निमन्त्रणमा उनी सांगीतिक प्रस्तुति दिन त्यहाँ पुगेका हुन्। करिब १७ दिनसम्म उनले स्वीजरल्यान्डका नेपालीहरूमाझ आफ्ना चर्चित गीतहरू गाएर मनोरञ्जन दिनेछन्। कतै तपाईं पनि उतै हराउने त हैन ? भन्ने जिज्ञासामा गायक शर्माले भने- कार्यक्रम सकिएपछि नेपाल फर्किन्छु, तपाईंले थाहा पाइहाल्नुहुनेछ।

**पुरुष** बस्ने जेलमा महिलालाई जान निषेध गरिएको हुन्छ। आवश्यकताअनुसार महिला जेलमा पुरुष जाने गरेका छन् तर पुरुष जेलमा महिला जाँदैनन्। विराटनगरको मोरङ कारागारमा भने गत साता महिला कलाकारले नृत्य गरेर पुरुष कैदीहरूलाई बेस्सरी नचाए। बुद्धजयन्तीको अवसरमा आयोजित शान्ति सांगीतिक कार्यक्रममा गायकहरूसँगै गएका नृत्याङ्गनाहरूले आ-आफ्नो कला प्रस्तुत गरेका थिए। मोरङ कारागारभित्र हुने हरेक सांगीतिक कार्यक्रममा पुरुषहरू नै महिला बनेर नाच्ने गरेका थिए। पूर्वाञ्चल नृत्य तथा संगीत प्रशिक्षण केन्द्रका कलाकारहरू समीक्षा कार्की, दिव्या श्रेष्ठ, नीलम भट्टराई, ममता रिजाल तथा किसमा श्रेष्ठ पुरुष बन्दीलाई मनोरञ्जन दिन त्यहाँ पुगेका थिए। महिला कलाकार नाच्दा कैदी-बन्दीहरूले रुपैयाँका नोट छरेका थिए। कार्यक्रममा गायक सुमित खड्का तथा प्रबलदीप विश्वासले गीत सुनाएका थिए।

**संगीत** उत्पादकहरूको भीडमा अर्को उत्पादक ब्ल्याक हर्स इन्टरटेन्मेन्ट पनि थपिएको छ। उक्त कम्पनीले हालै गायक सुनील जोशीको एल्बम 'हर्ट' सार्वजनिक गरेको छ। म्युजिक भिडियोसहित सार्वजनिक गरिएको उक्त एल्बममा राजेश लामाको संगीत सुन्न पाइनेछ।

**पछिल्लो** पटक युवाहरूको रोजाइ बनेको समूह 'आस्था'का गायक नरेन लिम्बू म्युजिक भिडियो निर्देशक भएका छन्। लिम्बूले आफ्नै निर्देशनमा गायक फुसाङ्गको एउटा गीत 'सायद'को म्युजिक भिडियो बनाएका छन्। यसका साथै उनले भीषण योञ्जनको गीतको पनि म्युजिक भिडियो बनाएका छन्। रमाइलो कुरा के छ भने उनी ती दुवै म्युजिक भिडियोमा मोडल पनि भएका छन्। एकल एल्बम निकालिसकेका गायक भीषण योञ्जन भने अब संगीत समूहको गीतारिस्ट तथा गायक भएर एल्बम बजारमा ल्याउँदै छन्। लिम्बूले अन्य तीन जना संगीतकर्मीको साथमा संगीत समूह 'स्टोन एम्प' गठन गरेका छन्।



**अफबिट** पोखराको एक सांगीतिक कार्यक्रममा गायक स्वरूपराज आचार्य र धर्मेन्द्र सेवानसँग तस्बिर खिच्दै पोखराका प्रशंसकहरू।

तस्बिर : शिव शर्मा

## लाइभ शो

चर्चित लोकदोहोरी गायक राजु परियारले पुनः मुम्बईमा कार्यक्रम प्रस्तुत गर्ने भएका छन्। आगामी ८ जूनमा हुने सांस्कृतिक कार्यक्रम दुराडाँडे दाइमा सहभागी हुन उनी मुम्बई आउँदै छन्। दौंतरी सांस्कृतिक समूह मुम्बईद्वारा आयोजित उक्त कार्यक्रममा सहभागी हुन दोहोरी गायिका शकुन्तला थापा, नायक रोहन ढकाल तथा नायिका निशान शाही पनि मुम्बई पुग्नेछन्। यही कार्यक्रमलाई मुम्बईको घाटकोपरमा ९ जूनमा र पुनामा १० जूनमा प्रस्तुत गरिनेछ।

## नजिकबाट

### उदेश श्रेष्ठ



| | |
|---|---|
| जन्म मिति | : २०३७ चैत |
| घरमा बोलाउने नाम | : कालु |
| नामको अर्थ | : उद्देश्य लिएर हिंड्ने |
| परिचय | : गायक |
| जन्मस्थान | : कटारी, उदयपुर |
| रुचि | : संगीत, भ्रमण |
| प्रकाशित एल्बम | : लभ एरिया, रहस्य |
| सांगीतिक गुरु | : विजयेद्र मिश्र |
| नजिकका साथी | : सन्तोष, भूगोल, युवराज |
| पकाउन जानेको परिकार | : सबै |
| मनपर्ने रंग | : कालो, सेतो |
| मनपर्ने पहिरन | : सुहाउने सबै |
| मनपर्ने मौसम | : जाडो |
| मनपर्ने खेल | : फुटबल |
| फुर्सदमा | : घुम्ने, गीत सुन्ने |
| मनपर्ने गीत | : यो कथा |
| रिस उठेको बेला | : कोहीसँग नबोल्ने |
| मनपर्ने आफ्नै बानी | : मिलनसार |
| पहिलो गीत | : यो जुनीमा |
| पहिलो एल्बम | : लभ एरिया |
| पहिलो चर्चित गीत | : यो जुनीमा |
| सबैभन्दा वढी माया | : आमालाई |
| पहिलो बाजा | : गितार |
| पहिलो प्रेम | : २०५२ सालमा |
| पहिलो चुम्बन | : २०५४ मा तिनै प्रेमिकालाई |
| पहिलो फोटोसेसन | : अनिल स्थापितसँग |
| नराम्रो बानी | : चाँडै विश्वास गर्ने |
| गोप्य कुरा | : क्याफे खोलेको छु |
| अन्य प्रतिभा | : नृत्य, फोटोग्राफी |




## ब्यान्ड बक्स केडियन्स (थ्री मेन)

भर्खर कलेज जीवनमा पाइला चालेका तीन जना पोखरेली तन्नेरीले रहरैरहरमा केडियन्स ब्यान्ड स्थापना गरे। सुरुमा उनीहरूले साथीभाइको देखासिकी र रहरैरहरमा ब्यान्ड खोले। कतिले त ब्यान्ड खोलेर मात्र हुन्छ ? गीत पनि गाउनुपर्छ भनेर हतोत्साहित बनाउने कामसमेत गरे, तर यी युवाहरूले संगीतमै केही गर्नुपर्छ भनेर ब्यान्डलाई स्थायी रूप दिए। ब्यान्डमा जम्मा तीन जना सदस्य छन्, जसमा भोकलिस्ट छन्– विनोद बीके। बेस्ट गितार र ड्रमरमा छन् उत्तम शाही र अनिल सुनार। भर्खर टिन एज पार गरेका यी युवाहरू पोखरा बहुमुखी क्याम्पसका सहपाठीसमेत हुन्।

यही सामीप्यताले गर्दा नै उनीहरूलाई ब्यान्डमा रहेर काम गर्न सजिलो भयो। चार वर्षअघि खुलेको उनीहरूको ब्यान्ड स्थानीय स्तरमा त्यत्तिकै लोकप्रिय पनि छ। खासमा भन्दा उनीहरूको ब्यान्ड हेभी रकमा पर्छ। पोखरा उपत्यकामा धेरै पटक कन्सर्ट गरेर पपप्रेमीहरूलाई उनीहरूले उफारिसकेका छन्। उनीहरू लेकसाइडस्थित सिल्क रोड होटलमा साताको एक पटक गीत गाउँछन्। 'गीत गाएर खासै कमाइ नभए पनि आत्मसन्तुष्टि र नामका लागि मात्र यस क्षेत्रमा लागेका छौं,' भोकलिष्ट विनोद बीके भन्दै थिए- 'संगीतको नशा लागेपछि छुटाउन गाह्रो हुँदो रहेछ।'

आधा दर्जनभन्दा बढी गीत रेकर्ड गरिसकेको भए पनि उनीहरूले एल्बम भने निकालेका छैनन। बढी कन्सर्ट र गाउनमा व्यस्तता भएकाले एल्बम निकाल्न ढिलाइ भैरहेको उनीहरूले बताए। राजधानीबाहिरका ब्यान्डहरूलाई मिडियाले समेत सपोर्ट नगरेको उनीहरूको गुनासो छ। उनीहरूलाई स्थानीय तन्त्र ब्यान्डले सपोर्ट गर्दै आएको छ। तीन सदस्यीय भएकाले उनीहरू आफ्नो ब्यान्डलाई थ्री मेन ब्यान्ड भन्न मन पराउँछन्।

–शिव शर्मा



'मालिक' नोकरले भन्यो, 'बाहिर एउटा मान्छे आएको छ, आफ्नो नाम भन्दैन, बिलको बाँकी पैसा असुली गर्न आएको भन्दैछ ।'

'हेर्दा कस्तो छ ?'

'हाइट वेट, जीउडाल, पाखुरा आदि हेर्दा त जतिसक्दो चाँडो पैसा तिर्दा हुन्छ जस्तो देखिन्छ ।'

ooo

एउटा वैज्ञानिक लेब्रोटरीमा बसेर प्रयोग गरिरहेको थियो । उसको साथमा माकुरा थियो । उसले माकुराको एउटा खुट्टा उखेलेर फ्याँकिदियो र भन्यो 'अगाडि बढ्' । माकुरा केही परसम्म हिँड्यो, उसले नोट गर्‍यो 'माकुरा एउटा खुट्टाबिना पनि केही परसम्म हिँड्न सक्छ ।' उसले माकुराको अर्को खुट्टा पनि उखेल्यो र भाग भन्यो, माकुरा केही परसम्म हिँड्यो । 'दुईवटा खुट्टा उखेल्दा पनि माकुरा केही परसम्म हिँड्न सक्छ' वैज्ञानिकले फेरि नोट गर्‍यो, एवं रीतले वैज्ञानिकले माकुराको एउटा खुट्टा मात्र बाँकी राख्यो । वैज्ञानिकले माकुराको अन्तिम खुट्टा पनि उखेल्यो र माकुरालाई भाग भन्यो । माकुरा हिँड्न सकेन, वैज्ञानिकले निष्कर्ष निकाल्यो र नोट गर्‍यो- 'माकुराको सबै खुट्टा उखेलिदियो भने ऊ बहिरो हुन्छ ।'

ooo

जिल्ला प्रशासन कार्यालयमा निवेदन आयो

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,

## ठट्यौली प्रकाशसँग

जिल्ला प्रशासन कार्यालय, भोजपुर

विषय : तोप राख्ने अनुमति पाऊँ ।

महोदय,

उपरोक्त सम्बन्धमा हिजोआज मेरो घरमा चोरको अत्यन्तै बिगबिगी भएकाले तोप राख्ने अनुमति दिन अनुरोध गर्दछु ।

निवेदक– रामप्रसाद

सीडीओ छक्क परेर निवेदकलाई बोलाए- 'साधारण चोरका लागि बन्दुक नराखेर किन तोप राख्न चाहेको ?' कारण सोधे ।

'के गर्नु हजुर ! मट्टीतेल नभएर हाहाकार हुँदा २० लिटर तेल माग्दा २ लिटर दिन्छन् अब अहिले मैले हजुरसँग डाइरेक्ट बन्दुक मागें भने गुलेली मात्रै राख्ने अनुमति दिनुहुन्छ कि भनेर तोपको कुरा गरेको ।' निवेदकले तर्क दियो ।

ooo

'हेर छोरा, यो तेरो बाबा अनि यो चैं म । हामी पिकनिक गएको बेलाको फोटो' आमाले छोरालाई सात वर्षअघिको फोटो देखाउँदै भनिन् ।

'अनि यो पिकनिकमा म चैं गएको थिइनँ ?' छोराले सोध्यो ।

'जाँदा थिइनस्, आउँदा थिइस्' आमाले जवाफ दिइन् ।

ooo

मैले नयाँ हियरिङ मेसिनको आविष्कार गरेको छु जुन मेसिनमा न ब्याट्री चाहिन्छ न प्लग कानमा खाँद्नुपर्छ ।


एउटा तख्ता अथवा बोर्ड घाँटीमा झुन्ड्याउनुहोस् र बोर्डमा लेख्नुहोस् 'कृपया ठूलो आवाजमा बोल्नुहोस् ।'

ooo

मेरो कुरो : पुर्खादेखि भनिँदै आएको कुरा 'हामी सदासर्वदा मुस्कुराइरहनुपर्छ' तर अहिले अवस्था के छ भने सदा-सर्वदा तपाईं मुस्कुराइरहनुभयो भने कसैले 'यो गधा त पागल भएछ' भन्न बेर छैन ।

## कविता

### रूपको पतझड



जिन्दगीको पछ्यौरीलाई सधैं यस्तै सौगात हुन्न
तिम्रो रूपको पतझडको फेरि यहाँ वैशाख हुन्न
अभिमान गल्ला, गल्ला एक दिन तिम्रो
आफ्नै अभिमानले दुख्दा तिम्लाई उपचार हुन्न
बिटुलो ओठ एक्लै हुनेछ, एक्लै तिम्रो
त्यो साँझमा छेउमा तिम्रो मदिराका स्वाद हुन्न
एकपल्ट आउँछ केशराशिमा सावन
सेता बादलमा प्रार्थना जति गर बर्षात हुन्न
प्रशंसाका फूल सबै नै झर्नेछन्
त्यो बगैंचामा भमराको फूलसँग संवाद हुन्न ।

–प्रेमकृष्ण श्रेष्ठ

### तिमीले छोडेर गए पनि

तिमीले छोडेर गए पनि सधैं टाढा भए पनि
मैले तिम्लाई भुल्नेछैन जहाँ-जहाँ गए पनि
उर्लिरह्यो खहरेको भेलझैं आँखाबाट आँसु
घाइते बाघझैं पागलसरि कसरी म हाँसूँ
सयौं प्रहार सहेर कति दिन बाँचूँ
मायामा राजीनामा दिएपछि किनारमै छोड्दा रै'छन्
लछारपछार पारी आवेशमा जिउँदै रेट्न खोज्दा रै'छन्
मुखले ठीक पार्न भगवान्को नाम जप्दा रै'छन्

–राजन थपलिया

### भेटे हुन्थ्यो

मुटुभित्रै पस तिमी हृदयमै सजाउँछु
छातीभित्र तिमी हुँदा आधा रातमा रसाउँछु
रस छँदै भमराले फूलको पात चुमे हुन्थ्यो
स्वर्गजस्ती परी तिमी यही जुनीमा जुरे हुन्थ्यो
आशारूपी चन्द्रमाले तिम्लाई कतै देखे हुन्थ्यो
पलपल सताउने मायालुले आज कतै भेटे हुन्थ्यो
आनाकानी गर्छ्यौ किन ? परिचय दिए हुन्थ्यो
एकान्तमा जिउनुभन्दा हाम्रो भेट भए हुन्थ्यो ।

–विष्णुकुमार अधिकारी

### विचरा ती खातेहरू

विचरा ती खाते बालक, खानै नपाई लडेका छन्
गाँस बास कपास छैन, इच्छा तिनका सडेका छन्
विचरा ती रोगीहरू, उपचार छैन तिनलाई
बाँच्ने तिनको आधार छैन, न त तिनले पढेका छन्
आमाबाको मायाबाट, वञ्चित ती खातेहरू
आफन्त नि कोही छैनन्, घर पनि डढेका छन्
इच्छा छैन कसैलाई, सडक नाली भौंतारिन
खै किन हो नेपालमा, खातेहरू बढेका छन् ।

–बद्री शिवाकोटी

### दोबाटोमा छोडेपछि

तिमीविना के जिउनु र, तिमी अर्कैको भएपछि,
आफ्नो भन्नु नै को रह्यो र, नाता तोडी गएपछि
वाचा कसम किन खाने, खा-को वचन तोडेपछि,
आफ्नो भनी कस्लाई भन्ने, दोबाटोमा छोडेपछि
दोबाटोमा किन कुर्ने, देख्दा लाग्छ रे घृणा,
बोल्न मैले के खोजें र, मेरो आवाजले हुन्छ रे पीडा
देउरालीमा के भाक्नु खै, देख्दा टाउको मोडेपछि,
आफ्नो भनी कसलाई भन्ने, दोबाटोमा छोडेपछि
पत्रहरू के लेख्नु खै, फोटैसमेत जलेपछि
मायामा कसरी विश्वास गरूँ, विश्वास सबै ढलेपछि
ढुङ्गामा नाम के लेखूँ खै, निष्ठुरीले ढुङ्गा फोडेपछि
आफ्नो भनी कसलाई भन्ने, दोबाटोमा छोडेपछि ।

–अनिर खनाल

### हजुरलाई

पल्लो घरको दाइले खोज्नुभा'थ्यो दिदी हजुरलाई
घरमै हो कि भनी सोध्नुभा'थ्यो दिदी हजुरलाई
हात समाई हिँड बजार घुम्न जाऊँ भन्नुभयो
साह्रै राम्री भन्दै रोज्नुभा'थ्यो दिदी हजुरलाई
बाटोभरि जे-जे हुन्थे सबै कुरा हजुरको नै
आफ्नै मनकी रानी सोच्नुभा'थ्यो दिदी हजुरलाई
कति बुझ्नुभयो कुन्नि हिजो भेट्दा तगारोमा
छिल्लिएर गफले घोच्नुभा'थ्यो दिदी हजुरलाई
पल्लो घरको दाइले खोज्नुभा'थ्यो दिदी हजुरलाई
घरमै हो कि भनी सोध्नुभा'थ्यो दिदी हजुरलाई !

– नवीनचन्द्र घिमिरे

## लघुकथा

### गणतन्त्र

'देश गणराज्य भयो, अब देशमा राजा रहेनन् ।' ऊ कराउँदै सडकमा निस्कियो । भर्खरै टेलिभिजन तथा रेडियोमा फुकिएको समाचारप्रति भाव विह्वल हुँदै ऊ सडकमा निस्किएको थियो । ऊ सडकमा निस्कँदा ऊजस्ता सयौं युवा सडकमा ओर्लिसकेका थिए । दिनभरि ऊ अफिस नगई नारा-जुलुसमा सहभागी भयो । उसलाई लाग्यो, मुटुमा धेरै अघिदेखि बिझेको काँडा निस्किएको छ । सबै अप्ठारा फुकेका छन् । अब कुनै दुःख छैन ।

साँझ घर फर्कियो । ४५ नाघेका बुबाले खुइय्य गर्दै यसपालि पनि खडेरी पर्ने चिन्ता गरे । उसका बुबा जागीरे हुन् । उसलाई बुबाले खडेरी पर्ने कुराले चिन्तित बनाएको कुरा असुहाउँदो लाग्यो । 'देश गणराज्य भएको छ, अब सबै समस्या समाधान हुन्छ ।' ऊ बुबालाई सान्त्वना दिन अघि बढ्यो । बुवा फिसिक्क हाँसे । उसलाई बुवा पुरातनपन्थी लागे । 'बुवा राजावादी हुन् कि क्या हो...।' उसले मनमनै सोच्यो ।

भोलिपल्ट अफिस गयो । हाजिर कापीमा रातो मसी लागेको थियो । रातो मसीको अर्थ हाजिरी काटिनु हो । हिजोको रमझम सम्झेर उसलाई तीतो लाग्यो । उसलाई हाकिम निरंकुश राजाझैं लाग्यो । 'यो छोटे राजालाई ढाल्नुपर्छ ।' हिजो नारा दिएकै शैलीमा उसले मनमा एउटा योजना बनायो । त्यतिखेरै हाकिमले बजारमा उठाउने पैसाको लिस्ट दिएर पठायो । बजारभरि देश गणतन्त्र भएको चर्चा खुसीसाथ गरिँदै थियो । यद्यपि यो खुसीमा ऊ सामेल हुन सकेन । कारण बजारमा एक पैसा पनि उठेन । देश गणतन्त्र भएका कारण बजार ब्लक भएको खबर पायो । उसलाई थाहा थियो, यो सब पैसा ढिला दिने वा नदिने बहाना हुन् । त्यसपछि बजारका सबै साहू उसलाई निरंकुश राजाझैं लागे । साँझ अफिस फर्कने बेलामा उसलाई लाग्यो, 'बजारभरि राजैराजा छन्, ती सबैलाई ढाल्नुपर्छ ।'

थाकेको शरीर घरमा पुगेर बिसायो । बुबा भन्दै थिए, 'यसपालि खाद्यान्नको भाउ अचाक्ली नै बढ्यो । अब के गर्ने होला ।'बुवाको कुरा सुनेर उसलाई झनक्क रिस उठ्यो । 'यी बुवा पक्कै पनि राजावादी हुन् ।' उसको मनमा एउटा तरंग उठ्यो– 'देशमा एउटा राजा ढालेर के गर्नु देशभरि नै छोटे राजा रहेछन् ।

–अश्विनी कोइराला

## खेलाडीलाई सम्मान



पाल्पा– नेपाल इन्टरनेसनल ते-क्वान्दो महासंघ, पाल्पाले गत असोजमा सम्पन्न तेस्रो जनरल चोई स्मृति तेक्वान्डो (आईटीएफ) प्रतियोगितामा स्वर्णपदक विजेता तथा सहयोगीहरूलाई सम्मान गरेको छ । देशभरिको १२ अञ्चलको ३ सय १२ जना खेलाडीले भाग लिएको प्रतियोगितामा नौ जना पाल्पाली खेलाडीले स्वर्ण पदक जितेका थिए । उक्त अवसरमा पाल्पाका विभिन्न डोजाङ्गबाट सहभागी भएका खेलाडीहरू विनु राना, सिर्जना सारु, गुनीमाया सोमै, सन्जु कार्की, एलिना घर्तीमगर, कृष्णप्रसाद ज्ञवाली, निर्मलकुमार न्यौपाने आदिलाई सम्मान गरिएको थियो । खेलाडी विनु रानाले भनिन्– 'हामीलाई खेलबाट प्रगति हुन्छ भन्ने विश्वास लागेको छ, यो सम्मानले हौसला मिलेको छ ।'

–माधव अर्याल

## तनावपूर्ण खेलमा वीरगन्ज विजयी

वीरगन्ज- तनावपूर्ण खेलमा चितवन फुटबल संघलाई ३-० ले पराजित गरी युवा स्पोर्टस् क्लब, वीरगन्जले अञ्चलस्तरीय फुटबल प्रतियोगिताको उपाधि चुमेको छ । पिपरा नवयुवक समूह, वीरगन्जको आयोजनामा वीरगन्जको नारायणी रंगशालामा सञ्चालित उक्त फाइनल खेलको मध्यान्तरसम्म दुवै क्लबले गोल गर्न सकेका थिएनन् । उत्तरार्द्धको खेलको ३५ औं मिनेटमा चितवनका खेलाडीले रेफ्रीले नियमविरुद्ध खेल खेलाएको बताउँदै उनीउपर हातपात गर्न थालेपछि खेल करिब २० मिनेट अवरुद्ध भएको थियो । खेल पुनः सुरु भएलगत्तै खेलको ४० औं मिनेटमा युवा स्पोर्ट्स वीरगन्जका सनौला अन्सारीले गरेको गोल फल रहेको बताउँदै चितवनका खेलाडीले उक्त गोल अमान्य बताएपछि पुनः खेलाडी र रेफ्रीबीच विवाद भएको थियो ।

विवादपछि आफूले बाँकी खेल नखेल्ने बताउँदै चितवनका खेलाडीले युवा स्पोर्ट्स वीरगन्जका ईश्वर चौधरीले ५५ औं मिनेटमा गरेको गोल प्रयासलाई कुनै अवरोध नगरी गोल पोस्टमा छिर्न दिएका थिए । रेफ्रीले खेल खेल्न आग्रह गर्दा पनि चितवनका खेलाडीले नमानेपछि युवा स्पोर्टसका खेलाडीले एकतर्फी खेल खेलेर खेलको ७५ औं मिनेटमा युवा स्पोर्ट्सका सनौला अन्सारीले बललाई गोलपोस्टमा छिराएका थिए । खेल सकिएलगत्तै बल आफ्नो नियन्त्रणमा लिने प्रयासमा दुवै क्लबका खेलाडीबीच बढेको तनावले स्थिति हात हालाहालसम्म पुगेको थियो । करिब १० मिनेटसम्म दुवै क्लबका खेलाडीबीच झडप भएपछि प्रहरीले बल प्रयोग गरी स्थितिलाई नियन्त्रणमा लिएको थियो । फाइनल खेलको उत्कृष्ट खेलाडी युवा स्पोर्ट्स वीरगन्जका सुभाष रायमाझी घोषित भएका थिए । प्रतियोगितामा नारायणी अञ्चलका आठ फुटबल क्लब सहभागी थिए ।

–शंकर आचार्य

## पूर्वाञ्चल फुटबलको उपाधि डनबस्कोलाई



विराटनगर- पूर्वाञ्चलस्तरीय अन्तरविद्यालय कोकाकोला कप नकआउट फुटबल प्रतियोगिताको उपाधि डनबस्को बोर्डिङ स्कुल, विराटनगरले जितेको छ । शनिबार विराटनगरको सहिद मैदानमा सम्पन्न फाइनल खेलमा सौठा माध्यमिक विद्यालय मोरङलाई १ का विरुद्ध २ गोल गर्दै डनबस्को विजयी भएको हो । विजेता र उपविजेता दुवै टिम आगामी असार १८ देखि २८ गतेसम्म काठमाडौंमा हुने राष्ट्रिय प्रतियोगिताका लागि छनौट भएका छन् । फाइनलमा २ गोल गर्ने सन्दीपकुमार माझीले म्यान अफ द म्याचको उपाधि हात पारे । प्रतियोगितामा धनकुटाको बाल संसार सेकेन्डरी बोर्डिङलाई अनुशासित टिमको पुरस्कार दिइयो । पूर्वाञ्चलका १६ जिल्लामा फुटबल संघ गठन भएका ९ मध्ये ६ जिल्लाका १५ टिमले प्रतियोगितामा भाग लिएका थिए । यातायात व्यवसायीले गरेको बन्दका कारण प्रतियोगिता तीन दिन स्थगित गर्नुपरेको थियो ।

कमल रिमाल

# तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?

म वन मन्त्रालय रोज्छु, त्यसपछि रक्तचन्दनको कारोबार अरूले गर्न पाउनेछैनन् ।

**शम्भुराज घिमिरे, शनिश्चरे, मोरङ**

भ्रष्ट मन्त्रालय, किन घूस नखाने ? घूस लिने व्यक्तिसँग म त्यो-त्यो मन्त्री हुन्छु ।

**समरगणेश वियोगी, स्याङ्जा**

म मन्त्री भए पहिले भात टन्न खान्छु, त्यसपछि मन्त्रालय रोज्नेछु ।

**उदय श्रेष्ठ**

म पहिले मन्त्री हुन पाऊँ, त्यसपछि बिस्तारै विचार गरूँला, त्यसो गरे कसो होला ?

**अन्दीप उप्रेती** (१९), **सर्लाही**

ठीकै छ तपाईंले सोधिहाल्नु भयो, यदि मन्त्री भैहाले म गृहमन्त्रालय नै रोज्छु । किनभने पुलिस र आर्मी चलाउने तरिका मलाई थाहा छ ।

**राम त्रिपाठी** (२२), **सर्लाही**

अर्थ मन्त्रालय रोज्छु । पहिले ऋण लिएर जेल बनाउँछु पछि आफैं बस्न ।

**गणेश, फूलबारी**

सञ्चारमन्त्री बनेर तातो न छारोका प्रश्न सोध्ने पत्रिका नै बन्द गर्न लगाइदिन्थें हुँदैन त सम्पादकज्यू ?

**एस.के. कुँवर** (२५), **थानकोट**

गृह मन्त्रालय, हत्याराहरूलाई खोरमा जाक्न र सुशासन कायम गर्न ।

**श्रेष्ठ रसिक** (२५), **सिन्धुपाल्चोक**

सबैभन्दा बढी पैसा कुन मन्त्रालयमा छ, त्यही मन्त्रालय नि । त्यसमा पनि शंका छ र ?

**सचिन**

म त मन्त्री बन्न चाहन्नँ तै पनि रोज्नुपर्‍यो भने सूचना तथा सञ्चारमन्त्री नै रोज्छु ।

**chy_ajay16@yahoo.com**

मलाई मन्त्री बन्ने कुनै रहर छैन, किन मन्त्रालय रोज्नु ?

**गंगाराम न्यौपाने, बलाम, स्याङ्जा**

म मन्त्री भएँ भने परराष्ट्र मन्त्रालय रोज्छु, किनकि यसको माध्यमबाट अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्ध विस्तार गर्न सकिन्छ अनि अर्को कुरा विदेश भ्रमणमा जाने मौका त कत्ति हो कत्ति ? होइन त सम्पादकज्यू ?

**अनिल पोखरेल, इटहरी, सुनसरी**

विज्ञान तथा प्रविधि मन्त्रालय रोज्नेछु । नेपाल विज्ञान तथा प्रविधिको क्षेत्रमा पछाडि परेको छ । नेपालीहरूलाई यस क्षेत्रमा अघि बढाउने योजनाहरू कार्यान्वयन गर्नु छ नि, त्यसैले ।

**हर्षल कुशल** (१७), **चुनदेवी, काठमाडौं**

गृह मन्त्रालय नै रोज्छु, किनभने अपराधीको धुलाई गराउनुमा जस्तो आनन्द केमा हुन्छ र ?

**दिनेश न्यौपाने** (२१), **बलाम**

खै के प्रश्न सोध्नुभा'को सम्पादकज्यू यस्तो ? म त गिरिजाबाबुले राजीनामा दिनेबित्तिकै त्यही पद रोज्छु भन्या ।

**sapna_lovelly@yahoo.com**

म खेलकुद मन्त्रालय रोज्थें, किनकि ओलम्पिकमा अरू देशलाई सपोर्ट गर्नुको सट्टा नेपाललाई त्यहाँ पुर्‍याउँथें ।

**अनिल श्रेष्ठ, भिमान**

खेलकुद तथा शिक्षा मन्त्रालय रोज्छु, किनभने हाम्रो देशमा खेलकुद तथा शिक्षाको विकास आवश्यक छ ।

**शशिकान्तकुमार गुप्ता** (१९), **पर्सा**

म त रक्षा मन्त्रालय नै रोज्छु । किनभने २ करोड ६० लाख जनताले शान्ति सुरक्षाको प्रत्याभूति पाएका छैनन् । आखिर हाम्रो देश शान्तिको देश होइन र ?

**खड्कमणि थामी** (२४), **बाफल**

शिक्षा मन्त्री, नेपालको शिक्षा क्षेत्रमा धेरै काम गर्न बाँकी छ ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

अर्थ मन्त्रालय रोज्थें । किनभने सबै थोक त्यहीं छ ।

**प्रेम मगर, पाल्पा, तानेसन**

मेलम्चीको पानी खाने मन भएकाले त्यतैतिर सोच्थें हौ सम्पादकज्यू ।

**समर्पण भट्टराई, जनकपुर**

बिना विभाग, विभाग नै नभएपछि कामै गर्नुपर्दैन नि त ।

**युवराज घिमिरे** (२८), **संखुवासभा**

गृह मन्त्रालय रोज्ने थिएँ, किनकि देशलाई कसरी शान्ति सुरक्षा दिनुपर्छ त्यो मलाई मात्र थाहा छ ।

**प्रवीण ज्ञवाली** (२०)

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
२. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
३. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
४. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
५. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
६. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
७. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
८. यो संसार कस्तो छ ?
९. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
१०. कस्ता युवती राम्रा हुन्छन् ? किन ?

# पोखरामा बृहत फेसन सो

पोखरा- गर्मीको ताप बढिरहेका बेला पोखरामा 'हट' फेसन सोको तयारी सुरु भएको छ । गर्मीको मौसममा फेसन पारखीहरूको मन शीतल पार्न समर फेसन सो गर्न लागिएको हो । यस पटक यहाँ फेसन सो गर्ने आयोजकहरू अलि बेग्लै छन् । स्वयं र्‍याम्पमा क्याटवाक गर्ने मोडलहरू नै कार्यक्रमका सूत्रधार बनेका छन् ।

मोडलिङ र फेसन सोको गतिविधि नसेलाओस् भनेर यहाँका पुरानादेखि नयाँ सबै मोडल एकजुट भएर फेसन सो गर्न लागेका हुन् । मोडलिङ र फेसनको चहपहललाई बढावा दिन खोलिएको एक्सपोज मोडलिङ एजेन्सीले जेठ २५ गते पोखरा सभागृहमा फेसन सो गर्न लागेको हो ।

यस पटक र्‍याम्पमा उत्रने मोडलहरूको संख्या पनि उल्लेख्य छ । यस अर्थमा पनि यो सो यसअघिका



फेसन सोहरूभन्दा पृथक हुनेछ । फेसन सोमा पोखराका नाम चलेका बुटिकदेखि फेसन हाउसहरूले ड्रेस डिजाइन गर्नेछन् । राजेश बस्नेत, केदार बास्तोला तथा श्रृजु उदासको कोरियोग्राफी रहने फेसन सोमा पुरानादेखि नयाँ अनुहारका गरी कुल २४ जना पुरुष तथा महिला मोडलले क्याटवाक गर्नेछन् । कार्यक्रमलाई रंगारंग तुल्याउन डान्सपार्टी समेत गरिनेछ ।

**– शिव शर्मा**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २३ वर्षकी युवती हुँ र म चाँडै विवाह गर्न गैरहेकी छु । सबैले विवाह गर्दा ब्लड ग्रुप मिल्नुपर्छ भन्छन् । ब्लड ग्रुप नमिल्दा यौनजीवनमा के-कस्ता समस्या आउँछन् ? मेरो ब्लड ग्रुप O+ve हो । कुन ग्रुपको व्यक्तिसँग विवाह गर्दा मेरो दाम्पत्य जीवन राम्रो हुन्छ ? कुन blood ग्रुपको मान्छेले कुन blood ग्रुप भएको मान्छेसँग विवाह गर्दा समस्या पर्दैन ? साथै यौनसम्पर्क गर्दा लिंग कति भित्रसम्म पसाउँदा हानि गर्दैन ? मेरो योनिभित्र लिंग पसाउँदा दुख्छ, के कारणले होला ? यदि blood group नमिल्नेसँग विवाह गर्दा त्यसबाट आउने समस्याको समाधान पनि छ कि ?**

**– कि.**

**उत्तर : रक्त समूह र यौन**

हामीले सबैको रगत उस्तै हो भने पनि चिकित्सा विज्ञानको दृष्टिले मानवशरीरमा पाइने रगत एक-अर्कामा ठ्याक्कै मिल्दैन । रगतको रातो रक्तकोषमा पाइने प्रोटिनमा हुने फरकले गर्दा यस्तो हुन्छ । हुन त कैयौं किसिमका प्रोटिन पाइने भएकाले त्यसैअनुसार रक्तसमूह हुने भए पनि ABO System सबैभन्दा महत्त्वपूर्ण हो र यसअनुसार मानव रगतलाई A, B, AB तथा O समूहमा वर्गीकृत गरिन्छ । त्यसैगरी प्रजनन स्वास्थ्यसेवामा Rh (Rhesus) factor हुनु वा नहुनु महत्त्वपूर्ण हुन्छ । त्यसैले रगतको समूहलाई ABO system तथा Rh factor लाई विचार गरी वर्गीकृत गर्ने चलन छ । ABO system जस्तै नै Rh factor को आधारमा पनि वर्गीकरण गरिन्छ । रक्त प्रकारमा Rh factor छ भने त्यसलाई $Rh^{+ve}$ (Rh positive) र छैन भने $Rh^{-ve}$ (Rh negative) भनिन्छ ।

विशेष गरी Rh factor नमिलेको स्थितिमा सन्तान जन्माउनै नसकिने भन्ने होइन तर प्रजनन प्रक्रियामा समस्या आउन सक्ने भएकाले यस विषयमा विशेष सजगता भने अपनाउनुपर्ने हुन्छ । त्यसैले गर्भवती जाँच गराउने बेलामा रगतको जाँच गराउँदा रक्तसमूहको पनि पहिचान गर्न परीक्षण गरिन्छ । यस्तै ८५ प्रतिशतजति मानिस Rh positive हुन्छन् । एसियालीहरूको हकमा भने अझ धेरै अर्थात् ९८ देखि ९९ प्रतिशत व्यक्ति Rh positive हुने पाइएको छ । विशेषगरी आमा (महिला) को रक्त समूह Rh negative छ भने गर्भमा भएको शिशुको रक्त समूहसँग नमिल्ने सम्भावना हुन्छ । यस्तो स्थितिमा पनि पहिलो गर्भमा यसरी रक्तसमूह नमिलेको कारणले आमा तथा गर्भको शिशुलाई नकारात्मक असर पर्ने सम्भावना खासै धेरै हुँदैन । शिशुको रगत आमाको रगतमा मिसिन गएको स्थितिमा भने आमाको प्रतिरक्षा प्रणालीले Rh positive रगतका विरुद्ध प्रतिजैविकीको उत्पादन गर्न थाल्छ । यस्तो रगत मिसिने कार्य विशेषगरी शिशु जन्मने बेलामा हुन्छ । शिशुको Rh positive रगत आमाको रगतमा एक पटक मिसिइसकेपछि अर्को पटक यदि Rh postive भएको शिशु गर्भमा रहन गए आमामा उत्पादन भएका प्रतिजैविकीले गर्भस्थ शिशुको रगतलाई नै हानी पुर्‍याउँछ । पिता Rh positive र आमा Rh negative छ भने गर्भको शिशु Rh positive हुने सम्भावना ७० प्रतिशतजति हुन्छ । Rh immunoglobulin को सुई लिनु यो समस्याबाट बच्ने एउटा उपाय हो । यद्यपि पहिले गर्भ रहन गई रगत मिसिन गएको छ भने यो प्रभावकारी हुँदैन । हुन त कुनै महिलाको पहिले गर्भ रहिसकेको छ भने अर्को पटक गर्भवती हुँदा रगतको परीक्षण गरेर समस्या हुने गरी रगत मिसिन गएको छ-छैन थाहा पाउन सकिन्छ । यहाँ गर्भ रहेको भन्नाले गर्भ तुहिएको, गर्भपतन गरेको वा पाठेघरबाहिर गर्भ रहेको सबै स्थितिलाई बुझ्नुपर्ने हुन्छ । रक्तसमूह नमिलेकै कारणले गर्भ नरहेको भनिहाल्न मिल्ने स्थिति हुँदैन ।

सन्तान जन्माउनु यौनजीवनको विशेष भाग हो । स्वस्थ सन्तान जन्माउने कुरा रक्तसमूह नमिल्नुको प्रभाव भए पनि जुनसुकै रक्तसमूहको बीचमा हुने यौन क्रियाकलापमा संलग्न हुँदा यौन आनन्द लिन-दिन सकिन्छ ।


**लिंग कतिसम्म भित्र पसाउनु ठीक होला ?**

सजिलो र सीधै भन्नुपर्दा जति पसाउँदा असजिलो वा दुख्दैन त्यति । यौनआनन्दका लागि सबै नै लिङ्ग पसाउनुपर्छ भन्ने छैन । पक्कै नै हाम्रा अन्य अङ्गहरूको नाप फरक भए जस्तै योनिको सामान्य अवस्थाको नापमा पनि विविधता हुन्छ । बाह्य शरीरको नापले योनिको नाप वा गहिराइलाई प्रतिविम्बित गर्दैन । योनिको सालाखाला लम्बाइको कुरा गर्ने हो भने यो यस्तै तीन-चार इन्चजति हुन्छ । यौन उत्तेजनाको बेलामा यसको लम्बाइ केही बढ्छ । योनि मांसपेशीले बनेको नली आकारको एक विशेष अंग हो, यसमा निकै तन्कन र खुम्चन सक्ने गुण हुन्छ । यही तन्कन र खुम्चन सक्ने गुण भएकै कारण विभिन्न नापको लिङ्ग योनिमा प्रवेश गर्दा पनि सहज रूपमा मिल्ने स्थिति रहन्छ ।

**किन पीडा भएको ?**

पत्रअनुसार अविवाहित भए पनि तपाईंले यौनसम्पर्क राखिरहनुभएको बुझिन्छ । यौनसम्पर्क राखिरहनुभएको व्यक्तिसँग तपाईंको सम्बन्धका विषयमा कुनै चर्चा गर्नुभएको छैन । यौनसम्पर्क राख्दा महिलाहरूमा पीडा हुने कारणहरूमा योनिको संक्रमण प्रमुख हुनसक्छ । त्यसैले यौनरोगलगायतका संक्रमण हुन्-होइनन् विचार गर्नुपर्ने हुन्छ । त्यसैगरी योनिद्वारको छेउमा भएको गन्थिको संक्रमण पनि यसको कारण हुनसक्छ । कतिपय स्थितिमा मानसिक कारणले यस्तो पीडा अनुभव हुने सम्भावना हुन्छ । यौन सम्पर्कसम्बन्धी नकारात्मक धारणाले ग्रसित भएको स्थितिमा वा डर भएको स्थितिमा यस्तो हुन्छ । विशेष गरेर भयातुर वा डरका कारणले गर्दा यौनसम्पर्क गर्न लाग्दा अकस्मात् योनिको मांसपेशीको संकुचन भै कडा हुन्छ । यस्तो बेलाको यौनसम्पर्क पीडायुक्त हुन्छ । यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । विवाहबाहिरको यौन सम्बन्धमा भय वा चिन्ता हुनसक्छ त्यसले पनि यस्तो पीडा गराउँछ । योनि सुख्खा हुनु यौन सम्पर्कमा दुख्ने महत्त्वपूर्ण कारण हो । पीडादायक तथा अप्ठ्यारो यौनसम्पर्कलाई चिकित्सीय भाषामा Dyspareunia भनिन्छ जुन महिला-पुरुष दुवैलाई हुन सक्छ । यो समस्या समाधानका लागि पहिले त मुख्य कारण नै थाहा पाउनुपर्ने हुन्छ अनि त्यसैअनुसार उपचार गर्नुपर्ने हुन्छ ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : माछा, कपाल, धागो, बादल, घर, पाइन्ट, शिशी, रुख, लुगा र चप्पल।

## वायोफ्युल कि विष ?

ब्रिटिस अक्सफेन एजेन्सीले युरोपेली संघलाई वायोफ्युलको उपयोग नबढाउन चेतावनी दिएको छ। एजेन्सीका अनुसार यो गरिबका लागि विष सावित हुनेछ। वायोफ्युलको प्रयोग बढाउने योजनामा रहेको युरोपेली संघलाई चेतावनी दिँदै एजेन्सीले भनेको छ- यो विश्वभरका गरिबका लागि घातक सावित हुनेछ। वायोफ्युलको प्रयोग बढाउनाले मानिस र पर्यावरणमा असर पर्छ।



## जन्मदिनको शुभकामना





सौरभ गौडेल
२०६१ जेठ १८



सुनिता खड्का
२०५१ जेठ १९



राजन भट्टराई
२०५६ जेठ १९



रोसन बोहरा
२०५९ जेठ २१



श्रेया राई
२०६० जेठ २१



प्रभव गौतम
२०६४ जेठ २१



सिमरन गुरुङ
२०५५ जेठ २२




आभास कुइँकेल
२०६१ जेठ २३



रिसु सिग्देल
२०५९ जेठ २२



इजुमी श्रेष्ठ
२०६३ जेठ १७



## दाहसंस्कारमा डिग्री



इङ्ल्यान्डको साउथवेस्टमा रहेको बाथ युनिभर्सिटीले दाहसंस्कारको विषय आफ्नो पाठ्यक्रममा राख्ने भएको छ। शोकसन्तप्त परिवारलाई सान्त्वना, कानुनी प्रावधान र दाहसंस्कार सम्पन्न गर्ने जस्ता विषय पाठ्यक्रममा समावेश गरिएका छन्। दाहसंस्कारसम्बन्धी यो कोर्स दुई वर्षको हुनेछ।

दाहसंस्कार निर्देशकहरूको राष्ट्रिय संस्थासँग मिलेर बाथ युनिभर्सिटीले आफ्नो कोर्समा दाहसंस्कार विषय राख्ने भएको हो। दाहसंस्कारसम्बन्धी यो दुईवर्षे कोर्ष पढ्ने विद्यार्थीले थप एक वर्ष पढे स्नातक बराबरको मान्यता पाउनेछन्। यसअघि बाथ युनिभर्सिटीले मृत्यु र समाजसम्बन्धी पाठ्यक्रम स्नातकोत्तर तहमा यसअघि नै सञ्चालन गर्दै आएको छ। समाजविज्ञान, मृत्युबारेको दृष्टिकोण, मृत्यु र व्यावसायिक पक्षमा यसका असरहरूका सम्बन्धमा जानकारी गराउन नयाँ कोर्स डिजायन गरिएको विश्वविद्यालयले जनाएको छ।

## विश्वको सबैभन्दा ठूलो मन्दिर



भारतको राजधानी नयाँदिल्लीस्थित अक्षरधाम मन्दिर विश्वको सबैभन्दा ठूलो मन्दिरका रूपमा गिनिज बुकमा दर्ता भएको प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) ले जनाएको छ। मन्दिरको रूप र शैली हेर्दा करिब १ सय वर्ष लगाएर बनाएको जस्तो लाग्ने अक्षरधाम मन्दिरले ३२ एकड (१३ हेक्टर) क्षेत्रफल ओगटेको छ। यो मन्दिर सन् २००५ मा सर्वसाधारणका लागि खुलेको थियो।

'नयाँदिल्लीस्थित भव्य, कलात्मक स्वामीनारायण अक्षरधाम विश्वको सबैभन्दा ठूलो हिन्दू मन्दिरका रूपमा स्थापित छ,' मन्दिर सञ्चालक समितिलाई गिनिज बुकले दिएको प्रमाणपत्रमा भनिएको छ। अक्षरधाम मन्दिर बनाउन ११ हजार मानिसलाई पाँच वर्ष लागेको गिनिज बुकको प्रमाणपत्रमा उल्लेख छ। उक्त मन्दिरमा प्रत्येक दिन १ लाख दर्शनार्थी आउँछन्।

## जन्मदिनको शुभकामना

कुपन

नाम :.......................................................

जन्म मिति :................................................


स्कुल :....................................................

ठेगाना :...................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## गन्धबाटै छावाको सुरक्षा



अफ्रिकाको एउटा हात्तीले आफ्ना छावाहरूको पिसाब सुँघेर छावा हिंडेको बाटो पत्ता लगाउने गरेको तथ्य प्रमाणित भएको छ। त्यो हात्तीको सुँघ्ने शक्तिको कारण आफू र आफ्ना छावाहरू चोरी-सिकारीबाट बचाउने काम गरेको तथा सुरक्षित रूपमा एक ठाउँबाट अर्को ठाउँमा बसाइँसराइ गरेको कुरा पनि पत्ता लागेको छ। केन्यास्थित राष्ट्रिय वन्यजन्तु आरक्षणमा रहेका हात्तीमध्ये एउटा हात्तीमा त्यस प्रकारको गुण रहेको बेलायत तथा केन्याका विशेषज्ञले अनुसन्धानको क्रममा पत्ता लगाएका छन्।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - २०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | ■ | ■ |
| | २ | | | | | | | ■ |
| | | ३ | | | | | | ■ |
| | | | ४ | | | | | |
| | | | | ■ | ५ | ६ | ७ | ८ |
| | | | | ९ | | | | |
| | | | | १० | | | | |
| ■ | | | | ११ | | | | |
| ■ | ■ | ■ | | १२ | | | | |

प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ राधा लम्सालकी छोरी (४, ३)

२ जया बच्चनका छोरा (४,३)

३ कुखुरे गीतका गायक (३,३)

४ हरिवंश आचार्यका छोरा (३,३)

५ प्रधानमन्त्रीको नाम (३)

६ बेलायतबाट प्रकाशित विज्ञान पत्रिका (३)

७ सोह्रौं विश्वकपमा चर्चित टिम (४)

८ निर्देशक पिताका निर्देशक पुत्र (३,२)

**तेर्सो**

१ प्रथम पृष्ठमा सबैभन्दा पहिले (४,३)

२ अशेष मल्लको नाटक (४,३)

३ साताको स्वर (३,३)

४ वासुदेव मुनालका छोरा (३,३)

९ स्वीट्जरल्यान्डको एक सहर (३)

१० सयमा एक शून्य थप (३)

११ एएफसी च्यालेन्ज कपको आयोजक (४)

१२ एएफसी कपमा नेपाली खेलाडी (३,२)


नियमहरू :

१. यो प्रतियोगिता सबैका लागि खुला छ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. १२ को विजेता


ज्ञानकृष्ण श्रेष्ठ, सानोठिमी, भक्तपुर

**तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?**



लुकेका सामानहरू : गाग्रो, गिलास, चम्चा, करुवा, चक्कु र काँटा।

**बाटो पत्ता लगाऊ ?**



# क्या स्टाइलिस्ट असकोट



बलिउड चलचित्र 'रेस' मा विपाशा बसुले सेतो स्कर्ट तथा सेता सर्ट माथि टिमिक्क परेको असकोट लगाएको देखेपछि धेरै फेसनेवल युवतीले त्यसकै सिको गरे। अहिले सहरबजारतिर आफूलाई त्यही रूप-रंगमा ढाल्नेहरूको होड बढेको छ। बलिउड अनि हलिउडकै सिको गरेर फेसन गर्न अर्चलबोट पोखराकी १८ वर्षीया मनु परियार पनि पछाडि छैनन्। उनी हलिउड नायिकाहरूले लगाउने पहिरनका बारेमा उत्तिकै जानकार पनि छिन्। टाइट सेतो स्कर्ट अनि टलक्क टल्कने सेतो सर्ट बाहिर कालो असकोटमा हिलवाला जुत्ता लगाएर हिंड्दा उनी आकर्षक देखिन्छिन्। अहिले यस्तै फेसन चलेको छ, परियार भन्दै थिइन्- 'असकोटले लुक्सलाई भिन्न पनि देखाउँछ।' उनले विभिन्न रंगमा असकोटहरू तयार पार्न दिएकी छिन्।



उनीजस्तै नयाँ फेसन अवलम्बन गर्ने धेरै युवतीहरू असकोटको स्टाइलमा लोभिएका छन्।

अहिले फेसनपारखीहरू माझ असकोटकै चर्चा-परिचर्चा छ। विशेषतः मिनीस्कर्टमा असकोट लगाएर हिंड्दा युवतीहरूलाई सुहाउने मात्र होइन, कामुक पनि देखिन्छ। त्यही भएर विपासाले पहिरिएको असकोट र स्कर्टमा ठाँटिएर हिंड्ने फेसन-पारखीहरूको झुन्ड सहरबजारतिर व्यापक देखिन्छ। नेपाली तारा-२ टप फाइभ फाइनलिस्ट युवराज तिवारी पनि असकोटमै पोखराका कन्सर्टहरूमा लाइफ परफर्मेन्स गरिरहेका भेटिन्छन्। असकोट कहिलेदेखि लगाउन थालेको ? उनले भने- 'जहिलेदेखि यसको फेसन आयो त्यही बेलादेखि नि।'

नयाँ-नयाँ स्टाइल भित्रिने क्रममा केही समययता असकोटको स्टाइल प्रचलनमा छ। अहिलेको यो स्टाइललाई फेसनको ट्रेन्ड परिवर्तन गर्ने जमातले हालको 'लेटेस्ट' स्टाइलिस्ट फेसनका रूपमा लिन्छन्। भर्खर हङकङबाट नेपाल आइपुगेकी मैतीदेवी, काठमाडौंकी एलिना घले पनि हाफ पाइन्ट अनि नयाँ स्टाइलको टिर्सटबाहिर असकोटमा सजिएर पोखरा घुम्न आएकी थिइन्। हङकङको मोडलिङमा समेत चम्किएकी २१ वर्षीया एलिना भन्दै थिइन्- 'अहिले नेपालमा असकोट चलेको देखेर मैले पनि लगाउन थालेकी हुँ।' हङकङमा समेत नेपाली युवतीहरूले असकोट लगाउने गरेको उनले बताइन्।

युवा हुन् वा युवती, असकोटमा आफ्नो लुक्स पृथक् देखाउन अहिले होडबाजी छ। केही उमेर ढल्किएकाहरूले पनि परिवर्तित असकोटलाई पछ्याएका छन्। कुनै समय मरुभूमि क्षेत्रमा काम गर्ने कामदारहरूले लगाउने असकोट अहिले फेसनमा बदलिएको छ। त्यस्तै नेपाली समाजमा पनि सामान्य खालका असकोट प्रचलनमा छ। अझै पनि पाका व्यक्तिहरूले पुरानो शैलीको असकोट लगाएको पाइन्छ। बदलिँदो परिवेशसँगै सहरतिर भने असकोटमा पृथकता देखिन्छ। पुरानो असकोट मोडिफाइ भएर आएको छ। पछाडि डोरी बाँधेर लगाइने असकोटको पुरानो शैली अहिले परिवर्तन भएको छ। सेतो स्टाइलिस्ट सर्ट, ग्रन्च गरेको जिन्स पाइन्ट अनि कन्भर्स जुत्तासँगै भी सेप भएको फेसनेवल असकोटमा सजिने युवाहरूको फेसनले बजार पिटेको छ। बलिउड स्टार ऋतिक रोशनले 'क्रेजी फोर' मा लगाएको स्टाइलिस्ट असकोटको सिको गर्न युवाहरू पनि तँछाड-मछाड गर्दैछन्।

पोखरा एफएममा पपगीतसम्बन्धी कार्यक्रम चलाउने आयुष श्रेष्ठले पनि भर्खर मात्रै ऋतिक रोशनकै स्टाइलमा असकोट सिलाएका छन्। अहिले प्रायः यही असकोटमा देखिने श्रेष्ठले साप्ताहिकसँग भने- 'फिटिङ जिन्समा असकोट लगाउँदा स्टाइल नै भिन्न देखिंदो रहेछ।' जिन्स पाइन्टमा लगाउँदा स्टाइल नै भिन्न हुने युवाहरूको अनुभव छ। माथि लोएस्ट र तल बेली भएको फिटिङ जिन्स पाइन्टमा असकोट बढी 'म्याच' हुन्छ। धेरैले असकोट लगाएको देखेपछि मैले पनि भर्खर असकोट सिलाएको हुँ, नदीपुरका सुन्दर भन्छन्- 'चलेको फेसनमा चलौं भनेर लगाएको।' युवतीहरूको असकोट युवाहरूको भन्दा केही भिन्न हुन्छ। युवतीहरू प्रायः मिनी स्कर्टमाथि असकोट लगाउँछन्। त्यस्तै हाफ पाइन्टमाथि पनि असकोट पहिरिन्छन् युवतीहरू। डिजाइनर बटन र रंगबिरंगी कपडामा तयार पारिएको असकोट युवतीहरूको रोजाइमा पर्छ। उनीहरूको असकोट ब्याकलेस हुन्छ। ग्ल्यामरस देखिन केही युवतीले असकोटभित्र खुल्ला टिर्सट पनि लगाउँछन्।

स्टाइलिस्ट तयारी असकोट पनि पाइन्छन्। फेसन हाउस, बुटिक तथा फेन्सी पसलहरूमा पारखीहरूलाई आकर्षित गर्न डमीहरूमा असकोटहरू सजाएर राखिएको पाइन्छ। आइब्लु फेसन हाउस चिप्लेढुङ्गाका विशाल तुलाचन भन्छन्- 'अहिले स्टाइलिस्ट असकोट खोज्दै आउनेहरू धेरै छन्।' असकोटको प्रचलन बढेपछि कलेज पढ्ने युवायुवतीहरूले यसलाई युनिफर्मका रूपमा लगाउन थालेको देखिन्छ। युवाहरू प्रायः 'भी सेप' को असकोटमा देखिन्छन्। पोखरा जिन्स फिटिङ सेन्टरका विक्कू नवाङलाई अहिले जिन्सको स्टाइलसँगै असकोटको माग पूरा गर्न धौधौ परेको छ। युवा हुन् वा युवती, अहिले स्टाइलिस्ट असकोटका लागि नै आउँछन्, उनले साप्ताहिकसँग भने- 'पछिल्लो समयमा असकोटले बजार पिटेको छ।'

स्टाइल त भयो नै, असकोटले व्यक्तित्वमा पनि भद्रता प्रदान गर्छ। असकोटले शिष्ट र सभ्य देखाउँछ तर अधिकांश युवायुवती असकोटलाई यो अर्थमा लगाउँदैनन्। उनीहरूले केवल नयाँ स्टाइलका रूपमा असकोटलाई लिने गरेका छन्। गर्मी वा जाडो जुनसुकै मौसममा पनि सजिलै लगाउन सकिन्छ असकोट। कतिपय कार्यालयले आफ्ना कर्मचारीहरूलाई असकोटसहितको युनिफर्म बनाउन थालेका छन्। पोखराकै ठूलो फेसन सेन्टर आईईसीले अध्ययनरत विद्यार्थीहरूका असकोट अनिवार्य गर्ने तयारी गरिरहेको छ। सेन्टरकी सञ्चालिका बबिता अधिकारी भन्छिन्- 'अहिले जमाना नै असकोट स्टाइलको भएपछि हामीले पनि त्यसैलाई आत्मसात् गरेका हौं।'

–शिव शर्मा



# इतिहास रचिएको १० क्षण































१. **पहिलो विकेट** : पहिलो ओभरको अन्तिम बलमा इमरान खेरिया डक बोल्ड आउट। २. **दोस्रो विकेट** : २ दशमलव १ ओभरमा आफ्नो चौथो बल सामना गर्ने क्रममा नादिर करिम डक बोल्ड। ३. **तेस्रो विकेट** : ५ औं ओभरको ८ औं बल सामना गर्ने क्रममा मोहम्मद सिनाद एलबीडब्लु हुँदै डक आउट। ४. **चौथो विकेट** : ६ दशमलव १ ओभरमा आफ्नो पहिलो बल सामना गर्ने क्रममा जइनिल गुलाम एलबीडब्लु हुँदै डक आउट। ५. **पाँचौं विकेट** : ६ औं ओभरको ५ औं बल सामना गर्दै जयस कोरोभा एलबीडब्लु हुँदै डक आउट। ६. **छैटौं विकेट** : १० दशमलव २ ओभरमा आफ्नो लागि छैटौं बल सामना गर्ने क्रममा कमार क्वादिर एलबीडब्लु हुँदै डक आउट। ७. **सातौं विकेट** : १३ औं ओभरको पहिलो बलमा ४१ बल सामना गर्दै ९ रन बनाएका सइद साह महेस क्षेत्रीको क्याचमा। ८. **आठौं विकेट** : १४ औं ओभरको पहिलो बल सामना गर्ने क्रममा चन्द्रशेखर पुष्पुसेन बोल्ड डक आउट। ९. **नवौं विकेट** : १४ दशमलव ३ ओभरमा मोहमेद आसिफ कोलिया बोल्ड डक आउट। १०. **दसौं विकेट** : १४ दशमलव ५ ओभरमा आफ्नो दोस्रो बल सामना गर्ने क्रममा इम्तियाज सफिकभाइ लिली बोल्ड डक आउट।

# रियल हिरो

**पृष्ठ १ बाट जारी**

बारेमा उनका पिता नसिर अहमद भन्छन्- 'मेरो छोराको सफलतामा फोनमा बधाई सुनेर र राजविराजवासीहरू हाम्रो टोलमा भेला भै हर्षोल्लास मनाएर रात बितायौं।' आलम परिवारसहित टोलबासीहरू अन्तिम नतिजा नआउन्जेल आइतबार कान्तिपुर टेलिभिजनमा स्कोर हेरिरहेका थिए। 'नेपालको जितसँगै मेहबुबले कीर्तिमान दस विकेट लिएपछि बाहिर निस्केर चिच्याउन थाल्यौं,' -मेहबुबका भाइ मेहताबले साप्ताहिकलाई बताए।

मोजाम्बिकविरुद्धको यो खेलमा मेहबुबले अन्तर्राष्ट्रिय क्रिकेटमै अर्को कीर्तिमान खडा गर्दै विपक्षीलाई सबैभन्दा न्यून स्कोर १९ रनमा मोजाम्बिकलाई सीमित पार्न सफल भए। यसअघि क्रिकेटमा सबैभन्दा न्यून स्कोर २६ रनमा न्युजिल्यान्ड (सन् १९५५ को अकल्यान्ड टेस्टमा) समेटिएको थियो।

'मेरो विश्वास लाग्छ भने क्रिकेट नखेल्नु'- मेहबुब आलमले तीन वर्षअघि सञ्चारमाध्यममा भनेका यी वाक्यले नेपाली क्रिकेटमा हलचल नै ल्याएको थियो। भर्खरै बामे सरिरहेको नेपाली क्रिकेटमा व्यावसायिकताको अभाव झेलेका मेहबुबले क्रिकेटमा कहिल्यै नफर्कने घोषणा पनि गरेका थिए। त्यतिबेला मुलुकका सबैभन्दा सफल अलराउन्डर मेहबुबको विष्फोटक ब्याटिङ र धारिलो बलिङ अब पिचमा हेर्न नपाइने अनुमान गरिएको थियो। नभन्दै उनी 'सेट्को क्लब'मा अनुबन्ध भै मासिक ३० हजार रुपैयाँ तलबमा काम गर्दै क्रिकेट खेल्न कतार हान्निएका थिए। क्रिकेट खेल्न कहिल्यै नेपाल नफर्कने घोषणा उनले गरेका थिए, तर मुलुकको माया त्यसै मर्दो रहेनछ, देशका लागि नखेल्ने घोषणा गरेका मेहबुब कतार पुगेको ४० दिनमै एसीसी ट्रफी खेल्न स्वदेश फर्किए। 'देशका निम्ति खेल्न पाउनुजस्तो गर्व क्लब क्रिकेटमा हुँदो रहेनछ,' -त्यसबेला उनले भनेका थिए।

बाल्यकाल र किशोरावस्थामा अध्ययनभन्दा क्रिकेटलाई बढी जोड दिएकोमा अभिभावकबाट गाली र पिटाइ खानु मेहबुबको दैनिकी थियो। क्रिकेट नखेल्नु भनेर पिटेकोमा मेहबुबकी आमा सायरा बानो तथा पिता नसिर अहिले पश्चात्ताप गर्छन्। नसिरले टेलिफोनमा भने- 'क्रिकेटमा लागेर छोरो बिग्रिएको भन्ठानेको थिएँ, अहिले देशकै प्यारो छोरो पो भयो।' छोराको सफलतामा पूरै नेपाली खुसी भएको यो बेलामा गर्वित आलम परिवार अहिले फुरुंग छ। आलम परिवारका सदस्य जहाँ गए पनि सबैले मेहबुबकै कीर्तिमानको कुरा गर्छन्। 'मलाई भने उहिले क्रिकेट खेल्दा बेकारमा पिटेजस्तो भैरहेको छ'- हिन्दी लवजमा आमा सायराले बताइन्। आलम दम्पतीले अब छोरालाई स्वास्थ्य र उमेरले सकेसम्म खेल्न प्रेरित गर्ने बताए। मेहबुबको परिवारमा एक भाइ, एक बहिनी र बुवा-आमा छन्। स्थानीय विद्यालयका शिक्षक नसिरले परिवारको गुजारा चलाउन टेलरिङ सेन्टर पनि चलाइरहेका छन्।

कलिलै उमेरदेखि क्रिकेटमा एकाग्र भएकाले मेहबुबलाई पहिलोपल्ट जिल्लाको टिममा राखेका सप्तरीका प्रशिक्षक राजकुमार दास भन्छन्- 'आफ्ना साथीहरूभन्दा उत्कृष्ट खेलाडी बन्ने कला सिक्न उनी खप्पिस छन्।' सन् १९९९ को युवा विश्वकपदेखि नै मेहबुब अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाली टिमका महत्त्वपूर्ण सदस्य हुन्। ३ वर्षअघि २ दिवसीय क्रिकेट खेल्न हङकङ जाने टिममा नपरेका मेहबुबले त्यसबाहेक नेपाल सहभागी सबै अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छन्। बलरका रूपमा राष्ट्रिय टिममा प्रवेश गरेका मेहबुब नेपालका सबैभन्दा सफल अलराउन्डर हुन्। प्रारम्भिक बलिङ र ब्याटिङ गर्ने उनी एक मात्र नेपाली क्रिकेटर हुन्।

नेपालको घरेलु तथा नेपालले खेलेका अन्तर्राष्ट्रिय क्रिकेटमा मेहबुबको नाममा धेरै कीर्तिमान बनिसकेका छन्। ३ वर्षअघि क्षेत्रीय क्रिकेट प्रतियोगितामा सप्तरीबाट खेल्दै उनले ४० ओभरको खेलमै कीर्तिमान २ सय ५६ रन बनाएका थिए, जुन नेपालको घरेलु क्रिकेटमा कुनै पनि ब्याट्सम्यानले एउटै इनिङमा बनाएको सर्वाधिक रन हो। उदयपुरविरुद्धको उक्त खेलमा १ सय २६ बलको सामना गर्दै उनले उक्त कीर्तिमान कायम गरेका थिए। राष्ट्रिय क्रिकेटमा पनि सर्वाधिक ८ विकेट लिएको सर्वोत्कृष्ट बलिङ कीर्तिमान उनकै नाममा छ। अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालका निम्ति सर्वाधिक विकेट लिने खेलाडी पनि उनी नै हुन्। सन् २००५ मा मलेसियाविरुद्ध १ सय ८ रनको उनको शतकीय इनिङ अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालका लागि सबैभन्दा राम्रो ब्याटिङ हो। जर्सीमा मोजाम्बिकको सबै विकेट लिनुअघि नेपालका निम्ति अन्तर्राष्ट्रिय क्रिकेटमा सर्वोत्कृष्ट प्रदर्शन पनि मेहबुबकै नाममा थियो। उनले पाँच वर्षअघि माल्दिभ्सविरुद्ध ८ विकेट लिएका थिए।

जर्सी प्रस्थान गर्नुअघिसम्मको तथ्याङ्कमा मेहबुबले तीन पटक म्यान अफ द सिरिज, २ पटक बेस्ट बलर तथा १४ पटक म्यान अफ द म्याचको पुरस्कार पाएका थिए। क्यानले सन् २००३ र २००४ मा उनलाई प्लेयर अफ द इयरको सम्मान दिएको थियो। मेहबुबसँगै युवा विश्वकप र आईसीसी ट्रफी खेलेका पूर्व राष्ट्रिय खेलाडी किरण अग्रवाल भन्छन्- 'क्रिकेटमा नयाँ स्वाद दिन चाहने मेहबुब सधैं नयाँ प्रविधि सिक्न र प्रयोग गर्न खोजिरहेका हुन्छन्।' पाकिस्तानी क्रिकेट टिमका फ्यान मेहबुबका आदर्श खेलाडी पाकिस्तानकै वसिम अक्रम हुन्।

# नेपाल अन्तिम चरणमा

मनोज घिमिरे

नेपाली फुटबलले लामो समयपछि सफलता पाएको छ। कम्बोडियामा सम्पन्न एफएफसी च्यालेन्ज कपको छनौट चरणमा आफ्ना दुवै प्रतिद्वन्द्वीलाई पराजित गर्दै नेपालले अन्तिम चरणमा प्रवेश पाएको हो। पहिलो खेलमा मकाउलाई ३-२ ले पराजित गरेको नेपालले दोस्रो खेलमा कम्बोडियालाई १-० ले हराएको थियो। अन्तिम चरणको यात्रामा नेपालको भाग्यमा कम्बोडियाको दुर्भाग्यसमेत समावेश थियो।

समील नासाको प्रहार बिममा लागेर फर्किएपछि सो बल लोकबन्धु गुरुङको खुट्टामा पुगेको थियो। सोही बल उनले सन्दीप राईलाई दिए र सन्दीपको चतुऱ्याइँपूर्ण लामो पासमा जुमानुले गोल गरे। यसअघि पहिलो खेलमा पनि जुमानु राईको दुई गोल र सन्दीप राईको १ गोलमा नेपालले विजय हात पारेको थियो। विजयसहित नेपालले हैदरावादमा हुने अन्तिम चरणमा सहभागिताको अवसर पाएको छ। अन्तिम चरणमा छनौट भएका बाबजुद नेपाली फुटबललाई कायापलट गर्ने योजनामा रहेका जर्मन प्रशिक्षक



थोमस फ्लजको लक्ष्यमुताबिक नेपालले सहज विजय भने हात पार्न सकेन। तथापि अन्तिम चरणको खेलअघि नै उनले नेपालका कमजोरीहरू हटाउने मौका पाएका छन्।

युवा र अनुभवी खेलाडीको सम्मिश्रण गराउने सोचका साथ विराज महर्जन, सन्दीप राई र नीराजन खड्कालाई टिममा समावेश गराएका फ्लोले संन्यास लिइसक्ेका अनन्त थापाको संन्यास फिर्ता गराउँदै राष्ट्रिय टिममा स्थान दिएका थिए। फ्लोजको विश्वासमुताबिक थापाले धारिलो खेल प्रदर्शन गर्न सकेनन्। दोस्रो खेलमा पाँचौं मिडफिल्डरका रूपमा पहिलो रोजाइमा मौका पाएका थापाले एकपटक गोलको सहज अवसर पनि गुमाएका थिए। उनलाई पछि नीराजन खड्काले प्रतिस्थापन गरेका थिए। उता, एन्फा एकेडेमीको दोस्रो ब्याजका प्रतिभाशाली दुई खेलाडी नीराजन खड्का र सन्दीप रायले भने प्रशिक्षकको विश्वासलाई सार्थक तुल्याए।

आसन्न साफ च्याम्पियनसिपलाई ध्यानमा राख्दै नेपालले अभ्यास खेललाई निरन्तरता दिने भएको छ। च्यालेन्ज कपको छनौटअघि थाइल्यान्डको भ्रमणमा रहेको नेपाली टिम कम्बोडियाको सफलतापछि फेरि थाइल्यान्ड जाने भएको छ। यसअघि थाइल्यान्डको राष्ट्रिय टिमसँग नेपाल ७-० ले पराजित गरेको थियो। थाइल्यान्डमै नेपालले दोस्रो डिभिजन क्लब बैंकक ग्लाससँग पनि प्रतिस्पर्धा गरेको थियो। कम्बोडियाको खेलपछि भने नेपालले थाइल्यान्डमा चार दिन बिताउनेछ। मे ३१ मा थाइल्यान्डबाट श्रीलंका जाने नेपाली टिम त्यही अभ्यास खेल खेलेर साफ च्याम्पियनसिप खेल्न माल्दिभ्स जानेछ।

**तीन खेलाडी बाहिर :** कम्बोडियाको यात्रामा समावेश तीन जना खेलाडी साफ च्याम्पियनसिप खेल्न माल्दिभ्स पुग्नेछैनन्। थाइल्यान्डमा अभ्यास खेलका दौरान घाइते भएका प्रदीप महर्जनले थाइल्यान्डको बैंककमै बसेर उपचार गराउने भएका छन्। उनी ६ महिनाका लागि फुटबलबाट टाढा भएका छन्।

मकाउसँगको खेलमा पहिलो रोजाइका गोलरक्षक किरण चेम्जोंग अनुहारमा चोट लागेपछि कम्बोडियाबाटै घर फर्कने भएका छन्। यसै गरी दीपक भूषाल टिमबाट हटाइएका छन्। बाँकी रहेका २० खेलाडी भने साफ च्याम्पियनसिपका लागि टोलीमा यथावत् छन्।




## छैठौं युरो

छैठौं युरोपियन फुटबल च्याम्पियनसिप इटालीले आयोजित गऱ्यो। सन् १९८० मा सम्पन्न यो प्रतियोगिता ११ देखि २२ जूनसम्म सञ्चालन भएको थियो। प्रतियोगितामा केही नियम परिवर्तन गरिएको थियो। युरो फुटबल प्रतियोगितामा चार राष्ट्रले मात्र फाइनलमा खेल्ने गरेकोमा यसपटकदेखि आठवटा टिमलाई फाइनलमा पुऱ्याइयो। इटालीका चार सहरमा आयोजित प्रतियोगितालाई दुई समूहमा विभाजन गरिएको थियो। लिगका आधारमा सञ्चालन गरिएको फाइनल चरणको खेलमा समूह पहिलो हुने टिम फाइनलमा पुग्थ्यो भने समूह दोस्रो हुने तेस्रो स्थानका लागि छनौट हुन्थ्यो। पाँचौं युरो फुटबलको फाइनलमा तत्कालीन चेकोस्लोभाकियाद्वारा पराजित भएको तत्कालीन पश्चिम जर्मनीले समूह 'ए' बाट फाइनलमा स्थान सुरक्षित गऱ्यो भने समूह 'बी' बाट बेल्जियमले आयोजक इटालीलाई पछि पार्दै फाइनलमा आफ्नो स्थान सुरक्षित गऱ्यो। रोममा भएको फाइनलमा तत्कालीन पश्चिम जर्मनीले बेल्जियमलाई १ का विरुद्ध २ गोलले पराजित गर्दै दोस्रो पटक युरो फुटबल प्रतियोगिताको उपाधि हात पाऱ्यो। तेस्रो स्थानका लागि भएको खेलमा तत्कालीन चेकोस्लोभाकिया र इटालीले १/१ गोलको बराबरीमा खेल समाप्त गरेका थिए। निर्णयका लागि गरिएको पेनाल्टी सुट आउटमा चेकोस्लोभाकियाले इटालीलाई ८ का विरुद्ध ९ गोलले पराजित गरेको थियो। यो प्रतियोगितामा सर्वाधिक ३ गोल पश्चिम जर्मनीका क्लाउज एलोफले गरेका थिए।

## सातौं युरो

फ्रान्सले सन् १९८४ मा सातौं युरोपियन फुटबल च्याम्पियनसिप आयोजित गऱ्यो। यसअघिका युरो फुटबल प्रतियोगितामा आयोजकले छनौट प्रतियोगिता खेल्नुपर्ने हुन्थ्यो, तर यो प्रतियोगितादेखि आयोजक स्वतः फाइनल चरणमा छनौट हुने प्रावधान राखियो। जसअनुसार ७ वटा राष्ट्र छनौट प्रतियोगिता खेलेर आए। फाइनलमा पुगेका ८ राष्ट्रलाई दुई समूहमा विभाजन गरेर लिगका आधारमा प्रतिस्पर्धा गराइयो। जसमा समूह 'ए' बाट आयोजक फ्रान्स र डेनमार्क सेमिफाइनलका लागि छनौट भए भने समूह 'बी' बाट स्पेन र पोर्चुगल छनौट भए। पहिलो सेमिफाइनलमा फ्रान्सले पोर्चुगललाई अतिरिक्त समयमा २ का विरुद्ध ३ गोलले पराजित गर्दै फाइनलमा आफ्नो स्थान सुरक्षित गऱ्यो भने अर्को सेमिफाइनलमा निर्धारित समयको खेल १/१ गोलले बराबर भएपछि पेनाल्टी सुटआउटका आधारमा गरिएको निर्णयमा स्पेनले डेनमार्कलाई ४ का विरुद्ध ५ गोलले पराजित गऱ्यो। तेस्रो स्थानको खेल हटाइएको यो प्रतियोगिताको फाइनल पेरिसमा जून २७ तारिखमा सम्पन्न भएको थियो। जसमा आयोजक फ्रान्सले स्पेनलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्दै पहिलो पटक युरो फुटबलको उपाधि हात पाऱ्यो। यो प्रतियोगितामा फ्रान्सको नेतृत्व सम्हालेका माइकल प्लाटिनीले ५ खेलमार्फत सर्वाधिक ९ गोल गरेका थिए।

## आठौं युरो

दुई पटक (१९७२ र १९८०) युरो कप फुटबल प्रतियोगितामा विजय हासिल गरेको तत्कालीन पश्चिम जर्मनीले सन् १९८८ मा आठौं युरोपियन फुटबल च्याम्पियनसिपको आयोजना गऱ्यो। जुन १० देखि २५ सम्म भएको फाइनल चरणका प्रतिस्पर्धा पश्चिम जर्मनीका आठवटा सहरमा भएका थिए। दुई समूहमा विभाजन गरिएको यो प्रतियोगितामा समूह 'ए' बाट आयोजक पश्चिम जर्मनीले समूह पहिलो हुँदै र इटालीले दोस्रो स्थान हात पारेर सेमिफाइनलमा प्रवेश गऱ्यो। यसैगरी समूह 'बी' बाट तत्कालीन सोभियत संघले पहिलो र नेदरल्यान्डले दोस्रो स्थान हात पारी सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरे। पहिलो सेमिफाइनलमा नेदरल्यान्डले आश्चर्यजनक नतिजा निकाल्दै आयोजक पश्चिम जर्मनीलाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो भने अर्को सेमिफाइनल खेलमा सोभियत संघले इटालीलाई शून्यका विरुद्ध २ गोलले पराजित गऱ्यो। म्युनिखमा जून २५ तारिखमा भएको फाइनल खेलमा नेदरल्यान्डले पहिलो युरो कप विजेता सोभियत संघलाई शून्यका विरुद्ध दुई गोलले पराजित गरी पहिलो पटक युरोपियन फुटबल च्याम्पियनसिपको उपाधि हात पाऱ्यो। युरोपियन फुटबल प्रतियोगिता प्रारम्भ भएदेखि फाइनल चरणका कुनै पनि खेल अतिरिक्त समयमा पुगेर निर्णय गर्नुपर्ने परम्परा यसपटक तोडियो। फाइनल चरणका सबै खेलको निर्णय निर्धारित समयमै भयो। यो प्रतियोगितामा नेदरल्यान्डका मार्को भ्यान बास्टनले सर्वाधिक ५ गोल गरेका थिए।

## नवौं युरो

नवौं युरोपियन फुटबल च्याम्पियनसिप सन् १९९२ मा स्वीडेनले आयोजित गऱ्यो। युरोपको राजनीतिमा आएको परिवर्तनका कारण प्रतियोगितामा पनि यसको प्रभाव पऱ्यो। नवौं युरोमा छनौट भएपछि सोभियत संघ विभाजित भयो। जसका कारण सोभियत संघ १५ राष्ट्रको समूह बनाई 'कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट' का रूपमा सहभागी भयो। नवौं युरोको फाइनलमा युगोस्लाभिया पनि छनौट भयो, तर युगोस्लाभियामा जारी युद्धका कारण अन्तिम समयमा उसले प्रतियोगिताबाट हात झिक्यो र उक्त स्थानमा सोही समूहमा दोस्रो भएको डेनमार्कले खेल्न पायो। एकीकरणपछि जर्मनी पनि पहिलो पटक युरोको मैदानमा उत्रियो। आयोजक सोझै फाइनल चरणमा प्रवेश पाउने नियमअनुसार स्वीडेन पहिलो पटक युरोको फाइनलमा प्रस्तुत भयो भने स्कटल्यान्ड पनि पहिलो पटक युरो कपको फाइनलमा प्रवेश गऱ्यो। स्वीडेनका तारवटा रंगशालामा सम्पन्न यो प्रतियोगिताको समूह 'ए' बाट आयोजक स्वीडेनले डेनमार्कलाई पछाडि धकेल्दै शीर्ष स्थान हात पाऱ्यो। यसैगरी समूह 'बी' बाट पूर्वविजेता नेदरल्यान्ड र जर्मनी सेमिफाइनलमा प्रवेश गरे। पहिलो सेमिफाइनलमा जर्मनीले आयोजक स्वीडेनलाई २ का विरुद्ध ३ गोलले पराजित गऱ्यो भने अर्को सेमिफाइनलमा डेनमार्क र नेदरल्यान्डबीचको खेल निर्धारित समयमा २-२ गोलको बराबरी भएपछि गरिएको पेनाल्टी सुटआउटमा डेनमार्कले नेदरल्यान्डलाई ४ का विरुद्ध ५ गोलले पराजित गऱ्यो। स्वीडेनको गोथेनबर्गमा भएको फाइनल खेलमा आश्चर्यजनक रूपमा डेनमार्कले जर्मनीलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्दै पहिलो पटक उपाधि हात पाऱ्यो। यो प्रतियोगितामा डेनमार्कका हेनरिक लार्सन, जर्मनीका कार्लहेन्ज रेडिल, नेदरल्यान्डका डेनिस बर्गक्याम्प तथा स्वीडेनका टोमस ब्रोलिनले सर्वाधिक ३/३ गोल गरेका थिए।

# गोरखालीको पक्षमा

प्रदीप मेयाङ्बो

धरान- बेलायत सरकारले आफ्नो रक्षाका लागि प्रयोग गरेका गोरखाली सैनिकहरूलाई तलब सुविधा र पेन्सनमा विभेद गरेको थाहा पाएपछि गोरखालीको पक्षमा निःशुल्क रूपमा कानुनी लडाइँ लड्न लन्डनका आठ वरिष्ठ मानवाधिकारवादी र कानुन व्यवसायीहरू तयार भएका छन् । एक दशकदेखि पूर्व ब्रिटिस गोरखा सैनिकहरू बेलायत सरकारविरुद्ध आन्दोलनमा उत्रिएको विषयलाई नजिकैबाट नियालिरहेका ती कानुन व्यवसायी र मानवाधिकारवादीहरूले गोरखालीको योगदानलाई उच्च कदर गर्दै कानुनी लडाइँ लड्न तयार भएको बताए ।

गोरखा भूतपूर्व सैनिक संघ केन्द्रीय समितिद्वारा धरानमा आयोजित जानकारी सभामा लन्डनका वरिष्ठ मानवाधिकारवादी तथा कानुन व्यवसायी मार्टिन होवेले भने– 'बेलायत सरकारले गोरखालीमाथि गरेको असमान व्यवहार देखेर हामी लज्जित भएका छौं । बेलायतका लागि उनीहरूले दिएको बलिदानीपूर्ण योगदानको कदर गर्दै न्याय दिलाउन लाग्नेछौं ।' उनले बेलायतअन्तर्गत कमन वेल्थका ५२ राष्ट्रबाट भर्ती भएका सैनिकमध्ये नेपालबाट गएका गोरखालीलाई चरम भेदभाव गरेको बताए । दिमाग र मन दुवै संवेदनशील बनाएर गोरखालीको पक्षमा लडिदिने भएकाले वास्तविक तथ्य बुझ्न आफ्नै खर्चमा नेपाल आएको पनि होवेले बताए ।

आफ्नो सरकारले गोरखालीलाई विभेद गरेको विषयमा बेलायती जनताले भर्खरैदेखि मात्र मिडिया, पत्रपत्रिकाबाट थाहा पाउन थालेकोलाई समेत होवेले बताए । उनले पछिल्लो समयमा १९ प्रतिशत पेन्सन वृद्धि भए पनि गोरखालीका विधवाहरूलाई पेन्सनको सुविधा दिनुपर्ने कुरा अन्यौलमा राखेकाले सो विरुद्ध पनि मुद्दा दायर गर्ने बताए । विधवाको पेन्सन निकै महत्त्वपूर्ण विषय भएकाले थप खोज-अनुसन्धान गरेर बेलायती रक्षा मन्त्रलयमा जानकारी दिने र मुद्दा दायर गर्ने उनले बताए । नेपालमा पूर्व ब्रिटिस सैनिकका विधवा पत्नीहरूको संख्या ७ हजारभन्दा बढी छ । गोरखालीको पक्षमा अहिले बेलायती जनता, कानुन व्यवसायी र मिडिया पनि खुलेर लाग्न थालेकाले ढिलो-चाँडो सत्यको पक्षमा परिणाम निस्कने दावी गर्दै होवेले भने– 'बेलायत सरकारका लागि युद्ध लड्ने गोरखालीले बेलायत जान आवासीय भिसा माग्दा काडमाडौंको बेलायती राजदूतावासले नदिएर आफ्नै रक्षक गोरखालीका विरुद्ध घटिया व्यवहार प्रदर्शन गरेको थाहा पाउँदा अझ दुःख लाग्यो ।'

उनीसँगै आएका अर्का कानुन व्यवसायी कैरन अरावोकेले गोरखालीलाई पछिल्लो समयमा बैंकबाट पेन्सन लिन बाध्य बनाइएको विषयमा आपत्ति प्रकट गरे । उनले भने– 'सैनिक भर्ती गर्न सोध्ने सरकारले पेन्सन दिने बेलामा बैंकबाट दिऊँ कि नदिऊँ भनेर एकपटक नसोधी आफूखुसी नियम बनाएर गोरखालीलाई झन् दुःख दिएको रहेछ ।' अपाङ्गता भोग्न बाध्य धेरै पूर्व गोरखा सैनिकहरू, लेखपढ गर्न नसक्नेहरू, वृद्ध सैनिक र विधवाहरूलाई बैंकबाट पेन्सन लिन समस्या भएको पनि नेपाल आएपछि मात्र थाहा भएको अरावोकेले बताए । उनले बेलायत सरकारको यस्तो मनोमानीविरुद्ध पनि मुद्दा दायर गर्ने बताए । गोरखा भूतपूर्व सैनिक संघ गेसोका सभापति पदम गुरुङ, संघका पूर्व केन्द्रीय सदस्य रामनारायण कन्दङ्वा तथा सुनसरी सभापति गजेन्द्र इस्वोले उक्त जानकारी सभामा गोरखालीको गुन बिर्सने बेलायती सरकारविरुद्धको मुद्दा जितको नजिक पुगेको बताए ।

# म्यानहन्टका लागि रिकेश



सुन्दर र आकर्षक देखिने चाहना हरेक व्यक्तिमा हुन्छ । सुन्दर देखिने होडमा पुरुषवर्ग पनि पछाडि छैन । पुरुष सुन्दरता मापन गर्ने कार्यमा अन्तर्राष्ट्रिय स्तरमा म्यानहन्ट इन्टरनेसनल प्रतियोगिता हुने गरेको छ । यो प्रतियोगितामा नेपालका तर्फबाट प्रतिनिधित्व गर्न यसपटक रिकेशराज श्रेष्ठ यसै साता दक्षिण कोरियाको सिउल प्रस्थान गरेका छन् । म्यान हन्ट इन्टरनेसनलका लागि नेपालको आधिकारिक संस्था ग्रूप अफ इभेन्ट इन्टरटेनर्स (जीईई) ले रिकेशलाई उक्त प्रतियोगिताका लागि छनौट गरेको हो ।

आगामी जून २ तारिकमा सम्पन्न हुने म्यान हन्ट इन्टरनेसनलमा नेपालसहित ५० राष्ट्रको सहभागिता रहनेछ । मिस्टर एन्ड मिस बाग्मती प्रतियोगिताको प्रतिस्पर्धी रहिसकेका ६ फिट अग्ला रिकेशलाई एल.जी.को टेली तथा पेपर विज्ञापनमा पनि देख्न सकिन्छ । डल्लुनिवासी २४ वर्षीय रिकेश फ्रेन्च भाषामा पनि उत्तिकै दखल राख्छन् । यसअघि सन् २००५ मा सुहृद ज्योति र २००७ मा चन्दन अग्रवालले म्यान हन्ट इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गरेका थिए । सोही प्रतिस्पर्धामा चन्दन अग्रवालले मिस्टर पर्सनालिटीको एवार्ड हात पारी सौन्दर्य प्रतिस्पर्धामार्फत् नेपालको गौरव बढाएका थिए ।



# नदीकिनारमा जम्यो डान्सपार्टी

बुटवल– होटल र रेस्टुराँ हलमा मात्र हुने डान्सपार्टीमा रमाउँदै आएका बुटवलका डान्स पारखीहरूले सोमबार बिल्कुलै फरक आनन्द महसुस गर्ने अवसर पाए । सो क्राफ्ट इन्टरनेसनल, बुटवलले यसअघिको परम्परालाई तोड्दै बुटवलबाट ८ किलोमिटर उत्तर तिनाउ नदी किनारमा स्थित रिभरसाइड रिसोर्ट परिसरमा डान्सपार्टी आयोजना गरेर यस्तो अवसर जुटाइदिएको हो । चारैतिर हरियाली भएको रमणीय ठाउँमा साँझ ५ बजे प्रारम्भ भएको पार्टीमा बुटवलका चर्चित डीजे वसन्त श्रेष्ठले युवा रोजाइका नेपाली, हिन्दी र अंग्रेजी गरी दुई दर्जनभन्दा बढी गीत बजाएर सहभागीहरूलाई नचाएका थिए । जेठको चर्को गर्मीले बुटवलमा उकुसमुकुस भएकाहरू तिनाउको चिसो हावा खाँदै संगीतको तालमा उन्मुक्त भएर नाच्न पाउँदा बिछट्टै आनन्द र शीतलता महसुस गरिरहेका थिए ।

झन्डै ४ घण्टा चलेको पार्टीको मध्यान्तरतिर सिमसिम पानी परेपछि सहभागिता पातलो भए पनि केही युवायुवती भने पानीको वास्तै नगरी राति नौ बजेसम्म नाचिरहेका थिए । पार्टीमा सरिक सुरज र कल्पना एक स्वरमा भन्दै थिए- 'एकदमै आनन्द आयो, बिल्कुलै फरक महसुस भयो, आयोजकहरूले यस्तै नयापन दिनुपर्छ ।' पहिलो पटक नयाँ ठाउमा पार्टी आयोजना गरेका शो क्राफ्ट इन्टरनेसनलका बिरेन श्रेष्ठले पार्टीको सफलताबाट उत्साहित हुँदै भने- 'अहिलेको जेनेरेसनले हरेक चीजमा नयाँपन र फरक खोज्ने हुँदा खुला ठाउँ रोजेको हुँ ।'

**–टोपराज शर्मा**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया,** निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया,** सम्पादक : **सुवास ढकाल ।**